सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ पुस २०८२, सोमबार (5 Jan 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

देशभर १०,९६७ मतदानस्थल

३६ सय ८० अतिसंवेदनशील

४४ सय ४२ संवेदनशील र २८ सय ४५ सामान्य



टेकराज थामी/नयाँ पत्रिका

देशभर निर्धारण गरिएका १० हजार ९६७ मतदानस्थलमध्ये ३६ सय ८० मतदानस्थल अतिसंवेदनशील छन्। ती अधिकांश तराईका जिल्लाका छन्। त्यस्तै, ४४ सय ४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन्। बाँकी २८ सय ४५ मतदानस्थल भने सामान्य अवस्थाका छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अबिनारायण काफ्लेले भने, 'मुलुकभर १० हजार ९६७ मतदानस्थल रहनेछन्। सबैको सुरक्षा विश्लेषण भएको छ। त्यसमध्ये तीन हजार ६८० अतिसंवेदनशील, चार हजार ४४२ संवेदनशील र दुई हजार ८४५ सामान्य अवस्थाका छन्।' निर्धारण गरिएका मतदानस्थलमा मतदान केन्द्र भने २३ हजार ११२ रहनेछन्।

१६५ क्षेत्रमै आयोगले खटायो निर्वाचन अधिकृत

गृहले अतिसंवेदनशील मतदानस्थलमा १०, संवेदनशीलमा नौ र सामान्यमा आठ निर्वाचन प्रहरी तथा सबैमा तीन-तीन नेपाल प्रहरी खटिनेछन्। यो संख्या ०७९ को निर्वाचनको भन्दा धेरै हो। त्यतिबेला अतिसंवेदनशीलमा नौ, संवेदनशीलमा आठ र सामान्यमा सात निर्वाचन प्रहरी खटाइएको थियो। सुरक्षा चुनौती बढी रहेको निष्कर्षका आधारमा यो वर्ष निर्वाचन प्रहरीको संख्या बढाउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ।

यसपालि एकभन्दा बढी मतदान केन्द्र रहेका मतदानस्थलमा प्रतिमतदान केन्द्र थप चार प्रहरी (तीन निर्वाचन प्रहरीसहित) खटाइनेछन्। कतिपय मतदानस्थलमा एउटा मात्रै मतदान केन्द्र छ भने कतिपयमा दुईदेखि तीनवटासम्म केन्द्र छन्।

यसरी प्रहरी परिचालन बढाउनुपर्ने भएपछि यो वर्ष अघिल्लो निर्वाचनको तुलनामा धेरै निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो। नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी भर्नाका लागि स्वीकृति पाएको छ भने सशस्त्रले १५ हजार ११० निर्वाचन प्रहरी भर्ना गर्नेछ।

मागेभन्दा ४०% कम बजेट

निर्वाचन प्रयोजनार्थ गृह मन्त्रालयलाई अर्थ मन्त्रालयले १० अर्ब ३९ करोड ३४ लाख ७९ हजार ७५० रुपैयाँ बजेट स्वीकृत गरेको छ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निर्वाचन सुरक्षामा कुन शीर्षकमा कति बजेट ?

नेपाल प्रहरी

१ अर्ब ५४ करोड ३३ लाख ९८ हजार ७५०

पोसाक	रु. ३७,५०,०००/-
पानी बिजुली	रु. ९३,७५,०००/-
सञ्चार	रु. ३१,२५,०००/-
इन्धन	रु. ११,८७,८७,५००/-
सवारी मर्मत	रु. ६,२५,००,०००/-
मेसिनरी औजार मर्मत	रु. २१,००,०००/-
मसलन्द	रु. १,५९,३७,५००/-
इन्धन (अन्य)	रु. ८०,५०,०००/-
अनुमगन	रु. ५८,१२,५००/-
भ्रमण खर्च	रु. ९२,७४,६५,०००/-
विविध खर्च	रु. ९,२७,४६,२५०/-
औषधि खरिद	रु. ६२,५०,०००/-
सवारीसाधन भाडा	रु. २८,७५,००,०००/-

■ निर्वाचन प्रहरी

७ अर्ब १३ करोड २५ लाख ८९ हजार

सशस्त्र

६५ करोड २५ लाख ३४ हजार

पानी तथा बिजुली	रु. ५०,००,०००/-
सञ्चार	रु. १५,००,०००/-
पोसाक	रु. १२,५०,०००/-
इन्धन	रु. ८,०६,४६,०००/-
सवारीसाधन मर्मत	रु. २,००,००,०००/-
मसलन्द	रु. ५०,००,०००/-
अनुमगन	रु. २८,८८,०००/-
भ्रमण खर्च	रु. ३१,५०,००,०००/-
विविध खर्च	रु. ४,००,००,०००/-
औषधि	रु. ३१,२५,०००/-
सवारी भाडा	रु. १७,८१,२५,०००/-

■ निर्वाचन प्रहरी

८० करोड ८४ लाख ५३ हजार

गुप्तचर

५ करोड ८५ लाख ६५ हजार

इन्धन	रु. ४९,६९,०००/-
भत्ता	रु. २,२६,३५,०००/-
सवारीसाधन मर्मत	रु. २२,९५,०००/-
अनुमगन	रु. ८,६३,०००/-
विविध	रु. ८५,००,०००/-
भ्रमण	रु. १,४२,७४,०००/-
सवारी भाडा	रु. १५,४७,०००/-
मसलन्द	रु. २२,५२,०००/-
सञ्चार	रु. १२,३०,०००/-

गृह

१६ करोड ७१ लाख ४० हजार

अन्य भत्ता	रु. १५,००,००,०००/-
बैठक भत्ता	रु. ३२,००,०००/-
सञ्चार शुल्क	रु. ९,४०,०००/-
इन्धन	रु. ३०,००,०००/-
विविध	रु. १,००,००,०००/-

जिल्ला प्रशासन कार्यालयहरू

३ करोड ८ लाख

इन्धन	रु. २८,८७,५००/-
अनुगमन	रु. ४८,१२,५००/-
मसलन्द	रु. ७७,००,०००/-
विविध	रु. ७७,००,०००/-
सवारी मर्मत	रु. ७७,००,०००/-

दलहरू कसरी चयन गर्दै छन् प्रत्यक्षतर्फका उम्मेदवार ?

आन्तरिक मतदान वा सर्वसम्मत निर्णयबाट प्रत्यक्ष उम्मेदवार सिफारिस

प्रत्यक्षतर्फको उम्मेदवार छनोटमा उमेर समूह बनेन औपचारिक मापदण्ड

■ कांग्रेस

व्यक्तिको लोकप्रियता, योगदान, क्षमता र जिते सम्भावनासँगै सामाजिक छवि पनि उम्मेदवार छनोटको मापदण्ड। एउटा निर्वाचन क्षेत्रबाट न्यूनतम तीनदेखि अधिकतम ३५-४० जनासम्मको नाम केन्द्रमा सिफारिस।

■ एमाले

पार्टीको नीति र सिद्धान्तप्रति प्रतिबद्ध, अनुशासित, जनपक्षीय, योग्यता, क्षमता र योगदान उम्मेदवार छनोटको मापदण्ड। २० पुसमा जिल्लाले प्रदेश र २४ पुसमा प्रदेशले केन्द्रमा नाम पठाइसक्न सर्कुलर। एक महिलासहित तीनजनाको नाम प्राथमिकता क्रममा सिफारिस।

■ नेपाली कम्युनिस्ट पार्टी

अधिकांश जिल्लाबाट प्रत्यक्ष उम्मेदवारको नाम सिफारिस, एक महिलासहित सम्भव भएसम्म जेन-जी उमेर समूहका योग्य उम्मेदवारलाई पनि समेट्न सर्कुलर। पार्टी एकताको भावना समेट्ने गरी केन्द्रमा आएका नामबाट टुंगो लगाउने।

■ रास्वपा

२२ पुससम्म आवेदन लिने आन्तरिक समयसीमा। पार्टीमा जोडिएका बालेन शाह र कुलमान घिसिङको प्रस्तावलाई समेत ध्यान दिएर प्रत्यक्षतर्फका उम्मेदवार छनोट गरिने।

■ राप्रपा

अधिकांश निर्वाचन क्षेत्रबाट प्रत्यक्ष उम्मेदवारको नाम समानुपातिकसँगै केन्द्रमा सिफारिस। बाँकी जिल्लाबाट नाम आएपछि संसदीय समितिको बैठक बसेर उम्मेदवार टुंग्याउने तयारी।

■ जसपा नेपाल र लोसपा

एकताको निर्णय गरेका जसपा नेपाल र लोसपाले संयुक्त समानुपातिक सूची बुझाए पनि प्रत्यक्षतर्फको उम्मेदवार छनोट प्रक्रियामा बल्ल छलफल थालेका छन्। सबै मधेशकेन्द्रित दलहरू एक भएर चुनावमा जाने विषयमा पनि छलफल चलिरहेको छ। चुनावमा जाने निर्वाचन चिह्न पनि टुंगो लागिसकेको छैन।

■ शीर्ष नेता को-कहाँबाट एकल सिफारिस ?



कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालको नाम एकल सिफारिस भएको छ। देउवाको डडेल्धुरा, ओलीको झापा ५, प्रचण्डको कालीकोट र नेपालको रौतहट २ बाट एकल सिफारिस छ। रास्वपा अध्यक्ष रवि लामिछानेको भने चुनाव लड्ने-नलड्ने टुंगो लागेको छैन। अन्य साना दलका प्रमुख नेताहरूको नाम भने सिफारिस हुन बाँकी छ। प्रत्यक्षतर्फका उम्मेदवारका लागि निर्वाचन आयोगले ६ माघको बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकेको छ। ९ माघमा आयोगले उम्मेदवारहरूको अन्तिम सूची प्रकाशित गर्ने तथा त्यही दिन उम्मेदवारलाई निर्वाचन चिह्न दिने कार्यतालिका छ।

नयाँ अनुहारलाई टिकट दिँदा राम्रो सन्देश जान्छ

● **कृष्ण पोखरेल**, राजनीतिशास्त्रका प्राध्यापक



दलहरूले लोकप्रियता र जिते सम्भावनाको कुरा गरे पनि व्यवहारमा पार्टीभित्र जसको पकड छ, उसैले टिकट पाउने अवस्था बढी देखिन्छ। उमेर समूह प्रत्यक्षतर्फको औपचारिक मापदण्ड हुन सक्दैन, तर जेन-जी आन्दोलनमा देखिएको भावना ख्याल गरेर सम्भावनायुक्त र दीर्घकालीन राजनीतिक क्षमता भएका नयाँ अनुहारलाई अवसर दिनु उपयुक्त हुन्छ। सम्बन्धित क्षेत्रको जनघनत्व, पटक-पटक अवसर पाएकाभन्दा नयाँलाई प्राथमिकता र स्थानीय कार्यकर्ताको भावनाको प्रतिनिधित्व हुने गरी लोकतान्त्रिक विधिबाट उम्मेदवार छनोट गर्दा दलप्रति जनविश्वास बढ्न सक्छ। एउटै मापदण्डभन्दा पनि बहुमापदण्डका आधारमा निर्णय गर्नु आजको आवश्यकता देखिन्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

समानुपातिक उम्मेदवार मनोनयनसँगै २१ फागुनमै प्रतिनिधिसभा निर्वाचन हुने माहोल बनेपछि प्रमुख राजनीतिक दलहरू १६५ वटै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फका उम्मेदवार छनोट प्रक्रियामा जुटेका छन्। चुनावको मिति आउन अब दुई महिना मात्रै बाँकी रहेकाले उपलब्ध हुने सीमित प्रचार अवधिलाई ध्यान दिँदै दलहरू प्रत्यक्षतर्फका उम्मेदवार टुंग्याउने प्रक्रियामा लागेका हुन्।

जेन-जी आन्दोलनपछि विकसित राजनीतिक शक्ति सन्तुलन र तलैसम्म पुगेको नयाँ-पुराना दल भन्ने प्रचारबिच दलहरूले निर्वाचन जित्न सक्ने व्यक्तिहरूमाथि

» पृष्ठ २ मा क्रमशः

एकै दिन ओलीसँग दुई आयोगका बयान

मानव अधिकार आयोगको कार्यालयमै पुगे, जाँचबुझ आयोगलाई घरमै बोलाए

२३ भदौको आन्दोलनमा दमन गर्न आफूले निर्देशन नदिएको ओलीको दाबी





● **विज्ञानराज शर्मा**
प्रवक्ता, जाँचबुझ आयोग

केपी ओलीसँग उहाँको घरमै बयान भएको छ। बयानको काम अब लगभग सकिएको छ। अब हामी विश्लेषण र प्रतिवेदन लेखनमा लाग्छौं, समयभित्रै प्रतिवेदन बुझाउने गरी अघि बढेका छौं।

नयाँ पत्रिका

एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी ओलीले अन्ततः जेन-जी आन्दोलनमा भएको दमन र विध्वंसको छानबिन गर्न गठित जाँचबुझ आयोगलाई बयान दिएका छन्। आयोगको संवैधानिक हैसियत र निष्पक्षतामाथि प्रश्न उठाउँदै बयान नदिने सार्वजनिक घोषणा गर्दै आएका

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभा चुनावअघि ओली-प्रचण्डबिच गठबन्धनकेन्द्रित भेटवार्ता

काठमाडौं/ १८ सिटका लागि हुन लागेको राष्ट्रिय सभा निर्वाचनको पूर्वसन्ध्यामा दुई ठुला कम्युनिस्ट दलका शीर्ष नेताले सम्भावित गठबन्धनकेन्द्रित छलफल गरेका छन्। आइतबार एमाले अध्यक्ष केपी ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डबिच तत्काल राष्ट्रिय सभा र

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभा निर्वाचनमा सर्वदलीय सहमतिको खोजीमा कांग्रेस

कांग्रेस नेता विमलेन्द्र निधिले भने, 'एमाले, नेपाली कम्युनिस्ट पार्टी र मधेशी मोर्चा सबैसँग वार्ता भइरहेको छ। चारवटै पक्षबाट सहमति गरेर जाने भन्ने सैद्धान्तिक सहमति बनेको छ।'



■ कांग्रेस संस्थापनको निष्कर्ष

विशेष महाधिवेशन बोलाए विधानविपरीत

विशेष महाधिवेशन बोलाए महामन्त्रीहरूमाथि अनुशासनको कारबाही हुन सक्ने संस्थापन पक्षको अप्रत्यक्ष चेतावनी

थापा-शर्मा पक्ष भन्छ- **विशेष महाधिवेशन रोकिन्न**

प्रेम गौतम/नयाँ पत्रिका



कांग्रेस संस्थापन पक्षले पार्टी विधानअनुसार विशेष महाधिवेशन माग गर्न सकिने व्यवस्था भए पनि त्यसको प्रक्रिया, कार्यकाल र कार्यविधि स्पष्ट नभएकाले तत्काल हुन नसक्ने ठहर गर्दै महामन्त्रीले बोलाए विधानविपरीत हुने निष्कर्ष निकालेको छ। सभापति शेरबहादुर देउवाको निवासमा भएको देउवापक्षीय पदाधिकारी र पूर्वपदाधिकारीको छलफलले केन्द्रीय कार्यसमिति बैठकले नियमित महाधिवेशनको निर्णय गरेकाले विशेष महाधिवेशनको औचित्य समाप्त भएको निष्कर्ष निकालेको हो।

बैठकपछि जारी विज्ञप्तिमा विधानका विभिन्न धाराको व्याख्या गर्दै विशेष महाधिवेशनको माग कानुनी र व्यावहारिक दुवै हिसाबले उचित नभएको दाबी छ। महामन्त्रीद्वयले केन्द्रीय कार्यसमितिको सर्वसम्मत निर्णय स्थगित गरेको विषय पनि विधानविपरीत भएको बैठकको निष्कर्ष छ। विशेष महाधिवेशन बोलाए महामन्त्रीहरूमाथि अनुशासनको कारबाही हुन सक्ने संस्थापन पक्षको अप्रत्यक्ष चेतावनी छ। जबकि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन विधानअनुसार हुने

» पृष्ठ २ मा क्रमशः



१५औं महाधिवेशन वैशाखमा सार्ने कार्यसम्पादन समिति बैठकको निर्णयमा असहमति जनाएका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्ष पुसभित्रै विशेष महाधिवेशन गर्ने अडान र गृहकार्यमा छ। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको माग केन्द्रीय कार्यसमितिले स्वीकार गरेर विशेष महाधिवेशन बोलाउनुपर्ने अन्यथा विधानतः केन्द्रको तर्फबाट आफूहरूले विशेष अधिवेशन आह्वान गर्ने महामन्त्रीद्वयको तयारी छ। स्रोतका अनुसार थापा र शर्माले नेतृत्वलाई दुई दिनको समय दिएका छन्। त्यसबिचमा विशेष महाधिवेशनबारे निर्णय नभए महामन्त्रीले नै विशेष महाधिवेशनको आह्वान गर्ने तयारी छ। त्यस्तो अवस्थामा कार्यविधि विशेष महाधिवेशनले नै बनाउने तथा खाने-बस्ने व्यवस्था आयोजकले व्यहोर्ने गरी तयारी भइरहेको छ।

थापानिकट केन्द्रीय सदस्य प्रतिमा गौतमले अगाडि बढेको विशेष महाधिवेशन प्रक्रिया नरोकिने बताइन्। 'विशेष महाधिवेशन अघि बढ्यो, अब यो रोकिन्न। यसलाई केन्द्रीय समितिले स्वीकारेर जान सक्छ। यस्तो अवस्थामा सबैको जित हुन्छ। विधानतः विशेष महाधिवेशन स्विकार्नैपर्छ। ४० प्रतिशत प्रतिनिधिले विधानको धारा १७ (२) अनुसार लिखित माग गरेपछि इच्छाले स्विकार्ने/नस्विकार्ने भन्ने हुँदैन,' उनले भनिन्। केन्द्रीय कार्यसमिति र सम्पादन समितिको बहुमतको निर्णय भन्नेहरूले महाधिवेशन प्रतिनिधिको बहुमतको विषय भुल्न नहुने उनले बताइन्। १४औं महाधिवेशनको प्रतिनिधि नै विशेष महाधिवेशनको प्रतिनिधि हुने भएकाले विशेष महाधिवेशनका लागि धेरै समय नलाग्ने उनको भनाइ छ।

राष्ट्रिय सभा...

पृष्ठ १ बाट क्रमशः

फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा सहकार्य गर्न सकिने-नसकिने विषयमा छलफल भएको हो । ११ माघका लागि तोकिएको राष्ट्रिय सभा निर्वाचनका लागि २३ पुस (बुधबार) मा उम्मेदवारी मनोनयन गर्ने कार्यतालिका छ ।

ललितपुरको च्यासलनाजिक एक व्यवसायीको निजी निवासमा उनीहरूबिच आधा घण्टा एक्लाएक्लै छलफल भएको छ । २३-२४ भदौको जेन-जी आन्दोलनपछि दुई नेताबिच भएको सम्भवतः यो नै पहिलो अलग्गै प्रत्यक्ष भेटवार्ता भएको हो । यद्यपि, यसअघि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको छलफलमा उनीहरू आमने-सामने भएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीले नयाँ र पुराना दलको नाममा नयाँ भाष्य खडा गरेर चुनावी मोर्चाबाट चुनौती दिने गरी तयारी गरिरहेका वेला कांग्रेस, एमाले र नेकपाबिच सहकार्यका विकल्पमा पनि छलफल भइरहेका छन् । कांग्रेस, एमाले र नेकपा मिल्ने सम्भावनाको खोजीकै सिलसिलामा ओली-प्रचण्ड संवाद भएको ठुला पार्टीभित्र बुझाइ छ ।

'राष्ट्रिय सभाको निर्वाचनमा एकताबद्ध भएर लडौं भन्ने विषयमै केन्द्रित रहेर छलफल भएको हो, प्रतिनिधिसभाको निर्वाचनमा पनि मिल्न सकिने सम्भावनाका लागि प्रारम्भ राष्ट्रिय सभाबाट गरौं भन्ने आशयसहित नेताहरूबिच संवाद चलिरहेकै छ,' एमालेका निर्वतमान प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने, 'अहिले संविधान पक्षधर शक्तिहरू एक ठाउँमा उभिनुपर्छ भन्ने मान्यताकै आधारमा दुई अध्यक्षबिच छलफल चलेको हो, केही दिनपछि ठोस परिणाम दिन सक्छ ।'

ओली-प्रचण्ड भेटवार्ताअघि त्यही घरमा एमाले महासचिव शंकर पोखरेल र नेकपाका नेता वर्षमान पुनबिच पनि गत बिहीबार एक्लाएक्लै लामो वार्ता भएको थियो । त्यसअघि एमाले अध्यक्ष केपी ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई महाराजगन्जस्थित निवासमै पुगेर भेटवार्ता गरेका थिए । कांग्रेस-एमाले, एमाले-नेकपा र कांग्रेस-नेकपाका दोस्रो तहका नेताहरू नजिकिएको राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधिसभा निर्वाचनलाई लिएर संवादमै छन् ।

प्रचण्डको सचिवालयले आसन्न राष्ट्रिय सभा र प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी, चुनावी वातावरण निर्माण, सम्भावित सहकार्य तथा सरकारले चुनावको अनुकूल वातावरण बनाउन नसकेकोलगायतका विषयमा दुई अध्यक्षबिच समीक्षात्मक छलफल भएको जनाएको छ ।

यसैबीच कांग्रेसको संस्थापन पक्षले राष्ट्रिय सभामा सर्वदलीय सहमति खोज्ने सैद्धान्तिक सहमति गरेको छ ।

३६ सय ८०...

पृष्ठ १ बाट क्रमशः

जबकि गृहले १७ अर्ब २१ करोड ४१ लाख ४५ हजार बजेट मागेको थियो । प्रस्ताव गरेभन्दा स्वीकृत बजेट ३९.६२ प्रतिशतले कम हो । गृह स्रोतले भन्यो, 'हामीमातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग छन् । निर्वाचनमा खटिने मुख्यतः यिनै सुरक्षा संयन्त्र हुन् । यी सबैका लागि हामीले १७ अर्बभन्दा धेरै बजेट मागेका थियौं, करिब साढे १० अर्ब स्वीकृत भएर आएको छ । माग गरिएभन्दा ६ अर्ब ८२ करोड कम बजेट आएको छ ।'

विनियोजितमध्ये सबैभन्दा धेरै बजेट 'निर्वाचन (म्यादी) प्रहरी'का लागि खर्च हुनेछ । गृहका अनुसार एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी भर्ना हुनेछन् । जसमध्ये एक लाख ३३ हजार ९८० नेपाल प्रहरीले र १५ हजार ११० सशस्त्र प्रहरीले भर्ना गर्नेछ । यसका लागि सरकारले एकमुस्ट सात अर्ब ९४ करोड १० लाख ४२ हजार बजेट सुनिश्चित गरेको छ । यो बजेटमा सात अर्ब १३ करोड २५ लाख ८९ हजार नेपाल प्रहरीले र ८० करोड ८४ लाख ५३ हजार सशस्त्र प्रहरीले खर्च गर्नेछन् ।

विशेष महाधिवेशन...

पृष्ठ १ बाट क्रमशः

बताएका छन् । बैठकका अनुसार विधानको धारा १७ को उपधारा (२) मा विशेष महाधिवेशन माग गर्न सकिने उल्लेख भए पनि त्यसलाई कसरी आयोजना गर्ने, त्यसको अवधि कति हुने भन्ने विषयमा स्पष्ट व्यवस्था छैन । यस्तो अवस्थामा बाधा अड्काउ फुकाउन आवश्यक हुने र त्यसको अधिकार केन्द्रीय कार्यसमितिलाई मात्र रहेको विधानको धारा ७१ मा उल्लेख रहेको बताइएको छ ।

यस्तै, बैठकले २१ मंसिर ०८२ भित्र नियमित महाधिवेशन नभए विशेष महाधिवेशन बोलाउन दुई हजार ४८८ महाधिवेशन प्रतिनिधिले दिएको मागपत्रको कानुनी वैधतामाथि पनि प्रश्न उठाएको छ । १५ मंसिरमा केन्द्रीय कार्यसमितिले सर्वसम्मत रूपमा २६-२८ पुसमा १५औं महाधिवेशन गर्ने निर्णय गरिसकेकाले सोही मागपत्रको आधारमा विशेष महाधिवेशन हुनुपर्ने दाबी नमिल्ने बैठकको निष्कर्ष छ । विशेष महाधिवेशन नै मुख्य माग भए नयाँ मागपत्र पेस गर्नुपर्ने संस्थापन पक्षको दाबी छ ।

विशेष महाधिवेशनका आवेदकहरूले नेतृत्व परिवर्तन र केन्द्रीय कार्यसमितिको निर्वाचनको माग गरे पनि त्यसका लागि सम्बन्धित पद रिक्त हुनुपर्ने विधानको व्यवस्था रहेको बैठकले औंल्याएको छ । विधानको धारा २६ (२) अनुसार सभापतिले राजीनामा दिएपछि मात्र उपसभापतिले कार्यवाहक सभापतिको जिम्मेवारी लिने र ६ महिनाभित्र विशेष महाधिवेशनमार्फत सभापतिको निर्वाचन गर्न सकिने व्यवस्था छ । हाल सभापतिले कार्यवाहक दिएको भए पनि राजीनामा नदिएकाले सभापति तथा केन्द्रीय समितिका कुनै पनि पद रिक्त नरहेको तर्क संस्थापनको छ ।

यस्तै, बैठकले विशेष महाधिवेशन चारवर्षे पदावधिभित्रै हुनुपर्ने विधानको व्यवस्था रहेको निष्कर्ष निकालेको छ । हालको केन्द्रीय कार्यसमितिको म्याद मंसिर मसान्तमै सकिएको र म्याद थपिएको अवस्था रहेकाले केन्द्रीय समिति र प्रतिनिधि दुवै कामचलाउ अवस्थामा पुगेको संस्थापनको ठहर छ । यस्तो अवस्थामा उनीहरूको भूमिका प्रशासनिक काममा सीमित हुने दाबी छ ।

केन्द्रीय कार्यसमितिको सर्वसम्मत निर्णय महामन्त्रीले स्थगित गर्नु विधानविपरीत भएको निष्कर्ष बैठकको छ । विधानको धारा २७ (२) अनुसार महामन्त्रीको प्रमुख जिम्मेवारी केन्द्रीय महाधिवेशन, महासमिति, कार्यसमिति र कार्यसम्पादन समितिका निर्णय कार्यान्वयन गर्नु रहने, तर निर्णय स्थगित गर्ने अधिकार नरहेको तर्क बैठकको छ । महामन्त्रीले कार्यसम्पादन समितिका निर्णय कार्यान्वयनमा ध्यान केन्द्रित गर्नुपर्ने मत बैठकको छ ।

आइतबार दिउँसो आफूनै निवास महाराजगन्जमा आफूनिकट शीर्ष नेतासँगसँग देउवाले २१ फागुनको निर्वाचन र पार्टीको १५औं महाधिवेशनबारे छलफल गरेका थिए । बैठकको सुरुमै कार्यवाहक सभापति पूर्णबहादुर खड्काले देउवालाई केन्द्रीय कार्यसम्पादन समिति बैठकले आगामी वैशाख अन्तिममा १५औं महाधिवेशन गर्ने गरी गरेको निर्णयको ब्रिफिङ गरेका थिए । 'महामन्त्रीहरूसँग सल्लाह गरेर नै गत १५ मंसिरमा केन्द्रीय कार्यसमितिले सर्वसम्मत १५औं महाधिवेशनबारे निर्णय गरेको हो । महाधिवेशन प्रतिनिधिको लिखित निवेदनमा नियमित महाधिवेशन वा विशेष महाधिवेशन भनिएको थियो । सर्वसम्मतबाट केन्द्रीय कार्यसमितिले नियमित महाधिवेशनमा जाने निर्णय लियो,' खड्काको ब्रिफिङमा छ, 'त्यही मितिबाट विशेष महाधिवेशनको औचित्य समाप्त भएकाले केन्द्रीय कार्यसम्पादन समितिबाट १५औं महाधिवेशन २८-३१ वैशाखमा गर्ने निर्णय भएको छ । त्यसमा महामन्त्रीद्वयले असहमति राख्नुभएको छ ।'

एक पदाधिकारीका अनुसार बहुमतले नियमित महाधिवेशनको निर्णय भएकाले पार्टी निर्णयको पक्षमा लाग्न र विशेष महाधिवेशनको हल्लामा नलाग्न अपिल गर्ने खड्काले बताएका थिए । 'विशेष महाधिवेशन, अधिवेशन वा भेला बोलाउने अधिकार सभापति, उपसभापति, महामन्त्री वा कुनै पनि पदाधिकारीलाई छैन । त्यो अधिकार केन्द्रीय कार्यसमितिलाई मात्र छ । यदि, कसैले बोलायो भने त्यो अवैध हुन्छ,' खड्काले भनेका छन् ।

त्यसपछि सभापति देउवाले विशेष महाधिवेशनको औचित्य समाप्त भएको र निर्णय गरेपछि सम्पूर्ण नेता तथा कार्यकर्तालै मान्नुपर्ने धारणा राखेका छन् । 'केन्द्रीय कार्यसम्पादन समितिले गरेको निर्णय मेरो निर्णय हो । त्यसैअनुसार जानुस् । सम्पूर्ण शक्ति निर्वाचनमा केन्द्रित गर्नुपर्छ । अब विशेष महाधिवेशनको औचित्य छैन,' बैठकमा देउवाले राखेको धारणा उद्धृत गर्दै पूर्वउपसभापति विमलेन्द्र निधिले नयाँ पत्रिकासँग भने, 'बैठकको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी महामन्त्रीहरूको पनि हो । नियमित महाधिवेशन कार्यतालिका ल्याएपछि कार्यान्वयन गर्ने र विशेष महाधिवेशनको औचित्य छैन भनेर बुझाउने दायित्व महामन्त्रीहरूको पनि हो ।'

दलहरू कसरी...

पृष्ठ १ बाट क्रमशः

नजर लगाएका छन् । सबै दलले 'लोकप्रिय व्यक्तित्व र जित्ने सम्भावना'लाई नै छनोटको प्रमुख मापदण्ड बनाएका छन् । यद्यपि, हरेक पार्टीले विभिन्न मापदण्ड बनाएर उम्मेदवार सिफारिसका लागि तल्ला कमिटीहरूमा सर्कुलर पठाएका छन् ।

सबैजसो दलहरूले आन्तरिक मतदान वा सर्वसम्मत निर्णयबाट प्रत्यक्ष उम्मेदवार सिफारिस गरेका छन् । निर्वाचन आयोगको कार्यतालिकाअनुसार ६ माघमा प्रत्यक्षतर्फ उम्मेदवारी मनोनयन गर्ने समय तोकिएकाले दलहरूले त्यसअगावै आन्तरिक प्रक्रिया पूरा गरेर आधिकारिक मनोनयन दर्ता गराउनुपर्नेछ ।

ठुला दुई दल कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले १६५ वटै निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फ उठाउने उम्मेदवारको नाम सिफारिस गरिसकेका छन् । एमालेले बिहीबारदेखि निर्वाचन क्षेत्रस्तरबाट सिफारिस प्रक्रिया सुरु गरेको छ भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आन्तरिक आवेदन र प्राइमरी निर्वाचनमार्फत उम्मेदवार छनोट गरिरहेको छ ।

जेन-जी आन्दोलनका कारण युवापुस्ताको प्रतिनिधित्वबारे बहस चर्किए पनि प्रत्यक्षतर्फको उम्मेदवार छनोटमा उमेर समूह औपचारिक मापदण्ड बनाइएको छैन । पुराना दल मात्र होइन, नयाँ भनिएको रास्वपाले पनि समानुपातिकजस्तै प्रत्यक्षतर्फको छनोटमा उमेर समूहलाई प्राथमिक आधार बनाएको छैन । सबै दलको 'लोकप्रिय व्यक्तित्व र जित्ने सम्भावना' नै छनोटको मापदण्ड बनेको छ ।

कांग्रेसमा क्षेत्रबाट सफारिस भएका उम्मेदवारको नाम केन्द्रीय कार्यालयमा संकलन भइसकेको छ । नेकपाका उम्मेदवारको नाम प्रदेश तहमा आइपुगेको छ । एमाले र रास्वपाले उम्मेदवार छनोटमा मतदान प्रक्रिया खुला राखेका छन् । एमालेले क्षेत्रीय कमिटीमा सर्वसम्मति हुन नसके मतदानबाट निर्णय गर्न सर्कुलर गरेको छ । रास्वपाले प्राइमरी निर्वाचनबाट प्राप्त मतलाई ५० अंक भार दिएर उम्मेदवार छनोट गर्दै छ ।

कांग्रेसले समानुपातिक बन्दसूचीसँगै जिल्लाबाट प्रत्यक्षतर्फका उम्मेदवारको सूची पनि केन्द्रमा मगाइसकेको छ । २३ पुसमा राष्ट्रिय सभा निर्वाचनका लागि उम्मेदवारी मनोनयन सकिएपछि प्रत्यक्षतर्फका उम्मेदवार पनि अन्तिम टुंगो लगाउने तयारीमा कांग्रेस छ । '१६५ वटै निर्वाचन क्षेत्रबाट प्रत्यक्ष उम्मेदवारको नाम केन्द्रमा आइसकेको छ । २३ पुसमा राष्ट्रिय सभा उम्मेदवारी टुंगिएपछि प्रत्यक्षका उम्मेदवार पनि निर्णय गर्छौं,' कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने । उनका अनुसार समानुपातिक उम्मेदवारजस्तै प्रत्यक्ष उम्मेदवार पनि केन्द्रीय कार्यसम्पादन समितिको निर्णयपछि केन्द्रीय समितिबाट अनुमोदन गरिनेछ ।

कांग्रेसले यसपटक उम्मेदवार सिफारिस गर्दा व्यक्तिको लोकप्रियता, योगदान, क्षमता र जित्ने सम्भावनासँगै सामाजिक छविलाई पनि विशेष मापदण्ड बनाएको छ । एउटा निर्वाचन क्षेत्रबाट न्यूनतम तीनदेखि अधिकतम ३५-४० जनासम्मको नाम केन्द्रमा आएको छ ।

एमालेमा १३ पुसको केन्द्रीय सचिवालय बैठकको सर्कुलरअनुसार बिहीबारदेखि प्रत्यक्ष उम्मेदवार छनोट सुरु भएको छ । पार्टीको नीति र सिद्धान्तप्रति प्रतिबद्ध, अनुशासित, जनपक्षीय, योग्यता, क्षमता र योगदानजस्ता मापदण्डका आधारमा उम्मेदवार छनोट गर्ने एमालेको तयारी छ । २० पुसमा जिल्लाले प्रदेश र २४ पुसमा प्रदेशले केन्द्रमा नाम पठाइसक्न एमालेले सर्कुलर गरेको छ ।

सचिव पद्मा अर्यालका अनुसार एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाले एक महिलासहित तीनजनाको नाम प्राथमिकता क्रममा सिफारिस गर्न थालेका छन् । 'क्षेत्रबाट आएको नाम जिल्ला र प्रदेश हुँदै केन्द्रमा पुग्छ, अन्तिम निर्णय केन्द्रीय समितिले गर्छ,' अर्यालले भनिन् । सर्वसम्मति नहुँदा मतदानबाट निर्णय गर्न र विवाद कायम रहे सबै नाम केन्द्रमा पठाउन सर्कुलर गरिएको उनको भनाइ छ ।

एमालेका पूर्वप्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार प्रत्यक्षतर्फ उमेर समूहलाई मापदण्ड बनाउने अभ्यास नै छैन । 'जसको जित्ने सम्भावना छ, लोकप्रियता छ, त्यही आधारमा सिफारिस हुन्छ । सर्वसम्मति नभए लोकतान्त्रिक विधिबाट मतदान गरिन्छ, यही एमालेको अभ्यास हो,' उनले भने ।

नेकपाले पनि अधिकांश जिल्लाबाट प्रत्यक्ष उम्मेदवारको नाम सिफारिस गरिसकेको जनाएको छ । नेता देव गुरुङका अनुसार एक निर्वाचन क्षेत्रबाट चार-पाँचजनासम्मको नाम प्रदेशमा आइसकेको छ । नेकपाले एक महिलासहित सम्भव भएसम्म जेन-जी उमेर समूहका योग्य उम्मेदवारलाई पनि समेटन सर्कुलर गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) तत्कालीन माओवादी र नेकपा एस मिलेर बनेको, तर प्रदेश तथा जिल्ला तहमा एकता नभइसकेकाले संयुक्त बैठकमार्फत दुवैतर्फका नाम सिफारिस भएको छ । तत्कालीन दुवै पार्टीबाट समेटिएका नामलाई अध्यक्ष पुष्पकमल दाहालले सहअध्यक्ष माधवकुमार नेपालसँग सल्लाह गरेर निर्णय लिने नेताहरूको भनाइ छ । 'प्रारम्भिक नाम सुझावसहित आएपछि उपयुक्त समयमा केन्द्रले निर्णय गर्छ । एक महिला अनिवार्यसहित सकभर जेन-जी उमेर पुस्ता पनि समेटेर नाम पठाउन भनिएको छ,' नेता गुरुङले भने ।

रास्वपाले २१ मंसिरमै प्रत्यक्ष उम्मेदवारका लागि आवेदन आह्वान गरे पनि त्यसअनुसर करिब ७० प्रतिशत निर्वाचन क्षेत्रबाट मात्र आकांक्षी देखिएका छन् । महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार २२ पुससम्म आवेदन लिने आन्तरिक समयसीमा तोकिएको छ । संगठन कमजोर भएका क्षेत्रमा पार्टी केन्द्रले पहल गरेर उम्मेदवार खोज्ने तयारी पनि रास्वपाको छ ।

समानुपातिकको चर्को असन्तुष्टिसहित पार्टीमा जोडिएका उपसभापति कुलमान र काठमाडौंका मेयर बालेन्द्र शाहको प्रस्तावलाई समेत ध्यान दिएर मात्र प्रत्यक्षतर्फका उम्मेदवार छनोट गर्नुपर्ने बाध्यतामा रास्वपा छ । महामन्त्री बुर्लाकोटीले एकताको भावना सम्बोधन गर्ने गरी नेताहरूले उम्मेदवार छनोटमा ध्यान दिए बताए ।

राप्रपाले अधिकांश निर्वाचन क्षेत्रबाट प्रत्यक्ष उम्मेदवारको नाम समानुपातिकसँगै केन्द्रमा मगाइसकेको छ । प्रवक्ता मोहन श्रेष्ठका अनुसार बाँकी जिल्लाबाट नाम आएपछि संसदीय समितिको बैठक बसेर उम्मेदवार टुंग्याइनेछ ।

उता, पार्टी एकताको निर्णय गरेका उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र महन्थ ठाकुर नेतृत्वको लोसपाले संयुक्त समानुपातिक सूची बुझाए पनि प्रत्यक्षतर्फको उम्मेदवार छनोट प्रक्रियामा बल्ल छलफल थालेका छन् । सबै मधेशकेन्द्रित दलहरू एक भएर चुनावमा जाने विषयमा पछि छलफल चलिरहेको छ । 'जसपा नेपाल र लोसपाबिच कार्यदलस्तरमा छलफल जारी छ । मधेशी मोर्चाको बैठक पनि बसिरहेको छ । मधेशका मुद्दा स्थापित गर्न मिलेर निर्वाचन लड्नुको विकल्प छैन । तर, धेरै कुरा मिलाउन बाँकी छ । चुनाव चिह्न कुन भन्ने विषयमा पनि छलफल जारी छ,' जसपा नेपालका सचिव शैलेन्द्र साहले भने, 'निर्वाचन आयोगसँग पनि हामी छलफलमै छौं । एकीकरणमा गएपछि एउटै चुनाव चिह्न आयोगले दिन्छ । प्रत्यक्षतर्फका उम्मेदवारका विषयमा पनि छलफल थालेका छौं ।'

एकै दिन ओलीसँग...

पृष्ठ १ बाट क्रमशः

ओलीले आइतबार निवासमै पुगेको आयोग टोलीलाई बयान दिएका हुन् ।

आइतबार नै ओलीले राष्ट्रिय मानव अधिकार आयोगमा पनि बयान दिएका छन् । दुवै आयोगसँगको बयानमा ओलीले २३ भदौको आन्दोलनमा दमन गर्न आफूले निर्देशन नदिएको दाबी गरेका छन् । त्यसो त ओलीले सुरुदेखि नै जेन-जी आन्दोलनमा भएका घटनाको जिम्मेवारी लिन अस्वीकार गर्दै आएका छन् । जेन-जी आन्दोलनकै कारण ओली प्रधानमन्त्रीको पदबाट मुक्त भएका थिए ।

मानव अधिकार आयोगको कार्यालयमै पुगेका ओलीले जाँचबुझ आयोगको कार्यालय जान अस्वीकार गरी टोलीलाई घरमै बोलाएका थिए । जहाँ ओलीको लिखित र मौखिम बयान भएको जाँचबुझ आयोगका एक अधिकारीले बताए । 'उहाँले लिखित रूपमा आफ्नो धारणा पनि बुझाउनुभएको छ,' आयोगका एक अधिकारीले भने, 'मौखिक रूपमा पनि बयान रेकर्ड गरेर ल्याएका छौं, जुन उतारेर उहाँलाई पछि हस्ताक्षर गराउँछौं ।'

आयोगका प्रवक्ता विज्ञानराज शर्माले ओलीसँग उनको गुन्डुस्थित निवासमै गएर बयान लिइएको पुष्टि गरे । सुरुमा बयानै नदिने बताएका ओलीले पछिल्लोपटक भने 'आयोगका पदाधिकारी घरमा आए चिया खुवाएर पठाउने' अभिव्यक्ति दिएर बयानको औपचारिकता पूरा गर्न सकिने जनाउ दिएका थिए । सरकारले पनि 'निर्वाचन वातावरण बनाउन अप्ठ्यारा हटाउने' भन्दै ओलीलाई उनैअनुकूल बयान दिन आधार बनाइदिएको थियो ।

मानव अधिकार आयोगमा ओलीको करिब दुई घण्टा बयान भएको थियो । आयोगले सदस्य लिली थापाको नेतृत्वमा छानबिन समिति गठन गरी जेन-जी घटनाबारे छानबिन गरिरहेको छ । समितिले पनि करिब दुई सयभन्दा धेरैसँग बयान तथा सोधपुछ गरेको छ । पुस महिनाभित्रै प्रतिवेदन बुझाउने गरी काम भइरहेको आयोगकी सदस्य थापा बताउँछिन् ।

ओलीसँगको बयानसँगै जाँचबुझ आयोगले पनि अब प्रतिवेदन लेखनलाई अघि बढाउने भएको छ । 'बयानको काम लगभग सकिएको छ,' प्रवक्ता शर्मा भन्छन्, 'अब हामी विश्लेषण र प्रतिवेदन लेखनतर्फ लाग्छौं ।' आयोगको म्याद ९ माघसम्म छ । त्यही अवधिभित्र प्रतिवेदन बुझाउने गरी आयोगले काम गरिरहेको छ ।

गत २३ भदौमा जेन-जी पुस्ताले भ्रष्टाचारविरुद्ध गरेको प्रदर्शनमा चरम दमन भएको थियो । बानेश्वर क्षेत्रमा प्रहरीले घातक हतियारबाट भिडमाथि गोली चलाउँदा सोही दिन १७ जनाको ज्यान गएको थियो भने एक सयभन्दा धेरै घाइते भए । सो दमनविरुद्ध भोलिपल्टै देशैभरि आन्दोलन हुँदा ओली नेतृत्वको सरकार ढलेको थियो । ओलीलाई २४ भदौमा सेनाले प्रधानमन्त्रीनिवास बालुवाटारबाट हेलिकोप्टरमा उद्धार गरेको थियो । आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन गरी मध्यावधि चुनावलाई अघि बढाइएको छ । तर, आन्दोलनमा दमन गर्नेहरूमाथि अझै कारबाही हुन नसकेकोमा सहिद परिवार तथा जेन-जी अगुवाले आलोचना गर्दै आएका छन् ।

CHANDRAGIRI HILLS LIMITED
Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

१६औं वार्षिक साधारणसभाको सभा स्थान परिवर्तन सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२/०९/२१, सोमबार)

आदरणीय शेयरधनी महानुभावहरु,

यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८२/०८/२९ गते (तदनुसार १५ डिसेम्बर, २०२५) सोमबार दिनको ४.०० बजे बसेको ८५ औं संचालक समितिको बैठकबाट निर्णय भएबमोजिम कम्पनीको १६औं वार्षिक साधारणसभा २०८२ साल पौष २३ गते बुधबार (तदनुसार ७ जनवरी, २०२६) दिनको ११:०० बजे चन्द्रागिरि हिल्स लिमिटेड, बटम स्टेशन परिसर थानकोट, काठमाडौंमा हुने सूचना प्रकाशित गरिएकोमा विषेश कारणबस उक्त बटम स्टेशनको सट्टा टप स्टेशनमा रहेको फोर डि हलमा विहान ११:०० बजे हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनी सचिव

सर्टिफिकेट हरायो

मिति २०८२/९/१७ गते काठमाडौं बौद्ध स्तुपाबाट मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : Niraj Moktan Lama
Symbol no : 981917
Registration no : 672523078
Serial no : M0683502
Contact no : 9805039983

मोदी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

पातिचौर,पर्वत

गण्डकी प्रदेश,नेपाल

२०७३

ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आवाह्नको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०५/२१ गते

मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (५) वमोजिम चालु आ.व. २०८१/८२ का लागि तपशिल बमोजिमका नदिजन्य पदार्थ दुङ्गा, वालुवा, गिट्टी, रोडाको आय सङ्कलन ठेक्काको माध्यमवाट गर्नुपर्ने भएकोले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपसिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा बोलपत्र फारम खरिद बापत तोकिएको रकम (फिर्ता नहुने गरी) यस मोदी गाउँपालिकाको आन्तरिक राजस्व खाता नं ३२६०३०००००१००१०००००१ मा जम्मा गरि बोलपत्र फारम यस कार्यालयवाट खरिद गरि मु.अ. कर सहितको कूल कबोल रकमको ५ प्रतिशत (पाँच प्रतिशत) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड मोदी शाखामा रहेको खाता ३२६०३०००००३००१०००००१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैङ्क ग्यारेन्टी संलग्न राखी बोलपत्र पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

ठेक्का नं	वडा नं.	बगरको नाम	उत्खनन् हुने अधिकतम परिमाण, घ.मी.	न्यूनतम रकम (मु.अ.कर वाहेक) रु.	बोलपत्र दस्तुर	बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
01/Aaya/MRM/2082-083	६	रतिखोला (सिम्ले ताल)	९५०४।००	३०,१८,३५६।०५	३,०००।००	२०८२/१०/२० समय: ४:०० बजे सम्म	२०८२/१०/२१ समय: १२:०० बजे सम्म

शर्त तथा बन्देजहरु :

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र आवश्यक कागजातहरु फर्म दर्ता प्रमाण पत्र प्रतिलिपि, ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको ईजाजत पत्रको फोटोकपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि आ.व. ०८१/०८२ सम्म वा म्याद थपको प्रमाण पत्र सहित खामबन्दी गरि यस कार्यालयमा बोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशन भएको मितीले ३१ औ दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व कबोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्नेछ । ५० प्रतिशत रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त, वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको २०८३ असार मासान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने छ । उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०८२ फागुन मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

३. यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्रि शुल्क, रतिखोलामा मिती २०८३ जेष्ठ ३० गते सम्म उठाउन पाईने छ।

४. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरि निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

५. बोलपत्रका सम्वन्धमा थप केही बुझ्न परेमा कार्यालय समयमा राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ । साथै विस्तृत विवरण बोलपत्र फारम साथ उपलब्ध गराइनेछ ।

६. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक वाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, वालुवा, गिट्टी, रोडाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछ । नियमको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

७. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

८. बोलपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ । कार्यालयले आवश्यक ठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ । यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

बालेन रास्वपाको वरिष्ठ नेता

बालेन समूह, उज्यालो नेपाल र विवेकशील साझाबाट आएकालाई पदाधिकारी बाँडफाँट, थपिए ३३ केन्द्रीय सदस्य

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह बालेन नेतृत्व समूह र ऊर्जामन्त्री कुलमान घिसिङको उज्यालो नेपाल पार्टीलाई समेटेर पदाधिकारी बाँडफाँट गरेको छ। रास्वपा सभापति रवि लामिछाने, मेयर शाह र मन्त्री घिसिङबिच शनिबार भएको सहमतिअनुसार केन्द्रीय समिति बैठकले आइतबार सबै पक्षलाई समेटेर पद बाँडफाँट गरेको हो। बालेन सभापति रविपछिको वरीयतामा वरिष्ठ नेता रहनेछन्। उनको टिमबाट पूर्वाधार क्षेत्रका इन्जिनियर सुनील लम्साल महामन्त्री बन्ने छलफल चलिरहेको छ।

केन्द्रीय सदस्य असीम शाहका अनुसार केन्द्रीय समितिले पार्टी एकीकरण एवं विस्तारका क्रममा पार्टीले यसअघि गरेको सम्झौता कार्यान्वयनका लागि पार्टी विधान संशोधनमा समावेश हुने गरी उपसभापति, महामन्त्री, सहमहामन्त्री र सहप्रवक्ता पद थपेको छ। उपसभापतिमा कुलमान घिसिङ यसअघि नै मनोनीत हुने तय भइसकेको छ। महामन्त्री भने बालेनको समूहले पाउनेछ। सहमहामन्त्री र सहप्रवक्ता पद भने उज्यालो नेपालले पाउनेछ। उज्यालो नेपालका नेताहरूले यी पदमा कसलाई पठाउने भन्ने टुंगिनसकेको बताएका छन्।

उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुपकुमार उपाध्यायलाई रास्वपाको संघीय सल्लाहकार परिषद् अध्यक्षको जिम्मेवारी दिइएको छ। परिषद्मा यसअघि विवेकशील साझाबाट समायोजन भएकालाई जिम्मेवारी दिइसकिएको छ। केन्द्रको सल्लाहकार परिषद्ले नेतृत्वलाई सल्लाह दिने, नीतिगत, राजनीतिक विषयमा केन्द्रीय कमिटीलाई पनि मार्गदर्शन गर्ने काम गर्छ।

रास्वपा केन्द्रीय समिति बैठकले विवेकशील साझाको नेतृत्व तहमा रहेका सातजनालाई केन्द्रीय सदस्य मनोनीत गरेको छ। जसमा समीक्षा बास्कोटा, प्रकाशचन्द्र परियार, सुरज प्रधान, नवराज थापा, आशुतोष प्रधान, धनेज थापा र रञ्जु दर्शना मनोनीत भएको प्रवक्ता मनीष झाले बताए। केन्द्रीय सदस्य मनोनीत भएपछि विवेकशीलकी तत्कालीन अध्यक्ष बास्कोटाले बलियो पार्टी बनाउन लाग्ने बताइन्। 'अब वैकल्पिक राजनीतिको मूलधारको पार्टी बन्दै, जेन-जी आन्दोलनपछि भ्रष्टाचार बेथितिविरुद्ध आवाज उठाउँदै एकता प्रक्रियामा आएको, अहिले कुलमान, बालेन आइसके। यो वैकल्पिक केन्द्रमा अरू पनि आउनेछन्। हाम्रो सामूहिक प्रतिबद्धता यसलाई सुदृढ बनाएर कसरी जाने, सशक्त लोकतान्त्रिक बलियो पार्टी कसरी बनाउने भनेर लाग्नेछौं,' उनले भनिन्।



आइतबार मनोनीत भएका रास्वपाका केन्द्रीय सदस्यहरूलाई शपथ खुवाउँदै सभापति रवि लामिछाने

● **रवि लामिछाने**
सभापति, रास्वपा



जिम्मेवारी बाँडफाँट गरेका छौं। बालेन शाह अब रास्वपाको वरिष्ठ नेता हुनुभएको छ। पार्टीलाई विशाल बनाएका छौं। पार्टीका रूपमा रास्वपा फैलिँदो क्रममा गएको छ। मुलुकको आवश्यकताअनुसार नयाँ शक्तिहरू एक ठाउँमा आउनुपर्ने कुरामा हामीले लामो समयदेखि कुरा गर्दै आएका थियौं। निरन्तरता दिने क्रममा अगाडि बढाएका छौं। यसले एउटा नयाँ बाटोमा लैजान्छ। मुलुकलाई निकास दिन हामीले पार्टीबाट सुरु गरेका छौं।

बालेन समूहका २६ केन्द्रीय सदस्य



रास्वपाले बालेन समूह र जेन-जीका तर्फबाट २६ केन्द्रीय सदस्य मनोनीत गरेको छ। आइतबार साँझ बसेको केन्द्रीय समितिको दोस्रो बैठकले बालेनसहित २६ जनालाई केन्द्रीय सदस्य मनोनीत गर्ने निर्णय गरेको प्रवक्ता झाले बताए। 'बैठकले काठमाडौंका मेयर बालेनसहित २६ जनालाई केन्द्रीय समिति सदस्यका रूपमा अनुमोदन गरेको छ,' उनले भने। बालेनको टिमबाट सुनील लम्साल, भूपदेव शाह, सस्मित पोखरेल, लक्ष्मण थारू, रमेश पौडेल, सन्तोष गिरी, खगेन्द्र सुनार, डा. नमिता यादव, गणेश पौडेल, सरिता ज्ञवाली, सुशान्त वैदिक, लक्ष्मी बर्देवा, शिव यादव, रोहन कार्की, अनन्तराज घिमिरे, राजकुमार ढुंगाना, प्रदीप ज्ञवाली, जेम्स कार्की, मधुसूदन ढकाल, ओजश्वी थापा, केपी खनाल, आदित्य आचार्य, प्रदीप पाण्डे, खेमराज साउद छन्।

केन्द्रीय समितिमा उज्यालो नेपालका केन्द्रीय सदस्यहरूलाई पनि समेटिने तयारी छ। 'राम्रो मान्छे जति छन्, विधानले दिएसम्म ल्याउँ भन्ने छ। केन्द्रीय सदस्य ल्याउने कुरा दुवै पार्टीमा रहेकालाई छानेर ल्याउने भन्ने छ,' प्रवक्ता झाले भने। केन्द्रीय समिति बैठकले पार्टी एकता र पार्टी समायोजनलाई सहजीकरण र निष्कर्षमा पुऱ्याउन पार्टी महामन्त्री कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा पार्टी एकता समायोजन उपसमिति गठन गरेको छ। उपसमितिको सदस्यहरू पार्टी सचिवालयले मनोनयन गर्ने प्रवक्ता झाले बताए।

प्रत्यक्षतर्फ उम्मेदवार छान्न वाग्लेको संयोजकत्वमा उपसमिति

रास्वपाले प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवार छान्न उपसमिति गठन गरेको छ। चुनावमा योग्य उम्मेदवार छनोटको प्रत्याभूतिका लागि पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा उम्मेदवार सिफारिस उपसमिति गठन गरिएको प्रवक्ता झाले बताए। उनका अनुसार उपसमितिलाई योग्य उम्मेदवार एवं छनोट प्रक्रियासमेतको सिफारिस गर्ने जिम्मेवारी दिइएको छ। उपसमितिको सदस्यहरू पार्टी सचिवालयले मनोनयन गर्नेछ। ६ माघमा तोकिएको उम्मेदवारी दाखिलाको अघिल्लो दिनसम्म उपसमितिले उम्मेदवार टुंग्याउनेछ। रास्वपाले २१ मंसिरमै प्रत्यक्षतर्फ उम्मेदवारी दिन चाहनेलाई अनलाइन आवेदन दिन आह्वान गरिसकेको छ।

समानुपातिक त्रुटि सच्चिँदै

रास्वपाले समानुपातिक उम्मेदवार बन्दसूचीमा भएका त्रुटि सच्याउने क्रम चलिरहेको जनाएको छ। केन्द्रीय समिति बैठकमा बन्दसूची विवादमा परेको विषयमा विपिन आचार्य, विराजभक्त श्रेष्ठ, गणेश पराजुली, डिपी अर्याल र स्वर्णिम वाग्लेले स्पष्ट पारेका थिए। सचिवालय सदस्य पराजुलीका अनुसार बन्दसूचीको विवाद टुंगिसकेको छ। एक-दुई दिनमै संशोधित सूची आयोगमा बुझाउने तयारी छ। उनका अनुसार त्रिशला गुरुङ, सचिन ढकाल, डा. महेन्द्र लावती, आशिफ शाह, टासी ल्हाक्पा शेर्पालगायतले उम्मेदवारी फिर्ता लिइसकेका छन्। जुन टिमबाट नाम फिर्ता लिइएको हो, सोही टिमको सिफारिसका आधारमा बन्दसूचीमा नाम समावेश गरिनेछ। 'त्रुटि गर्ने छुट रास्वपालाई छैन। सच्याउने प्रतिबद्धता जाहेर गरेका छौं। व्यक्तिभन्दा विधिलाई प्राथमिकता दिन्छौं,' उनले भने।

समानुपातिक बन्दसूचीको विवादका सम्बन्धमा पराजुलीले रास्वपाभित्रै समानुपातिक आकांक्षी ३८३ जना रहेको र बालेन तथा कुलमान समूहबाट समायोजन गर्दा धेरै साथी छुट्न गएको र पछाडि पर्न गएको बताए। 'समानुपातिकका लागि ३८५ आवेदकबाट ११० छान्नुपर्ने थियो। त्यसमा पनि दुईवटा शक्तिलाई जोडेर उनीहरूलाई समावेश गर्दै गर्दा हाम्रा कैयौं साथीहरू पछि पर्नुपर्ने यो अवस्था सिर्जना भएको हो। सबै कुरालाई मध्यनजर गरेर हेर्नुपर्छ। एउटा मात्रै कारणले हेर्दा अन्याय हुन्छ। केही प्राविधिक त्रुटिहरू सच्याएर अगाडि जाने कुरा। सच्याउने क्रम चलिरहेको छ। आयोगमा बुझाएपछि संशोधित नयाँ बन्दसूची सार्वजनिक गर्छौं,' उनले भने।

पराजुलीले समानुपातिकका लागि प्राइमरी फ्याक्टर, लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्जिमिटी चरणहरू रहेको बताए। 'समानुपातिकका लागि ४१८ आवेदन परेको थियो। योग्य ३८५ लाई चयन गर्ने प्रक्रियामा ५० प्रतिशत मतभार प्राइमरी इलेक्सन, १० प्रतिशत प्रदेश तहबाट दिइने मतभार राखेका थियौं। बाँकी ४० अंक केन्द्रीय सचिवालयले कार्यसम्पादन मूल्यांकनका आधारमा नम्बर दिने हो,' उनले भने, 'प्राइमरी इलेक्सनमा सबैभन्दा धेरै मत ल्याएकै कारण बन्दसूचीमा परे भन्ने होइन। विधि-प्रक्रिया बुझ्नुपर्छ। सबै परिणामलाई सार्वजनिक गरिनेछ। बन्दसूचीमा भएका त्रुटि सच्याएर परिणाम सार्वजनिक गर्छौं।'

वैदेशिक सिपमूलक तालिमको विवादित ठेक्का स्थगित

कार्यकारी निर्देशकलाई कारबाहीको तयारी

नयाँ पत्रिका

वैदेशिक रोजगार बोर्डमार्फत हुन लागेको सिपमूलक तालिमसम्बन्धी विवादित ठेक्का स्थगित भएको छ। आइतबार बसेको बोर्ड बैठकले ठेक्का प्रक्रियालाई स्थगित गरी यससम्बन्धी थप छानबिन गर्ने निर्णय गरेको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीको अध्यक्षतामा बसेको बैठकले ठेक्का प्रक्रिया पारदर्शी नभएको भन्दै स्थगनको निर्णय गरेको हो। यसअघि मन्त्रालयको निर्देशनविपरीत बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीले तालिमको ठेक्का प्रक्रिया अघि बढाएका थिए। यसमा उनको दुराशय देखिएको भन्दै त्यस विषयमा समेत छानबिन हुने भएको छ।



वैदेशिक रोजगार बोर्डको मर्मविपरीत तालिमका नाममा कामदारबाट उठाइएको ठुलो रकम खर्च हुँदै आएको रहेछ, यो स्थगन गरिएको छ। बोर्डका पदाधिकारी र कर्मचारीको पनि यसमा दुराशय देखिएकाले त्यसमा कारबाही हुन्छ।

राजेन्द्रसिंह भण्डारी, श्रममन्त्री

'बोर्डको मर्मविपरीत तालिमका नाममा कामदारबाट उठाइएको ठुलो रकम खर्च हुँदै आएको रहेछ, यो स्थगन गरिएको छ,' मन्त्री भण्डारीले भने, 'बोर्डका पदाधिकारी र कर्मचारीको पनि यसमा दुराशय देखिएकाले त्यसमा कारबाही हुन्छ।' आइतबारको बोर्ड बैठकमा मन्त्री भण्डारीले कार्यकारी निर्देशकमाथि कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन्।

मन्त्रालय स्रोतका अनुसार हाललाई स्थगन भनिए पनि यससम्बन्धी कार्यक्रम संशोधन गरेर मात्र कार्यान्वयन गर्ने तयारी छ। वैदेशिक रोजगारीमा जाने कामदारबाट उनीहरूको हितका लागि भनेर उठाइने रकमबाट अपारदर्शी रूपमा ठेकदारमार्फत तालिम दिइँदै आइएको छ। जुन एकातर्फ पारदर्शी छैन भने अर्कोतर्फ लक्षित वर्गसम्म पुगे-नपुगेकोसमेत यकिन छैन। कामदारसँग उठाएको पैसा उनीहरूको हितमा मात्र प्रयोग गर्नुपर्ने मन्त्रालयको निचोड छ।

सो विषयमा यसअघि मन्त्रालयका उपसचिव गुरुदत्त सुवेदी नेतृत्वको छानबिन समितिले प्रतिवेदन बुझाउँदै तालिमको ढाँचा परिवर्तन गर्न भनेको थियो। केही सीमित तालिमप्रदायकलाई मात्र मिल्ने गरी ९० प्रतिशत प्राविधिकतर्फ अंकभार राखिएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत प्रश्न उठाएको थियो। तर, बोर्डका कार्यकारी निर्देशकले समितिको सिफारिस र मन्त्रालयको निर्देशन बेवास्ता गर्दै २५ करोड रुपैयाँको ठेक्का अघि बढाएका थिए। गत वर्ष पनि अपारदर्शी रूपमा बोर्डले तालिमका नाममा करिब ५० करोड खर्च गरेको थियो। त्यस विषयमा अख्तियारले छानबिन गरिरहेको छ। मन्त्रालयले पनि त्यसमा छानबिन गरी अख्तियारमा प्रतिवेदन पठाउने तयारी गरेको छ।

यस वर्ष कानुनविपरीत कार्यकारी निर्देशक उप्रेती आफैंले बजेट स्वीकृत गरी ठेक्का अघि बढाएका थिए। जुन विषयमा उनीमाथि कारबाही हुन लागेको हो। यसअघि पनि सरकारले उनलाई हटाएकोमा अदालतबाट अन्तरिम आदेश पाएर उनले पद जोगाएका थिए। वैदेशिक रोजगारीमा जाने कामदारको हितका लागि स्थापना गरिएको बोर्डमा उप्रेतीले मनमौजी खर्च गर्दै आएको विषयमा विभिन्न निकायमा उजुरी परेका छन्।

दुर्घटनामा आठको मृत्यु

मकवानपुर/ मकवानपुर र रोल्पामा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा आठजनाले ज्यान गुमाएका छन्। मकवानपुरको भीमफेदी गाउँपालिका- ६, जुरीखेतमा आइतबार साँझ भएको सुमो दुर्घटनामा ६ जनाले ज्यान गुमाएका छन्। ज्यान गुमाउनेमा एक महिला र पाँचजना पुरुष छन्। मकवानपुर प्रहरीका अनुसार उनीहरूको पहिचान खुलेको छैन। मकवानपुर प्रहरीका प्रवक्ता डिएसपी पुष्कर बोगटीले घटनामा गम्भीर तीनजना घाइतेको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ।

काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना.१ज १७७८ नम्बरको सुमो भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा आइतबार साँझ करिब ५:३० बजे सडकबाट करिब सय मिटर तल खसेको थियो। सुमोमा सवार नौजनालाई स्थानीयवासी र प्रहरीको सहयोगमा उद्धार गरी हेटौंडा अस्पताल ल्याइपुऱ्याइएको थियो। उद्धारपछि अस्पताल ल्याइएका एक महिला र पाँचजना पुरुषलाई चिकित्सकले मृत घोषणा गरेका हुन्। मृत्यकमध्ये दुईजनाको पहिचान खुलेको छ। हेटौडा-४ की सविता लम्साल र हेटौडा-२ का निखिल अग्रवालको पहिचान खुलेको प्रहरीले जनाएको छ।

यस्तै, रोल्पाको सुनछहरी गाउँपालिका- १, गामखोलामा आइतबार जिप दुर्घटना हुँदा दुई विद्यार्थीको मृत्यु भएको छ। नौजना घाइते भएका छन्। दुर्घटनामा परी सुनछहरी गाउँपालिका- ४, सिउरीका कक्षा ५ मा पढ्ने ११ वर्षीय सुनील विक र १२ वर्षकी कक्षा ७ मा अध्ययनरत दीपा पुनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।


गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड सकेर घर फर्किरहेको ग.१ज ६६६६ नम्बरको जिप शनिबार राति १० बजे अनियन्त्रित भई दुर्घटनामा परेको थियो। लुङ्ग्री गाउँपालिका- ७, हार्जङका २५ वर्षीय मनसुर घर्तीले चलाएको जिपमा सिउरीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा अध्ययनरत दुई शिक्षिकासहित ११ जना सवार थिए। घाइते सबैलाई तत्काल उद्धार गरी सुलीचौर प्राथमिक स्वास्थ्य चौकीमा लगिए पनि दुईजनालाई मृत घोषणा गरिएको थियो।

ठेकेदारसँगको मिलेमतोमा मेयर र प्रमुख प्रशासकीयले गरे सवा तीन करोड हिनामिना

सुवास भट्ट/नयाँ पत्रिका

नगरपालिकाको प्रशासकीय भवन निर्माणमा तीन करोड २७ लाख ७८ हजार रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यसमा संलग्न मेयर, प्रमुख प्रशासकीय अधिकृत र ठेकेदारसहित १४ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। बाजुराको बुढीगंगा नगरपालिकामा दुई वर्षअघि सम्पन्न प्रशासकीय भवन निर्माणमा भ्रष्टाचार भएको अख्तियारको दाबी छ।

ठेकेदारसँग मिलेमतो गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियारले नगरपालिकाका तत्कालीन नगर प्रमुख (मेयर) दीपकविक्रम शाहलाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ। मेयर शाहसहित नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रेमकाजी महर्जन, तत्कालीन निमित्त प्रमुख प्रशसकीय अधिकृत कल्पनाकुमारी ठकुल्ला, तत्कालीन अधिकृत नरेन्द्र नाथ, तत्कालीन इन्जिनियर पारस खाती र तत्कालीन सब-इन्जिनियर गणेशराज रेग्मीलाई जनही तीन करोड २७ लाख ७८ हजार १७७ रुपैयाँ बिगो कायम गरेर अख्तियारले मुद्दा दायर गरेको छ। त्यस्तै, नगरपालिकाकै तत्कालीन लेखापाल नवराज जोशी र खरिदार श्यामबहादुर खत्रीलाई संयुक्त रूपमा तीन करोड २७ लाख ७८ हजार रुपैयाँ बिगो अख्तियारले कायम गरेको छ। नगरपालिकाका तत्कालीन शिक्षा अधिकृत



मेयर
दीपकविक्रम शाह



प्रशासकीय अधिकृत
प्रेमकाजी महर्जन

जयराज न्यौपाने, असिस्टेन्ट सब-इन्जिनियर भीमराज गिरी, नायब प्राविधिक सहायक सिद्धराज जैसी र प्रशासन सहायक वसन्तबहादुर थापाउपर पनि तीन करोड २७ लाख ७८ हजार रुपैयाँको संयुक्त बिगो छ। ठेकेदार कम्पनी जागृति/एमके/नेपाल जेभी, त्यसका सञ्चालक पुष्कर रोकाया र कम्पनीका आधिकारिक प्रतिनिधि सुरतबहादुर साहविरुद्ध पनि तीन करोड २७ लाख ७८ हजार रुपैयाँ बिगो छ।

आर्थिक वर्ष ०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत प्रशासकीय भवन निर्माणमा तीन करोड रुपैयाँ बजेट विनियोजन भएको थियो। भवनका लागि परिमार्जित लागत अनुमान १२ करोड २४ लाख ८१ हजारसहितको बहुवर्षीय खरिद गुरुयोजना स्वीकृत गरिएको थियो। त्यसैअनुसार ३० असार ०७८ मा भवन निर्माणको टेन्डर सूचना जारी गरेर बोलपत्र मूल्यांकन समितिको सिफारिसका आधारमा जागृति/एमके/नेपाल जेभीलाई छनोट गरिएको थियो। नगरपालिका र ठेकेदार जागृतिबिच २४ असोज ०७८ मा नौ करोड ९४ लाख ५१ हजार ३६९ रुपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो।

२५ चैत ०८० मा भवन निर्माण सम्पन्न गरेपछि ठेकेदार कम्पनी जागृतिलाई नगरपालिकाले कार्यसम्पन्नबापतको रकम १० करोड २२ हजार १४ हजार ६१२ रुपैयाँ भुक्तानी गरिदिएको थियो। तर, ठेक्काको सुरुवात चरणदेखि नै कैयौं बदमासी गरिएको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ।

बोलपत्रसम्बन्धी कागजातमा स्वीकृत भइसकेको मूल्यांकन तथा योग्यताको सर्त तथा मापदण्डलाई बदनियतपूर्वक चरणबद्ध संशोधनहरूबाट परिवर्तन गरिएको अख्तियारको दाबी छ। बोलपत्रसम्बन्धी कागजातको पहिलो संशोधनबाट प्रतिस्पर्धालाई जानीजानी सीमित बनाउने उद्देश्यले सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन प्रतिकूल हुने गरी साइट भिजिटको अनिवार्य सर्तका रूपमा कायम गरिएको भवन निर्माणको कार्यसँग असम्बद्ध लाइटिङ सिस्टम, पोल, एआई क्यामेरा र सिसिटिभी जडान कार्यको विशेष कार्यानुभवको सर्त थप गरिएको थियो। त्यस्तै, बोलपत्र कागजातमा दोस्रोपटक संशोधन गरी सुरु स्वीकृत सरदर वार्षिक निर्माण कारोबारको सर्तलाई लक्षित बोलपत्रदाताको वार्षिक कारोबार क्षमताअनुसार घटाइएको पाइएको छ।

संक्षेप

बाटोमै रोकियो छानबिन समितिको टोली

जुम्ला/ डोल्पाको ल्हाँ गाउँका ३४ वर्षीय जुन रोकाया बेपत्ता भएको घटनालाई लिएर डोल्पामा प्रहरी र स्थानीयबिच विवाद चर्किँदै छ। शनिबारदेखि सुरु विवाद अझै समाधान हुन सकेको छैन। घटनाबारे बुझ्न पठाइएको प्रदेश प्रहरी कार्यालय, सुर्खेतको छानबिन समितिको टोलीसमेत बिचबाटोमै रोकिएको छ।

त्रिपुरासुन्दरी नगरपालिका- ५ अन्तर्गत पर्ने इलाका प्रहरी कार्यालय करोपगार्ड र सोही वडाको ल्हाँ गाउँका स्थानीयबिच उत्पन्न विवाद छानबिन गर्न एसपी रामप्रसाद घर्तीमगरको नेतृत्वमा तीन सदस्यीय समिति खटाइएको थियो। तर, स्थानीयले शनिबार रातिदेखि नै यातायात बन्द घोषणा गरेकाले छानबिन टोली घटनास्थल पुग्न नसकेको हो। टोली आइतबार बेलुकीसम्म पनि जाजरकोटको तल्लुबगरमै रोकिएको डोल्पाका डिएसपी रुकबहादुर खड्काले बताए। 'हामीले सहजीकरणका लागि अनुरोध गऱ्यौं, तर स्थानीयले नमानेपछि टोली अघि बढ्न सकेन,' उनले भने।

स्थानीयले छानबिन टोलीलाई समेत आउन नदिने अडान लिएर खदाङ बजार क्षेत्रमा प्रदर्शन गरेपछि अवस्था तनावग्रस्त बनेको हो। शुक्रबार साँझ ल्हाँ गाउँका ३४ वर्षीय जुन रोकायालाई प्रहरीले जाँच गर्ने बहानामा लखेट्दा उनी भेरी नदीमा हामफालेर बेपत्ता भएको स्थानीयको आरोप छ। रोकायाको अवस्था पत्ता लगाउनुपर्ने माग गर्दै स्थानीयले शनिबारदेखि यातायात बन्द गरी आन्दोलन थालेका हुन्। डिएसपी खड्काले रोकायालाई प्रहरी चौकीबाट करिब तीन किलोमिटर टाढा रहेको छेप्के पुलमा लागुऔषध ओसारपसारको आशंकामा जाँच गर्न खोज्दा विवाद भएको बताए। 'प्रहरीले जाँच गर्न नपाउँदै उनी आत्तिएर ठुलो भेरी नदीमा हामफाले,' उनले भने। हाल प्रहरी र स्थानीयले भेरी नदीमा खोजीकार्य जारी राखेका छन्।

बीभत्स हत्या गरिएका महतोको टाउको फेला

सर्लाही/ सर्लाहीको ईश्वरपुरमा शनिबार बीभत्स हत्या गरिएको अवस्थामा शव फेला परेको रामईश्वर महतोको टाउको भेटिएको छ। खोजी गर्नेक्रममा आइतबार दिउँसो घटनास्थलबाट सय मिटरको दूरीमा रहेको झाडीमा टाउको फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले बताए। सागरनाथ वन परियोजनाका वनरक्षक ईश्वरपुर नगरपालिका- २, राइटरखोरका ४७ वर्षीय महतोको शनिबार टाउको काटेर हत्या गरिएको थियो। शनिबार दिउँसो परियोजनाको १० नम्बर प्लटनजिकै झाडीमा टाउको गिँडेको अवस्थामा शरीर फेला परेको थियो। आइतबार बिहानैदेखि ठुलो संख्यामा प्रहरी परिचालन गरेर सुरु गरिएको खोजी अभियानका क्रममा दिउँसो घटनास्थलबाट सय मिटरको दूरीमा रहेको झाडीमा टाउको फेला परेको प्रहरीले जनाएको छ। 'शनिबार घटना भएको थाहा पाउनेबित्तिकै प्रहरीले शवको टाउकोको भाग खोजी र अनुसन्धान सुरु गरिसकेको थियो,' प्रहरी नायब उपरीक्षक राईले भने, 'आज टाउको फेला परेको छ। अन्य अनुसन्धानको पाटोसमेत अघि बढाएका छौं। छिट्टै अपराधीनजिक पुग्ने विश्वास छ।' घटनास्थलनजिकैबाट रगत लतपतिएको एक थान बन्चरो प्रहरीले शनिबार नै बरामद गरेको थियो। रगत लागेको कपडासहित घटनामा संलग्न आशंकामा एकजनालाई प्रहरीले नियन्त्रणमा लिए पनि सार्वजनिक भने गरेको छैन।

६ महिने नाबालकको उपचारमा सहयोगका लागि याचना

लहान/ करिब एक महिनाको उमेरदेखि नै कलेजोमा गम्भीर समस्या देखिएपछि ६ महिने नाबालकलाई उनका बाबु कलेजो दिन तयार छन्, तर प्रत्यारोपणका लागि चाहिने लाखौं रकम जुटाउन समस्या भएकाले आर्थिक सहयोगका लागि याचना गरेका छन्। सप्तरीको सुरुंगा नगरपालिका- २ भेडिया गाउँका आशिष कार्की र रमा बस्नेतले ६ महिने छोरा आरवको कलेजो प्रत्यारोपण गर्न आर्थिक सहयोगका लागि याचना गरेका हुन्। दोस्रो छोराका रूपमा गत १४ जेठमा जन्मिएका उनमा करिब एक महिनादेखि नै दूधसमेत नपच्ने समस्या देखिएपछि विराटनगर नर्सिङ होम, काठमाडौं महाराजगन्जस्थित टिचिङ अस्पतालमा रोग पहिचान र उपचारमा मात्र १० लाख रुपैयाँभन्दा बढी खर्च भएको कार्कीदम्पतीले सुनाए। 'त्यति रकम जुटाउन पनि आफन्तको सहयोग, ऋण सापटीसहित घरको वस्तुभाउसमेत बेचिसकें,' बाबु आशिषले भने, 'छोरालाई कलेजो दिन तयार छु, तर प्रत्यारोपणका लागि ७०-७५ लाख रुपैयाँ चाहिने भनिएको छ, घरबारी, जायजेथा बेच्दा पनि त्यति रकम पुग्दैन।' उनका अनुसार नेपालमा उपचार सम्भव नभएपछि पुनः ऋण सापटी गरेर छोरालाई पछिल्लो सातादेखि भारतको हरियाणा राज्यअन्तर्गत गुरुग्रामस्थित नारायण स्पेसियलिटी हस्पिटलमा भर्ना गरिएको छ।

ललितपुरका ४५ विद्यालयमा मात्रै 'विद्यालय नर्स' कार्यक्रम लागू

नर्सको बढ्दो पलायनका कारण कार्यक्रम लागू गर्न कठिन

शिवहरि घिमिरे/नयाँ पत्रिका


ललितपुरका सीमित विद्यालयमा मात्रै विद्यालय नर्स कार्यक्रम राखिएको पाइएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका अनुसार नर्स राख्नयोग्य ५४ विद्यालयमध्ये ४५ वटामा मात्रै नर्स छन्। अन्य नौवटा विद्यालयमा लागू हुन सकेको छैन।

विद्यालय नर्स कार्यक्रम लागू भएका विद्यालयमा पनि विद्यार्थी संख्या कम भएको, विद्यार्थीलाई खाजा र स्वच्छ खानेपानीको अभाव देखिएको छ। बागमती गाउँपालिकास्थित जनक माध्यमिक विद्यालयमा कार्यरत नर्स धना विष्टले विद्यालयमा नर्स कार्यक्रम लागू भए पनि खानेपानीको समस्या रहेको र विद्यालयमा खाजा पनि वितरण नभएको बताइन्। उनले दिवा खाजा नहुँदा विद्यार्थीले जंकफुड खाने गरेको जनाउँदै विद्यालयमा क्यान्टिन सञ्चालन गर्न आवश्यक रहेको बताइन्। 'हामीकहाँ विद्यार्थी कम छन्, तर उनीहरूका निम्ति पर्याप्त पानी र खाजा खान क्यान्टिन छैन। उनीहरूको स्वास्थ्य अवस्था समय-समयमा जाँच गर्छु, तर सेवा-सुविधा नहुँदा समस्या हुने गरेको छ,' उनले भनिन्।

बागमती गाउँपालिकाकै शारदा शिक्षा सदनकी नर्स यशोदा कुसवाहले पनि ग्रामीण क्षेत्रका विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागू भए पनि भौतिक संरचना, खाजा कार्यक्रम, सरसफाइका कार्यक्रम प्रभावकारी हुन नसकेको बताइन्।

हाल जिल्लाका ६ वटा पालिकाका ५४ वटामा मात्रै विद्यालय नर्स कार्यक्रम लागू भएको छ। जनशक्ति नहुँदा सबै विद्यालयमा यो कार्यक्रम लागू हुन नसकेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिए। 'विद्यालय नर्स कार्यक्रम लागू गर्न सरकारले मापदण्ड बनाएको छ, मापदण्डमा परेका ललितपुरका ५४ विद्यालयमा नर्स कार्यक्रम लागू भए पनि हाल ४५ वटामा मात्रै छन्, अन्यमा नर्स राख्न पहल गरिरहेका छौं,' उनले भने, 'यो कार्यक्रम लागू गर्न तीन सयभन्दा बढी विद्यार्थी हुनुपर्ने, ग्रामीण र पिछडिएको क्षेत्र हुनुपर्नेलगायत मापदण्ड छन्।'

● **डा. खगेश्वर गेलाल**
प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय



विद्यालय नर्स कार्यक्रम लागू गर्न सरकारले मापदण्ड बनाएको छ, मापदण्डमा परेका ललितपुरका ५४ विद्यालयमा नर्स कार्यक्रम लागू भए पनि हाल ४५ वटामा मात्रै छन्, अन्यमा नर्स राख्न पहल गरिरहेका छौं, यो कार्यक्रम लागू गर्न तीन सयभन्दा बढी विद्यार्थी हुनुपर्ने, ग्रामीण र पिछडिएको क्षेत्र हुनुपर्नेलगायत मापदण्ड छन्।

गेलालका अनुसार बागमती प्रदेश सरकारले ०७५/७६ देखि यो कार्यक्रम २० वटा विद्यालयबाट लागू गरेको थियो। तर, नर्सहरूको बढ्दो पलायनले विद्यालय नर्स कार्यक्रम लागू गरिएका विद्यालयमा समेत नर्स राख्न नसकिएको उनको भनाइ छ। हाल बागमती प्रदेशका ८८० विद्यालयमा यो कार्यक्रम लागू छ। विद्यालय नर्स कार्यक्रम लागू गरिएका विद्यालयमा बालबालिकामा हुने रोगका समस्या पहिचान गर्न, उनीहरूको स्वास्थ्य तथा शारीरिक वृद्धि विकासबारे जान्न मद्दत पुगेको छ। कतिपय विद्यालय बालबालिकामा हुने स्वास्थ्य समस्यासमेत विद्यालय नर्सले पहिचान गर्ने गरेका छन्। बालबालिकाको स्वस्थ जीवनका लागि विद्यालय नर्स कार्यक्रम महत्त्वपूर्ण हुने जनस्वास्थ्य कार्यालयका प्रमुख गेलालले बताए। उनले जहाँ-जहाँ विद्यालय नर्स राखिएका छन्, त्यहाँ-त्यहाँका विद्यालय सफासुग्घर भएको, विद्यालयमा जंकफुड खुवाउने बानी हटेको, विद्यालयको क्यान्टिन सफा भएकोलगायत परिवर्तन देखिएको जानकारी दिए।

ग्रामीण क्षेत्रका विद्यार्थीको स्वास्थ्य परीक्षण

जनस्वास्थ्य कार्यालयले विद्यालय नर्स कार्यक्रम लागू नभएका विद्यालयलाई लक्षित गरी ग्रामीण क्षेत्रका विद्यार्थीको स्वास्थ्य परीक्षण गरेको छ। जनस्वास्थ्य कार्यालयले भट्टेडाँडास्थित महाकाली माविमा पुगेर जनस्वास्थ्यको टोलीले स्वास्थ्य परीक्षण गरेको जनस्वास्थ्य कार्यालय प्रमुख गेलालले बताए। उनका अनुसार विद्यालयमा पुगेर विद्यार्थीको दाँत, श्रवण शक्ति, मुटु, आँखालगायत परीक्षण गरिएको हो। विशेषज्ञ चिकित्सकसहित पुगेको टोलीले ११७ जना विद्यार्थीको स्वास्थ्य परीक्षण गरेको गेलालले बताए। 'ग्रामीण क्षेत्रका स्कुलमा बालबालिकाको स्वास्थ्य कस्तो छ भनेर विद्यालयमै पुगेर परीक्षण गरेका छौं, कतिपयको आँखा, मुटु र श्रवण शक्तिमा समस्या देखिएको छ, यसको विश्लेषण गरेर प्रतिवेदन तयार पार्छौं, विद्यार्थीहरूको उपचारमा सहजीकरण गर्छौं,' उनले भने, 'परीक्षणका क्रममा विद्यार्थीको इको पनि गरेका थियौं।'

नेता होइन, 'देउता' खोजिरहेको समाज

भरोसायोग्य कानुनीराज्य र विधिको शासन स्थापित गर्ने जिम्मेवारी आगामी निर्वाचनबाट बन्ने दलीय सरकारलाई सुम्पिनुको विकल्प छैन



● मेखराज उदय

अग्रलेख

मार्क ट्वेनको भनाइ छ, 'यदि तपाईं न्युज हेर्नुहुन्न भने तपाईंसँग जानकारी छैन । यदि तपाईं न्युज हेर्नुहुन्छ भने तपाईंसँग गलत जानकारी छ ।' संयुक्त राज्य अमेरिकाद्वारा सबैभन्दा महान् हास्यव्यंग्यकार घोषित ट्वेन १८३५ मा अमेरिकामा जन्मिएका थिए । सेम्युअल लैंघोर्न क्लेमेन्स वास्तविक नाम रहे पनि उनी मार्क ट्वेन उपनामले चिनिन्छन् । उनी लेखक, हास्यव्यंग्यकार, उद्यमी र व्याख्याता थिए ।

२१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै गएको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको वर्तमान सरकार संवैधानिकभन्दा बढ्ता जेन-जी विद्रोहको परिणामस्वरूप जेन-जी आन्दोलनकारी र सेनालगायतको ताकतबाट गठन भएको हो । अतः कार्की नेतृत्वको सरकारलाई नागरिक आवश्यकताको सरकार भन्नु उचित हुनेछ । बाध्यात्मक अवस्थामा गठन गरिएको सरकारमाथि स्वतन्त्र, स्वच्छ, निष्पक्ष निर्वाचन सम्पन्न गराई सत्ता दलहरूको जिम्मा लगाउने दायित्व छ । वैधानिक सत्ता हस्तान्तरण गर्न व्यवस्थापिका गठन हुनु जरुरी छ ।

हाम्रो संविधान, राज्यसत्ता, कानुन र विधिको पुनर्स्थापना हुनु आवश्यक छ । जनतामा अन्योल र आशंका बढेको छ । सरकार, सरकारका अंगहरू, सुरक्षा निकाय आदि, प्रशासन र दलहरूप्रति नागरिक भरोसा टुटेजस्तो भान हुन्छ । नागरिकमा राज्य, सरकार र तिनका निकाय, सुरक्षा निकाय, दलहरूमाथिको भरोसाप्रति आशंका बढेको छ । सिंहदरबारलगायत प्रशासनिक भवन, सर्वोच्च अदालतसहित अन्य अदालत, सरकारी वकिलका कार्यालय आदि न्यायिक क्षेत्र, मिडिया क्षेत्र, सरकारी भवन, व्यक्तिगत सम्पत्ति, घर आदिमाथि भौतिक आक्रमण भई ठुलो जन, धन सम्पत्तिको क्षति हुनु दुःखद हो । यस्तो अवस्थामा राष्ट्रमा दण्डहीनताले भयावह रूप धारण गरेको र व्यवसायी उद्यमी क्षेत्रमा त्रास र निराशा थपेको छ । यी संकटबाट देश र जनतालाई मुक्त गर्ने दायित्व वर्तमान नागरिक सरकारकै हो । तथापि, सुशीला सरकारबाट चुनाव सम्पन्न गर्नेबाहेक अन्य अपेक्षा गर्न सम्भव देखिँदैन ।

त्यसैले, भरोसायोग्य कानुनी राज्य र विधिको शासन स्थापित गर्ने जिम्मेवारी आगामी निर्वाचनबाट बन्ने दलीय सरकारलाई सुम्पिनुको विकल्प छैन । निर्वाचनको मिति नजिकिएसँगै पुराना र नयाँ दलहरूबिच तीव्र ध्रुवीकरण सुरु भइसकेको छ । नागरिकले कस्तो नेतृत्व चयन गर्छन् भन्ने सवालबाट मात्रै आगामी भविष्य कस्तो बन्ला भन्ने निर्क्योल गर्न सकिन्छ । चुनावमा सचेत नागरिकको मत नै सबैभन्दा महत्त्वपूर्ण छ । किनकि यो लोकतन्त्र हो, राज्यसत्ताको स्रोत नागरिक मत नै हो ।

राजनीतिक दल बन्न के-के आधार आवश्यक पर्छन् ? अथवा राजनीतिक दलहरू कसरी गठन हुन्छन् ? यो महत्त्वपूर्ण सवाल भए पनि यसको सपाट तथा सरल जवाफ कसैसँग छैन । विश्वमा विभिन्न तरिका, माध्यम र विधिद्वारा दलहरू निर्माण भएका छन् । यद्यपि, स्पष्ट विचार, दृष्टिकोण, विधि र मान्यता बोकेका स्वार्थ वा बुझाइमा समानता भएका समूहबिचको सहकार्यबाट दलको जन्म हुने गर्छ । तथापि, 'मासबेस पार्टी' भने विपरीत विचारको एकताबाट बन्छ भन्ने गरिन्छ । संघर्ष, वैचारिक बहस र राष्ट्रिय वा बाह्य मुद्दामा घनीभूत विमर्श विनादलहरूको जन्म भएको घटना अपवादबाहेक सम्भव हुँदैन । नेपालमा भने असन्तुष्ट, निराशावादी, अन्य दलमा अवसरबाट वञ्चितको जोडजाडबाट पनि दल बन्न सफल भएको परिघटना दृश्यमा देखापरेका छन् ।

नेपालमा सात दशकभन्दा लामो राजनीतिक विरासत बोकेका दलहरू अझै जीवित छन् । जहाँनिया राणाशासन, २४० वर्ष टिकेको राजशाही निरंकुशता, पञ्चायत, राजनीतिक दलमाथिको दमन र प्रतिबन्ध आदि जटिल परिस्थितिसँग लडेर स्थापित भएका दलहरू यहाँ क्रियाशील छन् । विशेषगरी संसदीय लोकतन्त्र, स्वतन्त्रता र विधिको शासनका निम्ति अनवरत संघर्ष गर्दै आएको दल हो, नेपाली कांग्रेस । खासमा कांग्रेसले स्वतन्त्रता प्राप्तिको प्रायः सबै आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गरेको इतिहास छ । उसो त कांग्रेसले ०४७ सालदेखि यता सबैभन्दा बढी समय सरकारको नेतृत्व गर्ने जिम्मेवारी पनि प्राप्त गऱ्यो । इतिहासमा तीनपटक (विसं २०१५, २०४८ र २०५६ सालमा) एकल बहुमत प्राप्त गर्ने नेपालको एक मात्रै दल कांग्रेस हो । तर, विडम्बना



आन्तरिक द्वन्द्व आदि कारणले तीनै कार्यकाल कांग्रेसले पाँचवर्षे स्थायी सरकार दिन सकेन । नागरिक निराशाको एक मुख्य जिम्मेवार दल कांग्रेस पनि हो । सत्ताका निम्ति जेसुकै गर्नु, त्यसका नेताहरू भ्रष्टाचार र आर्थिक अनियमितताका प्रत्यक्ष-परोक्ष संलग्न हुनु, संसद्वादी दल भएर पनि संसदीय व्यवस्था, मर्यादा एवं अभ्यासमाथि नै घृणा फैलिने गरी विगतमा अवाञ्छित हर्कत गर्नुजस्ता कमजोरी कांग्रेसले देखाएको छ । मुलुकको दूरावस्था, नागरिक निराशा, जनआक्रोश, घृणा र असफलताको मुख्य जिम्मेवार शक्ति कांग्रेस नै हो ।

> हाम्रो समाज नेताको होइन, देउताको खोजीमा छ । नेता बन्न नेतृत्व क्षमता आवश्यक हुन्छ, तर देउतामाथि प्रश्न उठाउनु वर्जित छ ।

कांग्रेसको समकालीन, तर वैचारिक दृष्टिले पृथक् कम्युनिस्ट पार्टीहरू पनि यहाँ अस्तित्वमा छन् । जसमध्ये नेकपा एमाले कांग्रेससँग संघर्ष, द्वन्द्व, सहकार्य र सम्झौताबाट अघि बढ्दै आएको दल हो । २३ र २४ भदौको जेन-जी विद्रोहले बलात सत्ताच्युत हुनुपूर्व एमाले र कांग्रेस सत्ता साझेदार दल थिए । विघटित संसद्का पहिलो र दोस्रो दलबिच बनेको सत्तागठबन्धन दुर्घटनाग्रस्त हुनुपुगे पनि आगामी निर्वाचनमा दुई दलबिच घोषित-अघोषित गठबन्धन बन्ने प्रबल सम्भावना छ । यसले पुराना भनिएका दल पुनः बलियो शक्ति बन्ने संकेत देखापरेको छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीको अक्षमता र कुशासन तथा कांग्रेस वा सभापति शेरबहादुर देउवाको अकर्मण्यताका कारण ध्वंश भई मुलुक शून्यमा पुगेको हो ।

करिब एक दशक मुलुकमा सशस्त्र द्वन्द्व मच्चाएर कांग्रेस, एमाले आदि पुरातन दल तथा दरबारिया शक्तिलाई त्राहिमाम बनाउँदै स्थापित बन्न पुगेको दल हो, माओवादी । हाल उसको नाम परिवर्तन भई नेपाली कम्युनिस्ट पार्टी बन्न पुगेको छ । माओवादीको सशस्त्र विद्रोहको रापतापले मुलुकमा धेरै सकारात्मक र युगान्तकारी परिवर्तन सम्भव तुल्यायो । समावेशी, समानता, उन्नत संसदीय लोकतन्त्र, गणतन्त्र आदि उपलब्धि प्राप्त हुनुमा माओवादीको मुख्य भूमिका छ । यद्यपि, यसको आधिकारिक रूप ध्वस्त भई छिन्नभिन्न बन्नपुग्यो । पुष्पकमल दाहाल संसदीय धारको नेतृत्वमा अद्यापि कायम छन् । विद्रोह गरेका मोहन वैद्य, सिपी गजुरेल आदि जडसूत्रवादी धारमै बिलीन भए । नयाँ जनक्रान्तिका नाममा संविधान र व्यवस्थाविरुद्ध होमिएका नेत्रविक्रम चन्द, खड्गबहादुर विकहरू अलग दल बनाएर भए पनि संसदीय व्यवस्थामै समाहित भएका छन् । अर्थात्, उनीहरू पृथक् दलमा रहे पनि दाहाल, बाबुराम भट्टराईकै लाइनमा मिसिन पुगेका छन् । घोषणाको समयमा थुप्रै पक्ष र शक्तिको कडा विरोध तथा असहमति सामना गरेको वर्तमान संविधान अर्धमृत अवस्थामा आइपुगेको आजको परिस्थितिमा सर्वस्वीकार्य बन्न पुग्नु अकल्पनीय क्षण हो । त्यसैले पनि यो चुनाव विशेष बन्ने सम्भावना छ ।

निष्कर्षमा भन्ने हो भने कांग्रेस, एमाले र नेकपा पुराना खेमाका दल बन्न पुगेका छन् । उनीहरूको काँधमा सफलता, असफलता, जस र अपजसको बोझ बोकाइएको छ । आजको नेपाल र जनताको जुन अवस्था छ, त्यसको जिम्मेवार यिनै दल हुन् ।

यी पुराना दलको विकल्पमा नयाँ शक्ति निर्माणको प्रयास पनि तीव्र बनेको छ । निर्वाचनको मिति निकट बनेसँगै मुख्यतः निवर्तमान संसद्मा चौथो शक्ति बन्न पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को विचार, विधि र नेतृत्वमा पपुलिस्ट केही समूह र व्यक्तिहरू एकीकृत भएका छन् । रास्वपाको विधान र रवि लामिछानेको नेतृत्वमा स्वतन्त्र उम्मेदवारी दिएर करिब आश्चर्यजनक ढंगले विजयी बनेका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन), नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ आदि बिच एकता भएको छ ।

यहाँ स्मरण गर्नुपर्ने कुरा के छ भने हाल मन्त्रीसमेत रहेका कुलमानको अप्रत्यक्ष नेतृत्वमा उज्यालो नेपाल नामक दल गठन र दर्ता भइसकेको थियो । रास्वपासँग कुलमान मात्र नभई उज्यालो नेपाल पार्टीको एकता भएको हो भने लोकतान्त्रिक व्यवहार लागू गरिनु आवश्यक थियो । अर्थात्, रास्वपा र उनेपाबिच हुने एकतालाई दुवै दलका आधिकारिक वा वैधानिक निकायबाट अनुमोदन गरिनुपर्थ्यो । तर, त्यस्तो केही गरिएको भने देखिएन, सुनिएन ।

रास्वपा सभापति रवि लामिछाने न्यायिक निरुपणद्वारा सफाइ प्राप्त गरी थुनामुक्त भएका व्यक्ति होइनन् । अदालतमा उनीविरुद्ध लागेका सरकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणलगायत मुद्दा विचाराधीन अवस्थामै छन् । उनी आफूविरुद्ध दाबी गरिएको बिगो बुझाएर तथा पछि अदालतले थप जरिवाना तोकेको खण्डमा त्यो रकम पनि बुझाउने कागज गरी थुनामुक्त भएका हुन् उनी । महानगरमा आधाभन्दा बढी कार्यकाल पार गरिसकेका बालेन्द्रको नेतृत्वमा उल्लेखनीय वा चामत्कारिक काम के भयो, कम्तीमा यो पंक्तिकारको जानकारीमा छैन । रास्वपाको वैचारिकता पनि स्पष्ट छैन । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानता र समावेशितामा रास्वपाको धारणा के हो ? त्यस्तै बालेन, कुलमान आदिको धारणा पनि स्पष्ट छैन । फेरि यी व्यक्ति र अधिकांश दलका नेतालाई प्रश्नभन्दा माथि राखिएको छ । वास्तवमा हाम्रो समाज नेताको होइन, देउताको खोजीमा छ । नेता बन्न नेतृत्व क्षमता आवश्यक हुन्छ, तर देउतामाथि प्रश्न उठाउनु वर्जित छ । अन्त्यमा मार्क ट्वेनकै अर्को मार्मिक भनाइ राख्दै लेख टुंग्याऔं । 'विश्वास त्यो हो, जो तपाईंलाई थाहा छ कि त्यो सत्य होइन तैपनि तपाईं त्यसलाई मान्नुहुन्छ ।'

@TheUday024

३ प्रश्न

वरिष्ठ अधिवक्ता तथा राष्ट्रिय सभाका पूर्वसदस्य **राधेश्याम अधिकारी**लाई



■ जेन-जी आन्दोलनपछिको म्यान्डेटअनुसार राष्ट्रिय सभामा उनीहरूको प्रतिनिधित्व कति सम्भव हुन्छ ?

राष्ट्रिय सभामा प्रतिनिधित्वका लागि कानुनतः ३५ वर्ष उमेर पुगेको हुनुपर्छ । यस प्रावधानले गर्दा पनि राष्ट्रिय सभामा जेन-जी आन्दोलनपछि उनीहरूको उमेर समूहबाट प्रतिनिधित्व गराउन प्राविधिक हिसाबले सम्भव देखिन्न । सामान्यतः उमेरको यो सीमा राष्ट्रिय सभामा परिपक्व मानिस नै पुगून् भन्ने मनसायले राखेको देखिन्छ । त्यसैले, यसलाई सिनियरहरूको हाउस पनि भन्ने गरिन्छ । जेन-जी समूहलाई समेट्ने अन्य धेरै ठाउँ छन् । उनीहरूलाई स्थानीय तह, प्रदेश र संघको प्रतिनिधिसभामा धेरै ठाउँ दिन सकिन्छ । तर, राष्ट्रिय सभामै चाहिँ यो उमेर समूहको प्रतिनिधित्व गराउन सम्भव देखिन्न ।

■ आजको सन्दर्भमा राष्ट्रिय सभाका लागि आवश्यक योग्य र विशेषज्ञ मानिसलाई ल्याउन के गर्नुपर्ला ?

यसमा कस्ता मानिसको प्रतिनिधित्व गराउने भन्ने पार्टीका नेतृत्वको हातमा छ । खासगरी यतिखेर कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डले पहल गर्नुभयो भने राष्ट्रिय सभामा देशको विविधता पनि समेटिन सक्छ, यसको चरित्रअनुसार योग्य र विशेषज्ञ व्यक्तिहरूको प्रतिनिधित्व पनि हुन सक्छ । अन्यथा, राष्ट्रिय सभा पार्टीहरूका लागि कार्यकर्ताहरूको आन्तरिक व्यवस्थापनको मञ्च बन्ने खतरा हुन्छ । यस्तो अवस्थामा राष्ट्रिय सभा पार्टीप्रति 'लोयल' मानिसहरू पुग्ने थलो बन्न पुग्छ ।

■ दलहरूले कसरत गरिरहेको गठबन्धन अंकगणित मात्र हो कि अहिलेको आवश्यकता सम्बोधन गर्ने प्रयास हो ?

दलहरूले गठबन्धन गरेको अवस्थामा उनीहरूबिच सिटको भागबन्डा नै महाभारत साबित हुनेछ । सिटको भागबन्डापछि कुनै एक पार्टीले जति सिट पाउँछ, त्यसमा पार्टीकै वर्चस्व रहन्छ । त्यसैले, यो गठबन्धन बन्नु या नबन्नुले तात्विक रूपमा ठुलो परिवर्तन ल्याउलाजस्तो लाग्दैन ।

प्रेरक प्रसंग

पुण्यको हिसाबकिताब

एक राजा प्रजापालक थिए । उनी जहिल्यै आफ्ना नागरिकको सुख, सुविधा र प्रगतिका लागि समर्पित भइरहन्थे । उनलाई आफ्नो सुख-सुविधाभन्दा पनि नागरिकका सुख-सुविधाको चिन्ता हुन्थ्यो । उनी जतिखेर पनि नागरिककै सेवामा लागिरहन्थे । जसले गर्दा उनले ईश्वरको पूजाआजा र भजनकीर्तनका लागि समेत समय निकाल्न सक्दैनथे । एक बिहान राजा जनसेवाका लागि कतै जाँदै थिए । बाटामा उनले हातमा मोटो पुस्तक बोकेका एक देवदूतलाई भेटे । देवदूतलाई प्रणाम गर्दै राजाले सोधे- हजुरको हातमा रहेको किताबमा के छ ? देवदूतले भने- महाराज यो हाम्रो बहिखाता हो । यसमा ईश्वरको भजन गर्ने व्यक्तिहरूको नाम लेखिएको छ ।



राजाले निराशायुक्त भावमा सोधे- मेरो नाम त यसमा कतै छैन होला, तैपनि यसो हेरिदिनुहोस् त प्रभु ! देवदूतले किताबका सबै पाना पल्टाए । साँच्चै त्यहाँ राजाको नाम कहीँकतै थिएन । आफूले ईश्वरको भजनकीर्तनका लागि अलिकति पनि समय निकाल्न नसकेकामा राजा खिन्न भए । उनी देवदूतसित बिदा भएर जनसेवामा निस्किए । केही दिनपछि राजा पहिलेजस्तै गरी जनसेवाका लागि कतै जाँदै थिए । बाटामा तिनै देवदूतसित भेट भयो । यसपटक देवदूतको हातमा पहिलेको भन्दा भिन्न साजसज्जाको अलि सानो पुस्तक थियो । राजाले उत्सुकतावश पुनः देवदूतलाई सोधे- प्रभु, आज यो कुनचाहिँ बहिखाता लिएर आउनुभयो ? देवदूतले भने- महाराज, यसमा ईश्वरका लागि जो-जो सबैभन्दा प्रिय छन्, तिनका नाम छन् । राजाले खिन्न मनले भने- प्रभु, यसमा मेरो नाम त पक्कै छैन । तर के, मेरो राज्यका कोही कसैको नाम छ त ? देवदूतले बहिखाताका पाना पल्टाउन सुरु गरे । राजा पनि नजिकै बसेर किताबतिर हेर्न थाले । पहिलो पानाको पहिलो नम्बरमै आफ्नो नाम देखेर राजा छक्क परे । उनले देवदूतलाई प्रश्न गरे- प्रभु ! यो सब कसरी सम्भव भयो ? म त मन्दिर पनि कहिलेकाहीँ मात्र जान्छु । भगवान्को भजनकीर्तन त गर्नै भ्याउन्नँ । देवदूतले भने- यो कुनै आश्चर्यको कुरो होइन, महाराज ! जसले समाजको निष्काम सेवा गर्छ, जसले परोपकारमा आफ्नो जीवन समर्पित गर्छ, ऊ नै ईश्वरको सबैभन्दा प्रिय हुन्छ । र, सबैभन्दा ठुलो पुण्यको काम पनि त्यही हो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गठबन्धन केका लागि ?

राजनीतिमा न मित्र न शत्रु हुन्छ, तसर्थ राज्य र जनताका लागि नभई आफ्नो व्यक्तिगत स्वार्थका लागि मिल्नैपर्छ । राज्य त सधैँ शत्रु मात्र भयो र जनता यिनीहरूका लागि खेलौना भए ।

● **कसम दाहाल**

हुन्छ हुन्छ, एउटै ड्याडका मुला भएपछि गठबन्धन मात्र किन र पार्टी नै एकीकरण गरे हुन्न र ?

● **मोहन प्रसाईं**

संसारमा चुनावमा कुनै पनि फरक विचार र स्कुलिङका पार्टीहरूबिच गठबन्धन गरिन्न । भारतमा भाजपा र कांग्रेसले गठबन्धन गर्छन् र ? अमेरिकामा डेमोक्रेट र रिपब्लिकले गठबन्धन गरेको देखिन्छ र ? नेपाल मात्र यस्तो एउटा मुलुक हो ! जहाँ नेताले भनेपछि चुनाव जित्न गठबन्धन गर्छन् । त्योभन्दा गज्जब, सब कार्यकर्ता कम्मर कसेर लाग्छन् अनि त्यस्ता कार्यकर्ता र ठुटे नेताहरूको भाषण सुन्दा हे भगवान् तिमीलाई पनि अचम्म लाग्छ होला । कस्ताकस्ता प्राणीहरूको झुन्ड रहेछ यी दल, आफ्नो स्वार्थ मिल्नासाथ जुन हदसम्म पनि जान सक्ने ! अब हेर्नौं, यसपालि के हुन्छ ! देवेन्द्र आचार्य

यदि फेरि गठबन्धन गरे र फेरि आफ्नै सरकार अनि सबै तिनकै मात्र भए भने २३-२४ भदौको भन्दा अर्को ठुलो आन्दोलन जरुर हुनेछ अनि त्यसवेला कोही पनि भाग्न पाउनेछैनन् ।

● **रीता क्षेत्री**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

कांग्रेस नेताहरूलाई प्रश्न



पछि नहट्ने रणनीतिमा गगन-विश्व

महाधिवेशनको किचलोबारे महामन्त्रीद्वयले लिए कानुन व्यवसायीहरूसँग परामर्श

कानुन व्यवसायीहरूको सुझाव- ४०% प्रतिनिधिले माग गरेपछि विशेष महाधिवेशन बोलाउन सक्नुहुन्छ

नेपाली कांग्रेस आफूलाई प्रजातन्त्रको हिमायती सम्झन्छ, तर प्रजातन्त्रविरुद्ध शीर्ष नेता चलेको देख्दा भने अचम्म लाग्छ । पुसमा गर्नुपर्ने महाधिवेशन वैशाखमा सारेर आफ्नो पदावधि लम्ब्याउनु के यही हो लोकतन्त्र ? कांग्रेसको महाधिवेशनमा हरेकपटक किचलो हुने गरेको देखिन्छ । एउटै व्यक्ति सधैँ प्रधानमन्त्री बन्नुपर्छ, एउटै व्यक्ति सधैँ पार्टी सभापति बन्नुपर्छ भन्ने पक्कै पनि कांग्रेसको नीति होइन होला ।

समयानुकूल पार्टीका शीर्ष नेताले पार्टीलाई चलाउन सकेनन् भन्दा फरक पर्दैन । देश निर्वाचनमय हुँदै छ भने कांग्रेस अधिवेशनको विवादमा रुमल्लिएको देखिन्छ । संस्थापन पक्ष र इतरपक्षको लामो समयदेखिको विवाद अहिलेसम्म मिल्न सकेको छैन । जेन-जी आन्दोलनपछि पार्टीमा रूपान्तरण होला भन्ने आमजनताले सोचेका थिए, तर पार्टी सभापति र उनका आसेपासेमा कुनै परिवर्तन देखिएन । जेन-जी आन्दोलनका क्रममा आक्रमणमा परी घाइते भएका सभापति देउवामा समेत अहिलेसम्म चेत नपलाउनु आश्चर्यको विषय बनेको छ ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष अधिवेशन गर्न भनेर सबै केन्द्रीय सदस्यलाई भनिसकेका छन्, तर सभापति भने वैशाखमा महाधिवेशन गर्ने भएकाले विशेष अधिवेशन आवश्यक छैन भनेर टार्न खोज्दै छन् । पार्टीको विधानविरुद्ध जान कोही मिल्दैन भन्ने पार्टी सभापति र उनका आसेपासेलाई थाहा छ कि छैन ? यसरी लोकतान्त्रिक पार्टी नै अलोकतान्त्रिक बन्दै जाने हो भने जनताले विश्वासचाहिँ कसरी गर्ने ? राजनीतिक नेतृत्वदेखि निराश भएका जनतासामु युवा नेतृत्वलाई अघि सारेर आशा जगाउन कांग्रेसले किन चाहिरहेको छैन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

विश्वशान्तिका लागि नेपालको ध्यान र योग

अन्तर्राष्ट्रिय मञ्चमा हामीलाई सहयोग गरिदेऊ भनेर याचना गर्नुपर्ने नेपालले विश्वलाई दिने विषय बनेको छ योग र ध्यान



● रामचन्द्र शर्मा

ध्यान यस्तो शक्ति हो, जसले विश्वलाई नै शान्त र समृद्ध बनाउने खजाना जुटाउन सक्छ । हरेक अन्तर्राष्ट्रिय मञ्चमा हामीलाई सहयोग गरिदेऊ भनेर याचना गर्नुपर्ने नेपालले विश्वलाई दिने विषय बनेको छ योग र ध्यान । त्यही ध्यानको उपकरणद्वारा ज्ञानको प्रकाश छर्ने वेदान्त र उपनिषद् रचना गरे ऋषिहरूले सिंगो मानवजातिको उत्थानका लागि । ध्यान जेमा लगायो त्यो दिन दुईगुणा र रात चौगुणा बढ्दै जान्छ ।

विश्वजगत्ले विज्ञान र प्रविधिको विकास गरी आर्जन गरेको शक्ति एक-अर्कालाई दबाउन, सिध्याउन प्रयोग गरिँदा विश्व आज अघोषित तेस्रो विश्वयुद्धको सन्त्रासमा परेकाले शान्ति स्थापना गर्ने एक मात्र उपाय नेपालको योग, ध्यान र ज्ञान हो । यसको बलमा अन्तर्राष्ट्रिय जगत्को विश्वास जित्न सकियो भने आज रेमिट्यान्समा अडेको देश आत्मनिर्भर हुँदै एकाध दशकभित्रै समृद्ध बन्न सक्छ । भूराजनीतिक अवस्था पेचिलो बन्दै गएको आजको परिस्थितिमा कुनै एउटा देशको आड लिएर टिक्न सकिँदैन । सबैको बन्नसके टिक्ने मात्र होइन, देश शान्त र समृद्ध बन्छ । सबै देशको बन्न सक्ने आधार छन् नेपालसँग । ती मुख्य आधार हुन्, ऋषि-महर्षिले सुम्पेको अध्यात्मको विरासत र अलौकिक ऊर्जा । ऋषिहरूको ज्ञान र प्रकृतिबाट प्राप्त वरदान अन्तर्राष्ट्रिय जगत्लाई आकर्षण गर्ने तत्त्व बन्न सक्छन् । अध्यात्मभित्र योग र ध्यान दुवै पर्छन् । अहंकार आत्मामा प्रतिष्ठित हुनु योग हो । योगले ज्ञानसँग भेट गराउँछ । जसलाई आत्मज्ञान भनिन्छ । जीवनको लक्ष्य मुक्ति हो । मुक्ति प्राप्त गर्ने साधन आत्मज्ञान हो । राग, द्वेष, मोह, आसक्तिबाट मुक्त भएर आनन्दको अनुभूति गरेको बोधको अवस्था हो, मुक्ति । आत्मज्ञानले बोध गराउँछ । बोधले सुख-दुःखमा समभाव राख्दै निष्काम कर्म स्वस्फूर्त गराउँछ । बाहिरी र भित्री दुवै जगत्मा दोहोरो फाइदा गराउने निष्काम कर्मले भौतिक वस्तुको उत्पादकत्व वृद्धि र चित्त शुद्ध बनाउँछ । शुद्ध चित्तले जीवनमा आइपर्ने जुनसुकै परिस्थितिको सामना धैर्यपूर्वक गराई जीवन द्वन्द्वरहित बनाइदिन्छ । द्वन्द्वरहित हुनु नै मुक्ति हो । मुक्तिको महत्त्व जीवन जिउँदो रहँदासम्म छ । मरेपछिको मुक्ति रोगी मरेपछि रोगको औषधि गरेजस्तै अर्थहीन छ ।

अध्यात्मले मानिसलाई सदाचारी बनाउँछ । किनकि अध्यात्म भनेको स्वयंको अधिकतम अध्ययन गर्नु हो । आफू भनेको अहंकार हो, जो सूक्ष्म हुन्छ, कर्ममा अभिव्यक्त हुन्छ, त्यही कर्मको अध्ययन गरी गलत कर्म पहिचान गरी कर्तालाई सुधारिन्छ । सुधारिएको कर्ता सदाचारी बन्छ । सदाचार सुशासनको सुचालक हो । सदाचारी मानिस भएको समाज र देशमा भ्रष्टाचारको मार्ग अवरुद्ध हुन्छ । स्वभावमा जिउनुपर्ने मानिस प्रभावमा जिउन पुग्दा भ्रष्टाचारले ठाउँ पाउँछ । बलियोले कमजोरमाथि अनुचित व्यवहार गर्नु र कमजोरले स्विकार्दै जानु प्रभावमा जिउनु हो । मानिस भनेको शरीर मात्र हो भन्ने बुझेले पशुले जसरी प्रभावको जीवन जिउँछ । चेतनायुक्त विवेक हो मानिसको जीवन भन्ने बुझेले स्वभावमा बिताउँछ जीवन ।



मानिसको स्वभाव हो आनन्द । आनन्दमा रहेको मानिसले अरूलाई पनि आनन्द नै दिन्छ, भ्रष्ट व्यवहार गर्दैन । आनन्द मानवजीवनको अन्तिम लक्ष्य र पूर्णता दुवै हो । चैतन्यस्वरूप हो मानिस । चैतन्यस्वरूप नै आत्मा हो । आत्माले शरीर धारण गरेको हुन्छ । शरीरमा हुने चेतनाको गहिराई हो चैतन्यता । मानिस कमजोर प्राणी होइन । ऊ चैतन्यताजस्तो विलक्षण ज्ञान र ऊर्जाले भरिएको छ । मानिसले अज्ञानतावश आफूलाई जड शरीर मात्र ठान्छ । शरीर चेतनाको स्रोत र मोक्षप्राप्तिको सहायक साधन हो, साध्य होइन । चैतन्यस्वरूप आत्मबोध गरेर आनन्दमा स्थित हुनु साध्य हो । स्थिरताका लागि ढुंगाजस्तो जड पदार्थ पनि चाहिन्छ । चैतन्यताले ढुंगालाई मूर्तिमा रूपान्तरण गर्ने सत्वगुणवाला ज्ञान, ढुंगा कुँद्ने क्रियाशीलताका लागि आवश्यक पर्ने रजोगुण र एक ठाउँमा स्थिर भएर रहने तमोगुणको सन्तुलन मिलाइदिन्छ । धनसम्पत्ति र भौतिक साधनको बन्दोबस्त गर्ने बाहिरी जगत्को सारा खेल सत्व, रज र तमोगुणले खेल्छन् । यी गुणबाट गुणातीत भएपछि भित्री जगत्को आनन्दस्वरूप भेटेर मानव जीवनले पूर्णता वा मुक्ति पाउने बुटी ध्यान हो र त्यो नेपालले विश्वलाई दिन सक्छ । बाहिरी जगत् बाट मात्र मानवजीवनले पूर्णता पाउन सक्दैन । भित्री जगत्को अनिवार्यता रहन्छ । भित्री जगत् अध्यात्मले खोलिदिन्छ । अध्यात्म सेल्फ नलेज हो ।

आत्माको शासन स्विकार्नु असली अनुशासन हो । असली साधक आत्माबाटै शासित हुन्छ । आत्मालाई जे ठिक लाग्छ त्यही गर्छ । आत्मा सच्चाइ हो । भित्रको उन्नतिका लागि आत्मानुशासन आवश्यक हुन्छ, समाज वा विद्यालयले दिने सामान्य अनुशासनले भित्री उन्नति हुन सक्दैन । उन्नति भन्नाले धन सम्पत्ति जोड्ने भन्न खोजेको होइन । भित्री उन्नति भयो भने मात्र बाहिरी जगत्मा असली माल खरिद गर्न सकिन्छ । बाहिरी सम्पत्ति चाहिन्छ पनि । भित्रको उन्नतिले बाहिर मूल्यवान् कुराको कारोबार गराउँछ, जसले मुक्त जीवन जिउँदै जीवन सार्थक बनाउँछ । नेपाललाई आध्यात्मिक राष्ट्रका रूपमा उभ्याउन सके देशमा सुशासन कायम भई नेपाल आरोग्य पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्य बन्दै विश्वगुरु बन्ने गौरवसहित शान्त र समृद्ध मुलुक बन्नेछ ।

मदुरो न्युयोर्ककको कारागारमा, भेनेजुएलामाथि शासन गर्ने ट्रम्पको तयारी

अमेरिकी सेनाले शनिबार बिहान नाटकीय शैलीमा पक्राउ गरेको केही घण्टापछि अमेरिका पुऱ्याइएका भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई न्युयोर्कस्थित एक कारागारमा राखिएको छ। उनलाई लागुपदार्थ ओसारपसार (नार्को-टेरोरिजम)को अभियोगमा अदालतमा मुद्दा चलाइने भएको छ। मदुरोमाथि कोकिन आयात र अवैध हतियार राखेको आरोप लगाइएको छ। लागुऔषध तस्करीसम्बन्धी आरोपको सामना गर्न मदुरोदम्पतीलाई राजधानी काराकासबाट ब्रुकलिनको मेट्रोपोलिटन डिटेन्सन सेन्टरमा राखिएको हो। ६३ वर्षीय नेतालाई ब्रुकलिनको संघीय सुविधा मेट्रोपोलिटन डिटेन्सन सेन्टरमा राखिएको छ र सोमबार म्यानहट्टन संघीय अदालतमा प्रारम्भिक उपस्थिति हुने बताइएको छ। अमेरिकी विशेष सेनाले शनिबार भेनेजुएलाको राजधानी काराकसमा 'अपरेसन एब्सोल्युट रिजल्भ' अभियानअन्तर्गत मदुरोदम्पतीलाई पक्राउ गरेको थियो।





मदुरोलाई पक्राउ गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलालाई अमेरिकी नियन्त्रणमा राखिएको बताउँदै नयाँ नेतृत्व चयन नभएसम्म अमेरिकाले नै शासन चलाउने घोषणा गरेका छन्। विपक्षी दलकी नेतृ मारिया मचादोले अमेरिकी कदमको स्वागत गर्दै मदुरोका प्रतिस्पर्धी एडमन्डो गोन्जालेज उरुटियालाई सरकारको नेतृत्व दिनुपर्ने माग गरेकी छिन्।

भेनेजुएलाको सत्ता अब कसले चलाउँछ ?

अमेरिकाले निर्वाचित राष्ट्रपतिलाई नाटकीय शैलीमा कब्जा गरेर लगेपछि त्यहाँको सत्ता कसले सम्हाल्ने भन्ने विषयमा विवाद बढेको छ। अमेरिकाले भेनेजुएला कसरी चलाउने योजना बनाएको छ भन्ने स्पष्ट छैन। मदुरोलाई पक्राउ गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलालाई अमेरिकी नियन्त्रणमा राखिएको बताएका छन्। विपक्षी दलकी नेतृ मारिया कोरिना मचादाले भेनेजुएलाको नेतृत्व गर्न सक्ने चर्चा चलिरहेका वेला नयाँ नेतृत्व चयन नभएसम्म अमेरिकाले नै शासन चलाउने ट्रम्पले घोषणा गरेका हुन्। त्यसो त, मचादोले मदुरोको गिरफ्तारीलाई 'स्वतन्त्रताको घडी' भन्दै अमेरिकी कदमको स्वागत गरेकी छिन्।

उनले राष्टपति निर्वाचनमा मदुरोका प्रतिस्पर्धी तथा वरिष्ठ राजनीतिज्ञ एडमन्डो गोन्जालेज उरुटियालाई सरकारको नेतृत्व दिनुपर्ने माग पनि गरेकी छिन्। तर, ट्रम्पले भेनेजुएलाको सत्ता आफैँ चलाउने बताएका छन्। अमेरिकी विशेष सेनाले मदुरोलाई नियन्त्रणमा लिएपछि उनकी उपप्रमुख डेल्सी रोड्रिगेज कार्यवाहक राष्ट्रपति बनेकी छिन्। मदुरोको पक्राउपछि भेनेजुएलाको एक अदालतले ५६ वर्षीय रोड्रिगेजलाई अन्तरिम राष्ट्रपतिको पदग्रहण गर्न आदेश दिएको थियो। रोड्रिगेजले शनिबार दिउँसो एक टेलिभिजन सम्बोधनमा मदुरोलाई अमेरिकाले अपहरण गरेको भन्दै तत्काल रिहाइको माग गरेकी थिइन्। भेनेजुएलाले शनिबार राष्ट्रिय आपत्काल घोषणा गर्दै 'सैन्य आक्रमण'को निन्दा गरेको थियो।

मुख्यालयका अधिकारीलाई शुभकामना दिए मदुरोले

शनिबार न्युयोर्कस्थित लागुऔषध प्रवर्तन प्रशासन (डिइए)को मुख्यालयभित्र मदुरोलाई अधिकारीहरूले 'एस्कर्ट' गरिरहेको देखाइएको एउटा नयाँ भिडियो सार्वजनिक भएको छ। ह्वाइट हाउसको आधिकारिक च्यापिड रेस्पोन्स अकाउन्टबाट मदुरोको भिडियो सार्वजनिक भएको हो। भिडियोमा ६३ वर्षीय नेतालाई हथकडी लगाएको देखिन्छन्। उनले कोठामा रहेका अधिकारीहरूलाई 'शुभ रात्रि' र 'नयाँ वर्षको शुभकामना' भन्दै गरेको पनि सुनिन्छ। यसअघि अर्को भिडियोमा मदुरो अमेरिकी भूमिमा अवतरण गरेको देखाइएको छ।

डिइए कार्यालयबाट मदुरोलाई ब्रुकलिनको संघीय सुविधा मेट्रोपोलिटन डिटेन्सन सेन्टरमा लगियो। यो डिटेन्सन सेन्टर त्यही जेल हो जहाँ च्यापर सिन डिडी कम्ब्सलाई गत वर्ष उनको मुद्दाको अवधिभर राखिएको थियो। मदुरो र उनकी श्रीमती सिलिया फ्लोरेसलाई शनिबार (स्थानीय समय) बिहान भेनेजुएलाको राजधानी काराकसमा विशेष अमेरिकी सेनाले गरेको अनौठो आक्रमणको क्रममा पक्राउ गरिएको थियो।

महिनौँदेखि थियो अमेरिकाको तयारी

अमेरिकी गुप्तचरले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोको हरेक गतिविधिको महिनौँदेखि निगरानी गरिरहेका थिए। भेनेजुएला सरकारभित्रको एक स्रोतसहितको सानो टोलीले ६३ वर्षीय मदुरो कहाँ सुत्छन्, के खान्छन्, के लगाउँछन् भनेर निगरानी गरिरहेको थियो। शीर्ष सैन्य अधिकारीहरूका अनुसार टोलीले उनका घरपालुवा जनावरको पनि अवलोकन गरिरहेको थियो।

त्यसपछि, डिसेम्बरको सुरुमा, 'अपरेसन एब्सोल्युट रिजोलभ' नामक योजनाबद्ध मिसनलाई अन्तिम रूप दिइएको थियो। कारबाहीमा सेनाको डेल्टा फोर्ससहित सम्भ्रान्त अमेरिकी सेनाहरू संलग्न थिए।

यो कारबाहीलाई शीतयुद्धपछिको दक्षिण अमेरिकामा सबैभन्दा ठुलो सैन्य हस्तक्षेप मानिएको छ। आक्रमणबारे काग्रेसलाई पहिले नै जानकारी गराइएको थिएन र परामर्श गरिएको थिएन। आक्रमण क्रिसमस र नयाँ वर्षको बिचमा गर्ने योजना थियो, तर राम्रो मौसमका लागि केही ढिलो भएको थियो। अन्ततः राष्ट्रपति ट्रम्पले शुक्रबार राति मिसन सुरु गर्ने आदेश दिए।

'उहाँले हामीलाई शुभकामना दिनुभयो त्यसका लागि आभारी छौँ,' सैनिक जेनरल केनले भने। मिसनलाई पूर्णता दिन अमेरिकी एलिट फोर्सले मदुरो बस्ने काराकसस्थित 'सेफ हाउस'को दुरुस्तै (फुल साइज) नमुना बनाएर महिनौँसम्म अभ्यास गरेका थिए।

आदेशलगत्तै आकाश, जमिन र समुद्री मार्गबाट दुई घण्टा २० मिनेट लामो कारबाही भयो। आक्रमणको सटिकताका हिसाबले यो अभूतपूर्व थियो। ट्रम्पले यो अभियान फ्लोरिडाको पाम बिचस्थित आफ्नो एउटा क्लबमा बसेर प्रत्यक्ष प्रसारणमार्फत हेरेका थिए। उनीसँगै विदेशमन्त्री मार्को रुबिओ र सिआइए निर्देशक जोन च्याटिक्लफ पनि थिए।

आक्रमणको समयमा १५० वटाभन्दा बढी बमवर्षक, लडाकु जेट र गुप्तचर विमान रातभरि आकाशमा उडाइएका थिए। स्थानीय समयअनुसार बिहान करिब दुई बजे काराकासमा विस्फोटसहित आक्रमण सुरु गरिएको थियो। त्यसअघि अमेरिकी सेनाले राजधानी काराकासको विद्युत् आपूर्ति बन्द गरेको थियो।

आक्रमण सुरु भएको केही समयमै सैनिकहरू मदुरो रहेको सेफ हाउसमा पुगेका थिए। बिहानको छापा मार्ने क्रममा उनीहरू काराकासको उच्च सुरक्षित फिट ट्युना सैन्यपरिसरमा आफ्नो निवासभित्र सुतिरहेका थिए। अमेरिकी सैनिकहरू राष्ट्रपतीय भवनको परिसरभित्र पस्दै गर्दा बंकर भएको कोठातर्फ मदुरो भाग्न खोजेका थिए। तर, त्यहाँ नपुग्दै सेनाले नियन्त्रणमा लिएको थियो। शनिबार बिहान ४ बजेर २० मिनेट हुनुअघि नै हेलिकोप्टरहरूले मदुरो र उनकी पत्नीलाई निवासबाट 'थुतेर' बाहिर पुऱ्याइसकेका थिए। आक्रमणका क्रममा सेफ हाउसमा कसैको मृत्यु नभएको अमेरिकी विशेष सेनाले जनाएको छ। यसअघि अमेरिकी सेनाले काराकासका विभिन्न क्षेत्रमा गरेका विस्फोटमा तीन दर्जनभन्दा बढी मारिएका थिए।

ट्रम्पले एक सातादेखि भेनेजुएलामा लागुऔषध कार्टेलहरूमाथि जमिनमा आक्रमण गर्ने धम्की दिएका थिए। उनले क्यारिबियनमा विशाल नौसेना र हवाई उपस्थिति पनि तैनाथ गरेका थिए, जसमा अमेरिकाको सबैभन्दा अत्याधुनिक विमानवाहक युएसएस जेराल्ड आर फोर्ड र अन्य युद्धपोत खडा गरिएका थिए।

अमेरिका र धेरै युरोपेली सरकारहरूले मदुरोको वैधतालाई मान्यता दिएका थिएनन्। २०१८-२०२४ को निर्वाचनमा मदुरोले धाँधली गरेर विजयी भएको उनीहरूले बताएका थिए। ह्युगो चाभेजको उत्तराधिकारी बनेर सन् २०१३ देखि सत्तामा रहेका मदुरोले लागुऔषधको व्यापारमा कुनै पनि संलग्नतालाई अस्वीकार गर्दै भेनेजुएलामा पृथ्वीमा सबैभन्दा ठुलो तेल भण्डार भएकाले अमेरिकाले उनलाई हटाउन खोजिरहेको बताउँदै आएका छन्।

- एनडिटिभी, बिबिसी र अलजजिराको सहयोगमा

नौलो होइन दक्षिण अमेरिकामा वासिङटनको हस्तक्षेप

टियागो रोजेरो
रोजेरो द गार्जियनका लागि दक्षिण अमेरिकी संवाददाता हुन्



भेनेजुएलामाथि अमेरिकी बमबारी र त्यहाँका राष्ट्रपति निकोलस मादुरोलाई नियन्त्रणमा लिइएको घटनाले फेरि पछिल्लो दुई शताब्दीमा दक्षिण, मध्य अमेरिका र क्यारिबियनमा वासिङटनले गरेका हस्तक्षेपको लामो इतिहासलाई सम्झना गराएको छ। यसपटक दक्षिण अमेरिकी देश(क्यारिबियन तथा मध्य-अमेरिकाभन्दा तल्लो भेग)मा पहिलोपटक अमेरिकी सेनाले प्रत्यक्ष आक्रमण गरेको छ। मादुरोलाई अमेरिकी सेनाले कब्जामा लिएपछि आयोजित पत्रकार सम्मेलनमा, डोनाल्ड ट्रम्पले 'पश्चिमी गोलार्धमा फेरि अमेरिकी प्रभुत्वप्रति कहिल्यै प्रश्न नगरिने' दाबी गरे।

तर, संयुक्त राज्य अमेरिकाको तल्लो भेगका देशमाथि वासिङटनको या पहिलो हस्तक्षेप भने होइन। १९औँ शताब्दीको मध्यदेखि नै अमेरिकाले आफ्ना महाद्वीपलाई छिमेकीमाथि आर्थिक दबाब मात्र नभई सैन्य रूपमा पनि हस्तक्षेप गर्दै आएको इतिहास छ। अमेरिकी गुप्तचर गतिविधि लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई ढाल्न प्रयोग भएको इतिहास छ। त्यस्तै अमेरिकाले ब्राजिल, चिली र अर्जेन्टिनाजस्ता देशहरूमा सैन्य तानाशाहीलाई स्थापित गर्न मद्दत गरेको थियो। भेनेजुएलामाथिको हस्तक्षेपअघि अमेरिकाले खुला सैन्य कारबाही भने मध्य-अमेरिका र क्यारिबियन क्षेत्रका देशमा मात्र सीमित गरेको थियो।

अहिले दक्षिण अमेरिकी देशमा समेत प्रत्यक्ष सैन्य आक्रमण हुनुले अमेरिकाको 'विदेश तथा रक्षा नीतिमा ठुलो परिवर्तन आएको संकेत गर्दछ। हुन त यसतर्फ केही हप्ताअघि ट्रम्प सरकारले ल्याएको नयाँ राष्ट्रिय सुरक्षा रणनीतिले स्पष्ट पारिसकेको छ,' रियो दी जेनेरियोको स्टेट युनिभर्सिटीका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक मौरिसियो सान्तोरोले भने।सन् १८२३ मा तत्कालीन अमेरिकी राष्ट्रपति जेम्स मनरो 'अमेरिकीहरूका लागि अमेरिका' विदेश नीति अघि सारेका थिए, जसले सुरुमा अमेरिकी महादेशमा युद्धरत युरोपेली प्रभाव अस्वीकार्य हुने जो दिएकोमा पछि यसैलाई दक्षिण तथा मध्य-अमेरिकामा अमेरिका समर्थित सैन्य कुको औचित्य पुष्टि गर्न प्रयोग गरिन थालियो।

'शनिबार भेनेजुएलामा भएको अमेरिकी कारबाही विगतमा उसले चालेका विभिन्न अभियानसँग 'मिल्ने' भए पनि सन् १९८९ पछि यस्तो खालको कारबाही भएको थिएन,' टेम्पल विश्वविद्यालयका इतिहासका प्राध्यापक एलन म्याकफर्सनले भनिन्। म्याकफर्सनले ल्याटिन अमेरिका तथा क्यारिबियनमा अमेरिकी हस्तक्षेप सम्बन्धमा 'ए सर्ट हिस्ट्री अफ युएस' पुस्तक पनि लेखेकी छिन्। यस क्षेत्रका लगभग हरेक देशले विगतका दशकमा कुनै न कुनै प्रकारको अमेरिकी हस्तक्षेप भोगेका छन्, जुन कहिले खुला र कहिले गोप्य हुन्छन्।

मेक्सिको

हाल अमेरिकाको राज्य रहको टेक्सास पहिले मेक्सिकोको भूभाग थियो। यस क्षेत्रको सीमा विवाद उत्पन्न भए अमेरिकाले पूरै मेक्सिकोमाथि आक्रमण गरेको थियो। त्यस आक्रमणमा सन् १८४७ मा अमेरिकी सेना मेक्सिकोको राजधानी मेक्सिको सिटीसम्म पुगेर सो सहरसमेत कब्जा गर्ने अवस्थामा पुगेको थियो। तर, सन् १८४८ मा एक सन्धिमा हस्ताक्षर भएसँगै युद्ध समाप्त भयो। सन्धिअनुरूप मेक्सिकोले आफ्नो ५५ प्रतिशत भूभाग अमेरिकालाई सुम्पन बाध्य भयो। सोही सन्धिअनुरूप अहिलेका अमेरिकी राज्य क्यालिफोर्निया, नेभाडा र युटा राज्यको पूरै भूमि र एरिजोना, न्यू मेक्सिको, कोलोराडो र वायोमिङका केही भाग अमेरिकाले पाएको हो।

क्युवा

सन् १८९८ मा क्युवाले स्पेनबाट स्वतन्त्र हुन लडेको युद्धमा अमेरिकाले क्युवालाई मद्दत गरेको थियो। त्यस युद्धमा विजय हासिल गरेपछि, अमेरिकाले पोर्टो रिकोमाथि नियन्त्रण प्राप्त गऱ्यो। पछि वासिङटनले स्पेनबाट स्वतन्त्र भएको क्युबामाथि समेत नियन्त्रण कायम गऱ्यो। त्यहीवेला भएको एक सम्झौताले क्युवाको एक टापू ग्वान्टानामो खाडीमा अमेरिकी नौसेनाको स्थायी कार्यालय बन्यो। सन् १९०२ मा पहिलोपटक क्युवालाई कब्जामा लिएको अमेरिकी सेनाले पछि १९०६ देखि १९०९ सम्म र फेरि १९१७ देखि १९२२ सम्म टापु कब्जा गर्यो। फिडेल क्यास्ट्रोको नेतृत्वमा उठेको क्रान्ति सन् १९५९ मा सफल भएपछि मात्र त्यस टापुमाथिको अमेरिकी नियन्त्रण अन्त्य भएको थियो। तर, सिआइएले फिडेललाई हटाउन विद्रोह उठाउने प्रयासमा सन् १९६१ मा असफल 'बे अफ पिग्स' आक्रमणलाई समर्थन गरेको थियो।

हैटी

हैटीमा एकपछि अर्को नेता अपदस्थ भइरहेको अवस्थामा सो देशलाई 'स्थिर' बनाउने र अमेरिकी व्यावसायिक हितको रक्षा गर्ने बहानामा अमेरिकाले सन् १९१५ मा हैटीमाथि आक्रमण गऱ्यो। अमेरिकाले त्यसपछि लगातार सन् १९३४ सम्म भन्सार, वित्त र राष्ट्रिय बैंकको नियन्त्रणमा लिएको थियो। त्यहाँबाट बाहिरिएपछि पनि सन् १९५९ मा तानाशाह फ्रान्वा 'पापा डक' डुभालियरविरुद्ध जनविद्रोह बढ्ने डरबिच सिआइएले उनको अस्तित्व रक्षाका लागि पर्दापछाडिबाट सक्रिय रूपमा सघाएको थियो। अमेरिकाले त्यतिवेला डुभालियरलाई फिडेल क्यास्ट्रोको क्युबाली क्रान्तिको प्रभावलाई रोक्न सक्ने सहयोगीका रूपमा हेरेको थियो।

ब्राजिल

अमेरिकाले ब्राजिलमाथि कहिल्यै पनि हस्तक्षेप गरेन। तर, उसले त्यहाँको सैन्य सरकारविरुद्ध प्रतिरोध उठे त्यसको रक्षार्थ सघाउन भन्दै ब्राजिलको तटनजिक लामो समय नौसैनिक दस्ता तैनाथ राखेको थियो। अमेरिकाले रक्षा गरिरहेको सैन्य सरकार सन् १९६४ मा लोकतान्त्रिक रूपमा निर्वाचित वामपन्थी राष्ट्रपति जोआओ गौलार्टलाई अपदस्थ गरेर आएको थियो। सन् १९७० को दशकमा, सिआइए र एफबिआईले ब्राजिल, चिली र अर्जेन्टिनाजस्ता देशहरूमा तानाशाहको दमन प्रभावकारी बनाउनसमेत सघाएको इतिहास छ।

पानामा

सन् १९०३ मा पानामामा कोलम्बियाबाट अलग हुन पृथकतावादी आन्दोलन सुरु भएको थियो। अमेरिकाले पानामाको पक्षमा सैन्य रूपमै समर्थन जनायो। जब पानामा स्वतन्त्रता भयो तब त्यस देशमाथि वासिङटनको बलियो प्रभाव कायम भयो। सन् १९८९ मा, राष्ट्रपति जर्ज एचडब्लु बुसले पानामाका सैन्य तानाशाह म्यानुयल नोरिएगालाई पक्राउ गर्न लगभग २७,००० अमेरिकी सेनालाई पानामामाथि आक्रमणको आदेश दिएका थिए। कुनै वेला सिआइएसँग घनिष्ट रहेका नोरिएगालाई पछि अमेरिकामा ठुलो परिणाममा लागु पदार्थ तस्करी गरेको आरोप लगाइएको थियो। नोरिएगालाई पक्राउ गर्न भएको अेमरिकी कारबाहीमा अनुमानित २००-५०० नागरिक र लगभग ३०० पानामाली सैनिकहरू मारिएको थिए। त्यसपछि अमेरिकाले चुनावबाट गुइलेर्मो एंडारालाई राष्ट्रपतिको रूपमा स्थापित गऱ्यो। इतिहासकार म्याकफर्सनका अनुसार इतिहासमा अमेरिकी हस्तक्षेपहरूपछि एकदम विरलै मात्र 'शान्ति, स्थायित्व, स्थिरता र लोकतन्त्र' आएका छन्। 'अमेरिकी हस्तक्षेपले लगभग सधैँ नै उत्तराधिकारको दीर्घकालीन समस्या सिर्जना गरेको इतिहास छ,' उनले भने।

- द गार्जियनबाट

नेपाल विद्युत प्राधिकरण
मधेश प्रादेशिक कार्यालय
मुजेलिया, जनकपुरधाम, फोन नं.०४१-४२४३८७

लामो समय देखि दाबी नभएका दायित्व तथा धरौटीमा रहेका रकमहरु ने.वि.प्रा. को राजस्व आम्दानी जनाउन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।

लामो समयदेखि यस मधेश प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुरधाममा दाबी नभएका धरौटीमा रहेका रकमहरु भुक्तानी लिन आफ्नो सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ। उक्त अवधिभित्र भुक्तानी दाबीको लागि नआएमा उल्लिखित रकमहरु ने.वि.प्रा.को राजस्व आमदानीमा बाधिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ। धरौटी तथा दायित्वमा बाँकी रहेका रकमहरुको नामावली विवरण ने.वि.प्रा.को वेबसाईट **www.nea.org.np** मा हेर्न सकिने व्यहोरा अनुरोध छ।

अखिल नेपाल फुटबल संघ (एन्फा)
एन्फा कप्लेक्स, सातदोबाटो, ललितपुर

अर्डिनरी कंग्रेस (साधारण सभा) तथा एन्फा कार्यसमिति निर्वाचन सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः २०८२/०९/२१ गते

अखिल नेपाल फुटबल संघ (एन्फा) को मिति **२०८२ माघ २८ गते**, आयोजना हुने **अर्डिनरी कंग्रेस (साधारण सभा) तथा एन्फा कार्यसमिति निर्वाचन (२०८२-२०८६)** को ४ वर्षे कार्यकालको लागि सम्बन्धित सवै सदस्य संस्था तथा सरोकारवाला व्यक्तिहरुमा जानकारीका निम्ति यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

उक्त **साधारण सभा तथा एन्फा कार्यसमिति निर्वाचनबाट** अखिल नेपाल फुटबल संघ (एन्फा) को (२०८२-२०८६) ४ वर्षे कार्यकालको लागि हुने निर्वाचन प्रयोजनका लागि उम्मेदवारहरुको मनोनयन फाराम मिति २०८२ पौष २१ गते देखि एन्फा सचिवालय मार्फत प्राप्त गर्न सकिनेछ।

साथै उक्त कार्यसमितिको निर्वाचनका लागि सचिवालय मार्फत उपलब्ध गराएको उम्मेदवारी दर्ता फारम भरी मिति २०८२ माघ ३ गते भित्र संघको निर्वाचन समिति तथा एन्फा सचिवालय (कार्यालय समय भित्र) मा बुझाउनको लागि पनि यो सार्वजनिक सूचना मार्फत सूचित गरिन्छ।

यस सूचना सम्बन्धि थप जानकारी **अखिल नेपाल फुटबल संघको** कार्यालयको सम्पर्क नम्बर **०१-५२०१०६०** बाट प्राप्त गर्न सकिने छ।

-अखिल नेपाल फुटबल संघ (एन्फा)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड
Maya Khola Hydropower Company Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा-४, धुम्बाराही, काठमाण्डौं, फोन नं. ०१-४४३६३२५
इमेल: mayakhola.hpc@gmail.com, वेवसाइट: www.mkhpcl.com.np

लकइन (Lock In) अवधि समाप्त हुने बारेको जरूरी सूचना

यस कम्पनीको स्थानीय बासिन्दाहरूको लागि मिति २०७९/०८/२३ गतेदेखि मिति २०७९/०९/१७ गतेसम्म तथा सर्वसाधारण (कर्मचारी समेत) मिति २०७९/१०/१३ गतेदेखि मिति २०७९/१०/१७ गतेसम्म निष्कासन तथा बिक्री खुला गरी सर्वसाधारणहरुको लागि मिति २०७९/१०/२६ गते शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ। धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ३८ (१) बमोजिम यस कम्पनीको सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँट गरिएको मिति (अर्थात् मिति २०७९/१०/२६ गते) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनीहरूले धारण गरेको शेयर, स्थानीय बासिन्दाहरू तथा कर्मचारीहरूलाई बाँडफाँट गरिएको शेयर लकइनमा राख्नुपर्ने व्यवस्था भए बमोजिम लकइनमा राखिएको र उक्त शेयरको मिति २०८२/१०/२५ गते लकइनको समयावधि समाप्त हुने हुँदा संस्थापक शेयरधनीहरू, स्थानीय बासिन्दाहरू, कर्मचारीहरू तथा नियामक निकायहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

संस्थापक शेयरधनी, स्थानीय बासिन्दाहरू, कर्मचारीहरूको लकइनमा रहेको शेयर सम्बन्धी विवरण

क्र.सं.	समूह	शेयर संख्या
१	संस्थापकहरूको शेयर	६,६००,०००.००
२	स्थानीय बासिन्दाहरूको शेयर	१,०००,०००.००
३	कर्मचारीहरूको शेयर	४८,०००.००
	जम्मा शेयर	**७,६४८,०००.००**

नोटः सञ्चालक सदस्य रहेका व्यक्ति तथा कम्पनीको उच्च तहमा रहेका कर्मचारीहरूले भने पदमा रहेसम्म तथा पदबाट हटेपछि एक वर्षसम्म शेयर खरिद बिक्री गर्न पाउने छैन।

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि गण्डकी प्रदेश कार्यालय पोखराको, २१ दिने सूचना

(सूचना प्रकाशन मिति २०८२/०५/२१)

यस बैंकको तपसिलका कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

तपशिलः

१. सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, पोखरा, कास्की ।

क्र. सं.	कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८२।०५।१५ सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम
१	पाँचपोखरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (सं. जितेन्द्र सिग्देल/ जगं बहादुर गुरुङ)	गौरीशंकर- ६, दोलखा			सरल ठेक्कापट्टा कर्जा	३,००,००,०००/००	११,१३,२६१/६५	३,११,१३,२६१/६५	१. जितेन्द्र सिग्देल २. ज्ञानेन्द्र प्रसाद सिग्देल ३. सुधा सिग्देल ४. जगं बहादुर गुरुङ
					ट्रेड फाईनान्स कर्जा	१५०,००,०००/००	९९०,६३६/९७	१५९,९०,६३६/९७	

कृषि विकास बैंक लि.
गण्डकी प्रदेश कार्यालय, पोखरा ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार २१ पुस ०८२

आयात प्रतिस्थापन गर्दै स्थानीय च्याउ



आर्थिक वर्ष ०८१/८२ मा दुई हजार दुई सय ६२ किलो ताजा च्याउ आयात भएको थियो । तर, सोही वर्ष १७ हजार एक सय ९८ किलो निर्यात भएको विभागको तथ्यांक छ ।

नयाँ पत्रिका

विगतमा ठुलो परिमाणमा आयात हुने गरेको च्याउ अहिले निर्यातको बाटोमा छ । मुलुकभित्रै व्यावसायिक उत्पादन बढेकाले च्याउको आयात प्रतिस्थापन भइरहेको कृषि विभागले जनाएको छ ।

विभागका अनुसार पछिल्लो समय आयातको तुलनामा ताजा च्याउको निर्यात हिस्सा धेरै छ । गत आर्थिक वर्ष ०८१/८२ मा दुई हजार दुई सय ६२ किलो ताजा च्याउ आयात भएको थियो । तर, सोही वर्ष १७ हजार एक सय ९८ किलो निर्यात भएको विभागको तथ्यांक छ । उक्त परिमाणको च्याउ निर्यातबाट एक करोड एक लाख ३९ हजार रुपैयाँ आम्दानी भएको थियो ।

सात वर्षअघि भने निर्यातको तुलनामा आयात परिमाण धेरै थियो । आर्थिक वर्ष ०७५/७६ मा दुई लाख ९४ हजार एक सय ६४ किलो च्याउ आयात हुँदा आठ सय १० किलो मात्रै निर्यात भएको थियो । सिँचाइ, मल र जमिनविना थोरै लगानीमा मनग्गे आम्दानी देखेर किसानहरू च्याउ खेतीतर्फ आकर्षित हुने क्रम बढेकाले उत्पादनमा उल्लेख्य सुधार आई निर्यातसमेत हुन थालेको विभागका महानिर्देशक प्रकाशकुमार सज्जेलले बताए ।

हाल वार्षिक १५ हजार टनभन्दा बढी च्याउ उत्पादन भइरहेको विभागको तथ्यांक छ । मौसमी च्याउ खेती मात्रै हुने र बजारमा ताजा च्याउ मात्रै बिक्रीका लागि उपलब्ध गराउने भएकाले किसानले बेमौसमी उत्पादनमा ध्यान दिन जरुरी रहेको उनले बताए । च्याउलाई सुकाएर वा अन्य कुनै तरिकाबाट प्रशोधन गरी बजारीकरण हुन नसकेको उनको भनाइ छ । बेमौसमी बजार भने अहिले पनि आयातमै निर्भर भइरहेको विभागको तथ्यांक छ । विभागका अनुसार सुकेको च्याउ वार्षिक रूपमा १० हजार किलोभन्दा बढी आयात भइरहेको छ ।

■ नौ प्रकारका च्याउ उत्पादन

मुलुकभित्र हाल मुख्यतया नौ प्रकारका च्याउ उत्पादन भइरहेको कृषि विभागको तथ्यांक छ । विभागका अनुसार सबैभन्दा धेरै उत्पादन र माग गोब्रे, कन्ये र सिताके च्याउको छ । चिस्यानको मात्रा र पौष्टिकता पनि बढी हुने भएकाले सहरी क्षेत्रका रेस्टुरेन्ट र घरेलु उपभोक्ताले यी तीन थरी च्याउको खपत धेरै गर्ने गरेको विभागको भनाइ छ । त्यस्तै पराले, दुधे, रातो, राजा, गुलाबी र पहेँलो कन्ये च्याउ मुलुकभित्रै उत्पादन हुने गरेको विभागले जनाएको छ ।

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)
खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड
का.म.न.पा. वडा न ०४, विशालनगर, काठमाण्डौ
फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०
Email: khanikhola.hpcl@gmail.com
को

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०९/२१

यस कम्पनीको मिति २०८२/०९/०९ मा बसेको सञ्चालक समितिको १०४ औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८२ पौष ३० गते, बुधबार (14 January 2026, Wednesday)
स्थान : धुम्र बाराह भेन्यु, धुम्बराहि ।
समय : विहान ११:०० बजे देखि ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।
२) आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने बारे ।
३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(ख) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट: वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारी मिति २०८२/०९/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ । वार्षिक साधाण सभा सम्बन्धी अन्य जानकारी कम्पनीको वेवसाइट www.kkhpcl.com.np मा हेर्न अनुरोध छ ।

स्रोत नहुँदा संघीय सरकारले तिर्न बाँकी भुक्तानी ३५ अर्ब ८० करोड

आव ०८१/८२ मा तीन तहकै सरकारको तिर्नुपर्ने भुक्तानी दायित्व ३७ अर्ब ९० करोड, सार्वजनिक निर्माणतर्फ तीन अर्ब ९८ करोड



■ पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधान भन्छन्-

हाम्रो प्रतिबद्धताको लेखांकन हुँदैन । सरकारले लेखाप्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ । ठेक्का सम्झौता गर्दा नै स्रोत सुनिश्चितता अनिवार्य गर्नुपर्छ । अब कुनै पनि आयोजना ठेक्कामा जानुअघि बजेटको स्पष्ट व्यवस्था र रकमान्तरको सम्भावना सुनिश्चित गर्नुपर्ने हुन्छ ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

आर्थिक वर्ष ०८१/८२ मा संघीय सरकारले स्रोत व्यवस्थापन नगरी वस्तु तथा सेवा खरिद गरेबापत तिर्नुपर्ने भुक्तानीको दायित्व ३५ अर्ब ८० करोड ५६ लाख रुपैयाँ पुगेको छ । महालेखा नियन्त्रकको कार्यालयले तयार पारेको संघ, प्रदेश र स्थानीय सरकारको एकीकृत वित्तीय विवरणअनुसार प्रदेश र स्थानीय सरकारसमेत समेट्दा यस्तो दायित्व ३७ अर्ब ९० करोड ६७ लाख रुपैयाँ कायम छ ।

पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधानले सरकारले आयोजना बैंक बनाए पनि कार्यान्वयनमा नल्याउँदाको परिणाम सरकारको भुक्तानी दायित्व बढ्दै जाने समस्या बढेको बताए ।

उनले भने, 'हाम्रो प्रतिबद्धताको लेखांकन हुँदैन ।सरकारले प्रतिबद्धता लेखाप्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ । ठेक्का सम्झौता गर्दा नै स्रोत सुनिश्चितता अनिवार्य गर्नुपर्छ । अब कुनै पनि आयोजना ठेक्कामा जानुअघि बजेटको स्पष्ट व्यवस्था र रकमान्तरको सम्भावना सुनिश्चित गर्नुपर्ने हुन्छ ।'

उनले भुक्तानी दायित्वमा सम्बन्धित मन्त्रालयको भूमिका महत्त्वपूर्ण हुने बताए । उनले भने, 'आयोजनाको प्रारम्भिक चरणमा सम्बन्धित मन्त्रालयको मुख्य जिम्मेवारी रहनेछ भने त्यसपछि राष्ट्रिय योजना आयोगले योजना छनोट र प्राथमिकता निर्धारण गर्छ । सबै प्रक्रिया पूरा भएपछि अर्थ मन्त्रालयले अन्तिम दायित्व बहन गर्ने व्यवस्था छ ।'

सरकारले तयारीविनाका आयोजना बजेटमा समावेश गर्ने अभ्यास अन्त्य गर्नुपर्ने उनको भनाइ छ । उनले भने, 'अहिले अर्थमन्त्रीज्यूले आवश्यक अध्ययन, डिजाइन र स्रोत सुनिश्चितता नभएका आयोजना हटाउनुभएको छ । यो त ऐनमै भएको व्यवस्था हो । तयारी पूरा नभएका र स्रोत नखुलेका आयोजना राख्न नमिल्ने व्यवस्था लागू गर्नुपर्छ ।'

आर्थिक अनुशासन कायम गर्न सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन कडाइका साथ कार्यान्वयनमा ल्याए मात्रै सुधार आउने उनको भनाइ छ । सोही ऐनअनुसार मन्त्रालयका सचिवहरूले प्रत्येक महिना आयोजना र खर्चको समीक्षा गर्नुपर्ने र लापरबाही देखिएमा सम्बन्धित निकायलाई दण्डात्मक कारबाहीसमेत गर्न सकिने व्यवस्था रहेको उनले जानकारी दिए ।

सबैभन्दा बढी भुक्तानी बाँकी रकम संघ सरकारको छ । संघ सरकारतर्फ मात्रै ३५ अर्ब ८० करोड ५६ लाख रुपैयाँ भुक्तानी हुन बाँकी छ भने प्रदेश सरकारको १३ अर्ब ९४ करोड ६९ लाख रुपैयाँ र स्थानीय तहको सात अर्ब ६ करोड ४१ लाख रुपैयाँबराबरको रकम भुक्तानी हुन बाँकी छ ।

चालू खर्चअन्तर्गत सबै तहमा गरी २९ अर्ब ५७ करोड १८ लाख रुपैयाँ भुक्तानी हुन बाँकी छ । यसमा संघ सरकारको हिस्सा २९ अर्ब २३ करोड रुपैयाँभन्दा बढी छ ।

पारिश्रमिक तथा सुविधा खर्चतर्फ सात अर्ब दुई करोड ५२ लाख रुपैयाँ भुक्तानी बाँकी छ भने मालसामान तथा सेवाको उपभोग खर्चमा एक अर्ब ४८ करोड ४३ लाख रुपैयाँ तिर्न बाँकी देखिन्छ । त्यसैगरी ब्याज, सेवा शुल्क तथा बैंक कमिसनबापत मात्रै ६ अर्ब ३८ करोड ३८ लाख रुपैयाँ संघ सरकारबाट भुक्तानी हुन बाँकी छ । अनुदान खर्चतर्फ १२ अर्ब १४ करोड ४८ लाख रुपैयाँ र सामाजिक सुरक्षा खर्चतर्फ करिब ३९ करोड ८४ लाख रुपैयाँ भुक्तानी दिन बाँकी रहेको तथ्यांकले देखाउँछ ।

पुँजीगत खर्चतर्फ सबै तहमा गरी आठ अर्ब ३३ करोड ४८ लाख रुपैयाँ भुक्तानी हुन बाँकी छ । यसमध्ये संघ सरकारको हिस्सा ६ अर्ब ५७ करोड २२ लाख रुपैयाँ रहेको छ । स्थिर सम्पत्ति प्राप्ति खर्चतर्फ मात्रै आठ अर्ब ३३ करोड ४३ लाख रुपैयाँ भुक्तानी बाँकी छ । यसमा सार्वजनिक निर्माणतर्फ तीन अर्ब ९८ करोड २६ लाख रुपैयाँ, सवारीसाधन तथा मेसिनरी औजारतर्फ एक अर्ब ९७ करोड ८४ लाख रुपैयाँ र भवन तथा संरचनातर्फ ७९ करोड ९८ लाख रुपैयाँ भुक्तानी हुन बाँकी देखिन्छ ।

भुक्तानी प्रक्रियामा ढिलाइ, आयोजना कार्यान्वयनको सुस्तता र अन्तिम त्रैमासिकमा मात्र खर्च बढ्ने प्रवृत्तिका कारण ठुलो रकम बक्यौता देखिएको जानकारहरूको विश्लेषण छ । समयमै भुक्तानी नहुँदा निर्माण व्यवसायी, आपूर्तिकर्ता र सेवाप्रदायकले चासो व्यक्त गर्दै आएका छन् ।

सार्वजनिक निर्माणमा संघीय सरकारले तिर्नुपर्ने भुक्तानी दायित्व दुई अर्ब ७१ करोड पुगेको छ । जसमा एक अर्ब ४६ करोडको दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको छ । ५१ करोड ४६ लाखको दायित्व सहरी विकास मन्त्रालयको छ । २९ करोड ३७ लाख ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको छ भने २७ करोड ४३ लाखको दायित्व खानेपानी मन्त्रालयको छ ।

■ विभिन्न तहका सरकारले तिर्न बाँकी बक्यौताका शीर्षकहरू

खर्चको प्रकार	संघ	प्रदेश	स्थानीय तह	जम्मा
चालू खर्च	२९,२३,३३,९२,३८६	१६,३७,५५,५७१	१७,४७,१०,९०८.१०	२९,५७,१८,५८,८६५
पारिश्रमिक/सुविधा खर्च	७,००,२७,५९,४२५	७३,२०,२१३.१६	१,५१,८७,१२७	७,०२,५२,६६,७६५
मालसामान तथा सेवाको उपभोग खर्च	१,२१,८१,५९,९२५	१२,१४,८१,१६०.५०	१४,४६,८५,८६१.१०	१,४८,४३,२६,९४७
ब्याज, सेवा शुल्क तथा बैंक कमिसन	६,३८,३८,५२,१०४	०	०	६,३८,३८,५२,१०४
सहायता खर्च	३७,७८,५१०	२,१५,४३,४३७.२८	१३,९६,७३०	२,६७,१८,६७७.२८
अनुदान खर्च	१२,१४,४०,८२,२३९	५,५०,८३९	२,४४,१५०	१२,१४,४८,७७,२२८
सामाजिक सुरक्षा खर्च	३८,१९,६६,८१५	७१,८०,६६३.०८	९३,२५,३३०	३९,८४,७२,८०८.१०
अन्य खर्च	२९,८७,९३,३६९.५०	५६,७९,२५८	३८,७१,७१०	३०,८३,४४,३३७.५०
पुँजीगत खर्च	६,५७,२२,४१,५९७	१,२३,०९,३६,४२७	५३,१६,९९,९४५.२०	८,३३,४८,७७,९६९
स्थिर सम्पत्ति प्राप्ति खर्च	६,५७,१६,९५,७७६	१,२३,०९,३६,४२७	५३,१६,९९,९४५.२०	८,३३,४३,३२,१४८
भवन तथा संरचना	७९,९८,०१,९०७.३०	०	०	७९,९८,०१,९०७.३०
सवारीसाधन तथा मेसिनरी औजार	१,९७,८४,७६,३०४	०	०	१,९७,८४,७६,३०४
अन्य पुँजीगत खर्च	४३,४९,८८,५२८.३०	०	०	४३,४९,८८,५२८.३०
सुरक्षा उपकरण	०	०	०	०
सार्वजनिक निर्माण	२,७५,१७,३५,५२८	१,२३,०९,३६,४२७	०	३,९८,२६,७१,९५५
निर्मित संरचनाको सुधार खर्च	१,८१,२९,३८८	०	०	१,८१,२९,३८८
पुँजीगत सुधार खर्च	५८,८५,६४,१२१.१०	०	०	५८,८५,६४,१२१.१०
प्राकृतिक सम्पत्ति खर्च	५,४५,८२१	०	०	५,४५,८२१
जग्गा प्राप्ति	५,४५,८२१	०	०	५,४५,८२१
अदृश्य सम्पत्ति प्राप्ति खर्च	०	०	०	०
जम्मा	३५,८०,५६,३३,९८३	१३,९४,६९,१९,९९८	७,०६,४१,०८,८५३.३०	३७,९०,६७,३६,८३४

संक्षेप

दोहोरो अंकले घट्यो नेप्से



काठमाडौं/ आइतबार नेप्से परिसूचक १०.२९ अंकले घटेर २६१०.६३ विन्दुमा रोकिएको छ । कारोबारको अघिल्लो दिनको तुलनामा नेप्से घटेपछि कारोबार रकम भने बढेको छ । अघिल्लो कारोबार दिन चार अर्ब ७१ करोडको सेयर किनबेच भएकोमा यस दिन पाँच अर्ब एक करोडको खरिद-बिक्री भएको छ । आइतबार तीन सय २३ वटा धितोपत्रको एक करोड दुई लाख ७४ हजार एक सय २६ कित्ता सेयर किनबेच भएको हो । सो दिन ७९ कम्पनीको सेयर मूल्य बढेको छ भने एक सय ७१ वटाको घटेको छ । कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये तीन समूहको परिसूचक बढेको छ भने बाँकी सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो ।

सुनचाँदीको मूल्य घट्यो

काठमाडौं/ नेपाली बजारमा आइतबार सुनचाँदीको मूल्य घटेको छ । आइतबार तोलामा दुई हजार एक सय रुपैयाँले घटेर प्रतितोला सुन दुई लाख ६० हजार चार रुपैयाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । यस्तै, चाँदीको मूल्य पनि घटेको छ । तोलामा २५ रुपैयाँले घटेर आइतबार चार हजार पाँच सय रुपैयाँमा कारोबार भइरहेको छ । शुक्रबार भने चार हजार पाँच सय २५ रुपैयाँ कायम भएको थियो ।

सुदूरपश्चिमको दोस्रो पञ्चवर्षीय योजना बनाउँदै नीति आयोग

धनगढीमा तेजराज भट्ट

सुदूरपश्चिम प्रदेशको नीति तथा योजना आयोगले दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि सुझाव लिन विज्ञ तथा सरोकारवालासँग छलफल थालेको छ । दोस्रो पञ्चवर्षीय योजनालाई आधार मानेर आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नुपर्ने भएकाले चैत मसान्तभित्र निर्माण गरिसक्ने तयारी भएको आयोगले जनाएको छ ।

मुलुक संघीय संरचनामा गएपछि प्रदेश सरकारले बनाएको पहिलो पञ्चवर्षीय योजनाको अवधि चालू आर्थिक वर्षमा सकिँदै छ । आयोगका उपाध्यक्ष डा. जीवन रानाले दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि विभिन्न क्षेत्रका विज्ञ, जनप्रतिनिधि, राजनीतिकर्मीलगायत सरोकारवालाका सुझाव लिने काम आयोगले गरिरहेको जानकारी दिइन् ।

आयोगले १ पुसमा काठमाडौंमा अन्तर्क्रिया गरिसकेको छ । त्यस्तै, दोस्रो पञ्चवर्षीय योजनाबारे धनगढीमा पनि आइतबार आयोगका अध्यक्षसमेत रहेका मुख्यमन्त्री कमलबहादुर शाह, आयोगका पदाधिकारी र प्रदेश मन्त्रालयका सचिवहरूबिच छलफल भएको छ । प्रदेशका ८८ वटै तहका जनप्रतिनिधिसँग पनि छिट्टै सुझाव लिन लागिएको आयोगले जनाएको छ । आर्थिक वर्ष ०७८/७९ देखि कार्यान्वयनमा आएको पहिलो पञ्चवर्षीय योजनाले प्रदेशको विकासका लागि कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणलाई पहिलो, पर्यटन विकासलाई दोस्रो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माणलाई तेस्रो प्राथमिकतामा राखेको छ ।



महत्त्वाकांक्षी लक्ष्य, स्रोतको कमी र भएको स्रोत मनपरी वितरणले पहिलो पञ्चवर्षीय योजनाका लक्ष्यहरू अधुरै छन् । योजनाले आर्थिक वर्ष ०८२/८३ सम्म प्रदेशको आर्थिक वृद्धिदर ३.६ बाट बढाएर १०.५ प्रतिशत पुऱ्याउने लिएको थियो । तर, पछिल्लो आर्थिक सर्वेक्षणअनुसार यहाँको आर्थिक वृद्धिदर सबै प्रदेशभन्दा कम ३.२८ प्रतिशत रहेको छ । कृषि तथा उद्योग क्षेत्रको औसत वृद्धि, उद्योग क्षेत्रको औसत वृद्धि ४.२ बाट १६.८ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा खासै परिवर्तन भएको छैन । गरिबीको रेखामुनि रहेको जनसंख्या २४.६ बाट ११ मा झार्ने लक्ष्य लिइएकोमा झँडै १० प्रतिशतले बढेको विभिन्न अध्ययनले देखाएको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना कार्यालय
डुम्रे-भन्सार, तनहुँ

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

(सूचना प्रकाशन मितिः २०८२/०५/२१)

यस कार्यालयबाट प्रक्षेपण राष्ट्रिय दैनिकको मिति २०८२/०५/१३ को संस्करणमा प्रकाशित Invitation for Bids Notice No. NTPO/Dumre-Bhansar/01/082/83 को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आवहान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरूबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवंम् आर्थिक प्रस्ताव मध्ये मिति २०८२/०६/१२ मा खोलिएको बोलपत्रदाताहरूका प्राविधिक प्रस्तावहरूको बोलपत्र मुल्याकंन समितिबाट मुल्याकन सम्पन्न भई मिति २०८२/०९/२० को निर्णय अनुसार स्वीकृत भएको हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मिति र समय :२०८२/०९/२८ गते १३:०० बजे, स्थानः नयाँ शहर आयोजना कार्यालय, डुम्रे-भन्सार

सि. नं.	ठेक्का नं	कामको विवरण	प्राविधिक प्रस्ताब सारभूत रुपमा प्रभावग्राही देखिएका बोल्पत्रदताहरूको नामावली
1	NTPO/ DUMREBHANSAR/ WORKS/NCB/ 2082/083/04	Construction Work for Office Building of Transport Management Office	Hom Nirman Sewa,Gorkha
			Aama Engineering and Construction Pvt.Ltd,Kathmandu
			Rabin-Multi Nirman Sewa JV, Kathmandu
			B.P Shova Bhagawati JV, Kathmandu
			Badu Abinab JV,Kathmandu
			Ratna Infrastructure Pvt. Ltd, Nuwakot
			Chhimkeshwori Nirman Sewa,Tanahun
			Nawaranga Nirman Sewa Pvt. Ltd, Kathmandu

आयोजना प्रमुख

मायाखोला हाईड्रोपावर कम्पनी लिमिटेड
धुम्बाराहि, काठमाडौं फोन नं. ०१-४५३६३२५
Email: mayakhola.hpcl@gmail.com, Website: www.mkhpcl.com.np

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०९/२१

यस कम्पनीको मिति २०८२/०९/०६ मा बसेको सञ्चालक समितिको सतहत्तरौं बैठकले गरेको निर्णय अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८२ पौष २८ गते,सोमबार (12 January 2026, Monday)
स्थान : धुम्र बाराह भेन्यु, धुम्बराहि ।
समय : विहान ११:०० बजे देखि ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु

१) आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।
२) आ.व २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने बारे ।
३) आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४) विविध ।

(ख) विशेष प्रस्तावहरु

१) यस कम्पनीले विभिन्न बैकहरुबाट लिएको कर्जा तिर्नको लागि हाल कायम चुक्ता पूँजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।
२) कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने बारे ।
३) नियमावलीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप गर्ने बारे।

ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट: वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारी मिति २०८२/०९/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ । वार्षिक साधाण सभा सम्बन्धी अन्य जानकारी कम्पनीको वेवसाइट www.mkhpcl.com.np मा हेर्न अनुरोध छ ।

वसन्तपुर-गुफा जोड्ने सडक तीन दशकदेखि अलपत्र

ताप्लेजुङमा केशवप्रसाद भट्टराई

तीनजुरे-मिल्के-जलजले क्षेत्रको मुख्य प्रवेशद्वार मानिने वसन्तपुर-गुफा सडक तीन दशक बित्दा पनि अलपत्र अवस्थामा रहेको छ । पर्यटन, व्यापार र विभिन्न जिल्ला जोड्न महत्त्वपूर्ण मानिएको यो सडक ०५० सालमा शिलान्यास गरिएको थियो । तर, शिलान्यास भएको भन्डै ३२ वर्ष बित्दा पनि ट्र्याक खोल्नेबाहेक उल्लेख्य स्तरोन्नति हुन सकेको छैन ।

तेह्रथुमको वसन्तपुरदेखि गुफापोखरी हुँदै ताप्लेजुडको साँघु र सदरमुकाम फुङलिङसम्म पुग्ने यो सडक तेह्रथुम र ताप्लेजुङ जोड्ने छोटो मार्ग हो । सडक सहज भएमा पाथीभरा, ताप्लेजुडको फुङलिङ बजार, फुङफुङ्गे झरनालगायतका धार्मिक तथा पर्यटकीय गन्तव्यसम्म पुग्न पर्यटकलाई सहज हुने स्थानीयको भनाइ छ । तर, अहिलेको अवस्थामा भने यात्रु र सवारीचालक दुवै यो मार्ग प्रयोग गर्न हिचकिचाउने गरेका छन् ।

सडकका अधिकांश खण्डमा खाल्टाखुल्टी छन् । हिउँदमा अत्यधिक धुलो उड्छ भने बर्खायाममा सडक हिलाम्मे हुन्छ । कतिपय स्थानमा सडक साँघुरो र भासिने खालको हुँदा सवारी चिप्लिने र दुर्घटनाको जोखिम सधैं रहन्छ । सामान्य वर्षा भए पनि सडक अवरुद्ध हुने अवस्थाले तेह्रथुम र ताप्लेजुडबिचको आवतजावत प्रभावित हुँदै आएको छ ।

वसन्तपुरदेखि गुफापोखरीसम्म करिब २८ किलोमिटर दूरी रहेको यस सडकको खराब अवस्थाले गुफापोखरी मात्र होइन, तीनजुरे-मिल्के क्षेत्रभित्र पर्ने पाँचपोखरी, मंगलबारे, चौकीलगायतका पर्यटकीय स्थल र ताप्लेजुडतर्फका गन्तव्यसमेत प्रभावित बनेका छन् । गुराँस फुल्ने मौसम, हिउँ पर्ने समय र चाडपर्वमा पर्यटकले भरिने यी क्षेत्र अहिले क्रमशः सुनसान बन्दै गएका छन् । सुनसरीको इटहरीबाट धरान, धनकुट, वसन्तपुर, मिल्के तथा गुफापोखरी हुँदै ताप्लेजुङ घुम्न आएका पर्यटकका लागि प्राकृतिक सुन्दरता अत्यन्तै सुन्दर छ, तर सडककै कारण यात्रा कठिन हुने गरेको बताउँछन् । धेरैजसो पर्यटक आधा बाटोबाटै फर्किने गरेको स्थानीय बताउँछन् । यही अवस्था रहे ताप्लेजुडका धार्मिक र प्राकृतिक गन्तव्यसम्म पुग्ने पर्यटक संख्या थप घट्ने स्थानीयको चिन्ता छ । सडकको दुरवस्थाले सवारीचालक पनि मारमा परेका छन् । सुनरीको धरानदेखि वसन्तपुर हुँदै ताप्लेजुडको मैवाखोला- १, तेल्लाबुडसम्म बस सञ्चालन गर्दै आएका जीवन खतिवडाले बताए ।

बागमती प्रदेशका सिइओ क्लब सदस्यलाई नेसनल लाइफको सम्मान



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले सिइओ क्लब सदस्य सम्मान कार्यक्रम गरेको छ। कम्पनीले आर्थिक वर्ष ०८१/८२ मा तोकिएको बिमाशुल्क संकलन गरी बागमती प्रदेशबाट योग्य भएका पाँच सयजनाभन्दा बढी अभिकर्तालाई सम्मान गरेको हो।
कम्पनीले विभागीय प्रमुखहरू, प्रदेश प्रमुख एवं बागमती प्रदेशअन्तर्गतका शाखा कार्यालयका शाखा प्रमुखको सहभागितामा कम्पनीले सिइओ क्लब सदस्य बन्न सफल अभिकर्तालाई सम्मान गरेको हो।
प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशप्रसाद खत्रीले सदस्यलाई सिइओ क्बलको सदस्यता वितरण तथा सम्मान गरे। त्यस्तै, नेसनल रत्न र नेसनल स्टार विजेता अभिकर्तालाई पनि कम्पनीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गरिएको थियो। बागमती प्रदेशबाट आफ्नो कोड र सञ्जालमा प्रथम, द्वितीय र तृतीय हुन सफल उत्कृष्ट अभिकर्तालाई विशेष सम्मान तथा पुरस्कृत गरिएको कम्पनीले जनाएको छ।

सुजलको 'डिलाइट डेरी प्राइड'



काठमाडौं/ सुजल डेरी प्राइभेट लिमिटेडले नेपालमा पहिलोपटक 'डिलाइट डेरी प्राइड : इन्स्ट्यान्ट फुल क्रिम मिल्क पाउडर' बजारमा ल्याएको छ। प्रिमियम गुणस्तरको यो मिल्क पाउडर आवश्यक पोषक तत्त्वले भरिपूर्ण रहेको बताइएको छ। यसमा चिनी मिश्रण नगरिएकाले हरेक दिनको पोषणका लागि भरपर्दो र भरोसायोग्य विकल्प रहेको कम्पनीको दाबी छ।
डिलाइट डेरी प्राइडले दुधको प्राकृतिक गुण जोगाउँदै क्यालिसियम, प्रोटिन, भिटामिन ए, भिटामिन डीजस्ता आवश्यक पोषक तत्त्व प्रदान गर्छ। ताजा दुधबाट बनाइने यो मिल्क पाउडर एक केजीको २१ सय रुपैयाँमा उपलब्ध हुनेछ। यसबाट पोषणयुक्त, छिटो र भरपर्दो दुध विकल्पको बढ्दो आवश्यकता प्रभावकारी रूपमा पूरा गर्ने कम्पनीको विश्वास छ।

Nepal Government
Ministry of Water Supply
Department of water Supply & Sewerage Management
Water Supply & Sewerage Management Office
Besisahar, Lamjung

Invitation for Bid (IFB)

(First Date of Publication: Monday, January 5, 2026)

Water Supply & Sewerage Management Office, Lamjung invites open competitive bidding from eligible bidders for the construction of following work under National Competitive Bidding (NCB)

Contract Identification No.	Description	Price of Bid Document	Bid Validity Period	Bid Security/ Bid Bond	Last Date of Bid Submission
IFB/06/2082/83/ works/ WSSMO/ Lamjung	Construction Works of Brihat Ramchekhola Water Supply Project, Madhyanepal Municipality, Lamjung	NRs. 5,000.00	90 days	NRs. 660,000.00	Thursday, February 5, 2026

Eligible bidders may obtain further information from Water Supply and Sewerage Management Office, Lamjung, (Tel:066-520110,520080, email: fwssmplamjung@gmail.com) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Office Chief

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७०/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरु
७)	**१) ऋणी फर्म : दिव्यांश ट्रेडर्स एण्ड जेनरल सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : दिपु कुमार श्रीवास्तव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९३९८/२४९, दर्ता मिति २०७७/०६/११, ठेगाना: जिल्ला रौतहट, गौर न.पा. वडा नं. ५	१) दिपु कुमार श्रीवास्तव २) सुरेन्द्र प्रसाद श्रीवास्तव ३) कोमल किरण वर्मा ४) निलम कुमारी देवी
	२) ऋणी फर्म : जय मां लक्ष्मी ट्रेडर्स एण्ड जेनरल सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : सुरेन्द्र प्रसाद श्रीवास्तव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ३३५५/४७३, दर्ता मिति २०७१/०१/१७, ठेगाना : जिल्ला रौतहट, गौर न.पा./गा.वि.स. वडा नं. ७	१) दिपु कुमार श्रीवास्तव २) सुरेन्द्र प्रसाद श्रीवास्तव ३) कोमल किरण वर्मा ४) निलम कुमारी देवी
	कर्जाको किसिम : बिना धितो कर्जा **३) ऋणी : कोमल किरण वर्मा** स्थायी ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५, बाबु : अरुण कुमार वर्मा, ससुरा : सुरेन्द्र प्रसाद श्रीवास्तव, पति : दिपु कुमार श्रीवास्तव	
	जमानीकर्ताहरु : १) दिपु कुमार श्रीवास्तव, स्थायी ठेगाना : रौतहट जिल्ला, औरैया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५, बाबु : सुरेन्द्र प्रसाद श्रीवास्तव, बाजे : राम अवतार प्रसाद श्रीवास्तव, **२) सुरेन्द्र प्रसाद श्रीवास्तव**, स्थायी ठेगाना : रौतहट जिल्ला, औरैया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५, बाबु : राम अवतार प्रसाद श्रीवास्तव, बाजे : लक्ष्मी नारायण प्रसाद श्रीवास्तव, **३) निलम कुमारी देवी**, स्थायी ठेगाना : रौतहट जिल्ला, औरैया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ५, बाबु : जानकी प्र. श्रीवास्तव, ससुरा : राम अवतार प्रसाद श्रीवास्तव, पति : सुरेन्द्र प्र. श्रीवास्तव	

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/०५/२१

यस नगरपालिकाबाट संचालन हुने तपशिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सो को विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिने छ।

तपसिल :

S. N.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT and Contingencies) NRs.	Bid security Amount NRs.	Bid document fee (Non-refundable) NRs.
1	ManakamanaToleRoad/ W/NCB/20/2082-83	Construction of Manakamana Tole Road at Ward no 6.	2,499,971.18	62,500.00	3,000.00
2	ChapatariTemplePark/ W/NCB/21/2082-83	Construction of Chapatari Temple Park at Ward no 3.	3,999,488.80	1,00,000.00	3,000.00
3	HealthPostWard4/ W/NCB/22/2082-83	Construction of Danchhi Health Post Building Ward no.4	64,99,266.24	1,62,500.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ । साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	सुरक्षणको विवरण
शाखा कार्यालय: जितपुर सिमरा शाखा, बारा	
१. घरेलु तथा साना उद्योग कार्यालय, बारामा प्रा.फ.र.नं. २८०४/०७०/७१ दर्ता कायम भई मिति २०७०/०५/२७ मा दर्ता भएको **खुशी हार्डवेयर सप्लायर्स (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: देव दत्त खाँ थारु** **व्यक्तिगत जमानी दिने: रूपीया देवी थरुनी, खुशनन्दन चौधरी र सकुन्तला चौधरी** **यसअधि प्रकाशित सूचना** : मिति २०८१/१२/२५ को कारोबार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सचना । मिति २०८२/०२/२७ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२/०५/०५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	पाचु खाँ थारुको बुहारी राम बहादुर चौधरीको छोरी देव दत्त खाँ थारुको पत्नी बारा जिल्ला बछनपुर्वा गा.वि.स. वडा नं. ९ (हाल कोल्हवी न.पा. वडा नं. ७) बस्ने **रूपीया देवी थरुनीको** नाममा दर्ता कायम रहेको बारा जिल्ला बछनपुर्वा गा.वि.स. वडा नं. ८ (हाल कोल्हवी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १९७ को क्षेत्रफल १-३-१०-० (विघा) जग्गा समेत ।
२. भोला तिवारीको नाति विसनाथ तिवारीको छोरा सवनम दुवेको पति पर्सा जिल्ला हरिहरपुर नौतज गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित धोबीनी गा.पा. वडा नं. ३) बस्ने **अभय कुमार तिवारी-१ र** नथुनी तिवारीको नाति भोला तिवारीको छोरा उमापति देवीको पति ऐ.ऐ. बस्ने **विसनाथ तिवारी-१ समेत जना २ (संयुक्त ऋणी)** **व्यक्तिगत जमानी दिने: शवनम दुवे, नितेश कुमार तिवारी, उमापति देवी र अर्चना कुमारी** **यसअधि प्रकाशित सूचना**: मिति २०८०७।२० को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८१।०५।१९ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८१।०८।०३ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।०४।२६ को अन्तपूर्ण राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	भोला तिवारीकी बुहारी परमानन्द ओझाकी छोरी विसनाथ तिवारीकी पत्नी पर्सा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित धोबीनी गा.पा. वडा नं. ३) बस्ने **उमापती देवीको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा. वडा नं. १६ (हाल परिवर्तित वीरगञ्ज म.न.पा वडा नं. १३) सिट नं. ११३०३१११३ स्थित कित्ता नं. ३११ को क्षेत्रफल १७२.९१ वर्ग मिटर घर/जग्गा समेत ।
३. भोला तिवारीको नाति विसनाथ तिवारीको छोरा शवनम दुवेको पति पर्सा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित धोबीनी गा.पा. वडा नं. ३) बस्ने **अभय कुमार तिवारी** (ऋणी) **व्यक्तिगत जमानी दिने: शवनम दुवे, नितेश कुमार तिवारी, विसनाथ तिवारी, उमापति देवी र अर्चना कुमारी** **यसअधि प्रकाशित सूचना**: मिति २०८२।०२।२७ को नागरिक राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।०४।२६ को अन्नपूर्ण राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	
४. घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जमा लघु उद्यम दर्ता नं. १४५/०७४/०७५ कायम भई मिति २०७४/०५/१५ मा दर्ता भएको **माही शु सेन्टर (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: अभय कुमार तिवारी** **व्यक्तिगत जमानी दिने: शवनम दुवे, नितेश कुमार तिवारी, विसनाथ तिवारी, उमापति देवी र अर्चना कुमारी** **यसअधि प्रकाशित सूचना**: मिति २०८१।१२।०५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।०४।२६ को अन्नपूर्ण राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	
५. घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्ज, पर्सामा घ तथा सा.उ.का. १०४६१/०७५/०७६ कायम भई मिति २०७५/११/१४ मा दर्ता भएको **वसन्त आर्टस (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: बाबुनन्दन साह तेली** **व्यक्तिगत जमानी दिने: अटल बिहारी साह तेली, बलीराम साह, बसन्त साह तेली र रम्भा देवी** **यसअधि प्रकाशित सूचना**: मिति २०८१।१०।०४ को नेपाल समाचारपत्र दैनिकमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना । मिति २०८१/११/२७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८१/१२/२७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	बैजनाथ साह तेलीको बुहारी बाबुनन्दन सा तेलीको पत्नी पर्सा जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. १ (हाल परिवर्तित पोखरिया न.पा. वडा नं. ३) बस्ने **रम्भा देवीको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित पोखरिया न.पा. वडा नं. ३) स्थित कित्ता नं. ११६७ को क्षेत्रफल ०-१-१०-४, कित्ता नं. ६८४ को क्षेत्रफल ०-२-०-०, कित्ता नं १०८८ को क्षेत्रफल ०-५-१०-० वर्ग मिटर जग्गा ।
शाखा कार्यालय : दमक २, झापा	
१. कम्पनी रजिष्टारको कार्यालयमो दर्ता नं. २२५०२५।०७६।०७७ कायम भई मिति २०७६/०६/०२ मा दर्ता भएको **टिका डेगराज इन्भेष्टमेन्ट एण्ड हाउजिङ्ग प्रा.लि.(ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: हिमालय दाहाल र जानुका दाहाल**	हरिप्रसाद दाहालको बुहारी हिमालय दाहालको पत्नी झापा जिल्ला दमक नगरपालिका वडा नं. ५ बस्ने **जानुका दाहालको** नाममा दर्ता कायम रहेको: क) झापा जिल्ला दमक न.पा. वडा नं. १० सिट नं. १७९००१६०७ स्थित कित्ता नं. ९६ को क्षेत्रफल १०३.८२ र कित्ता नं. ८० को क्षेत्रफल १०८.४० वर्ग मिटर को जग्गा समेत। ख) झापा जिल्ला दमक न.पा. वडा नं. ५ स्थित कित्ता नं. ८९२१ को क्षेत्रफल ०-०-१६ (विघा) जग्गा समेत ।
२. लक्ष्मी प्रसाद दाहालको नाति हरिप्रसाद दाहालको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. ५ बस्ने **हिमालय दाहाल (ऋणी)** **व्यक्तिगत जमानी दिने: जानुका दाहाल** **यसअधि प्रकाशित सूचना**: मिति २०८१।१२।१३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना । मिति २०८२।०१।३० को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।०३।१७ को नागरिक राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	
शाखा कार्यालय: कीर्तिपुर शाखा, काठमाण्डौ	
१. कम्पनी रजिष्टारको कार्यालयमा दर्ता नं. २०५२९३/०७५/०७६ कायम भई मिति २०७५/०९/११ मा दर्ता भएको **डि. एण्ड ए. ट्रेडर्स प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: देव कुमारी महर्जन** **व्यक्तिगत जमानी दिने: विकास महर्जन र देविस महर्जन**	१. **ऋणी डि. एण्ड ए. ट्रेडर्स प्रा.लि.को** नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. १६ सिट नं. १०२१२२११० स्थित कित्ता नं. २८० को क्षेत्रफल १३.९० र कित्ता नं. २६६ को क्षेत्रफल ९३.३० वर्ग मिटर जग्गा समेत ।
२. हर्क बहादुर महर्जनको नाति गोविन्द महर्जनको छोरा काठमाण्डौ जिल्ला बालकुमारी गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित कीर्तिपुर न.पा. वडा नं. ९) बस्ने **विकास महर्जन (ऋणी)** **व्यक्तिगत जमानी दिने: देव कुमारी महर्जन र देविस महर्जन** **यसअधि प्रकाशित सूचना**: मिति २०८१/०१/२६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना । मिति २०८१।०६।३० को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८१।०९।१६ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	२. गोविन्द महर्जनको बुहारी विकास महर्जनको पत्नी देव बहादुर महर्जनको छोरी काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. २ बस्ने **देव कुमारी महर्जनको** नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. १६ सिट नं. १०२१२२११० स्थित कित्ता नं. १०१ को क्षेत्रफल ३९७.८० वर्ग मिटर जग्गा समेत ।
शाखा कार्यालय: बालाजु शाखा, काठमाण्डौ	
वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ११४८३४/०७०/७१ कायम भई मिति २०७०/०९/१६ मा दर्ता भएको **राधे कृष्ण हार्डवेयर एण्ड सेनेटरी (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: युद्ध विलास न्यौपाने** **व्यक्तिगत जमानी दिने: चेतना शर्मा** **यसअधि प्रकाशित सूचना**: मिति २०८१/१०/०२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८२/०१/०९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२/०७/२५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	देवी प्रसाद न्यौपानेको नाति शिवलाल न्यौपानेको छोरा चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ५ (हाल भरतपुर म.न.पा. वडा नं. ६) बस्ने **युद्ध विलास न्यौपानेको** नाममा दर्ता कायम रहको चितवन जिल्ला गितानगर गा.वि.स. वडा नं. ५ (हाल भरतपुर म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. १७४८ को क्षेत्रफल ०-३-०.२५-० र कित्ता नं. १७७५ को क्षेत्रफल ०-११-१२.७५-० (विघा) जग्गा समेत ।
शाखा कार्यालय: बाइपास रोड शाखा, पर्सा	
१. घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्रा.फ.र.नं. ७१९७/१४४/२०६७/२०६८ कायम भई मिति २०६७/१०/०३ मा दर्ता भएको **अनमोल स्वीटस (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: निप्पु सोनार** **व्यक्तिगत जमानी दिने: जुली सर्राफ**	१. **ऋणी निप्पु सोनारको** नाममा दर्ता रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १० सिट नं. १०८०४४२४ स्थित कि.नं. २८९६ र २९१८ को क्षेत्रफल कमशः ०-०-५-० र ०-०-२.२५-० (विघा) को घर/जग्गा समेत ।
२. शिव पुजन साह सोनारको नाति रामजी साह सोनारको छोरा पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा. वडा नं. ५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. ४) बस्ने **निप्पु सोनार (ऋणी)** **व्यक्तिगत जमानी दिने: जुली सर्राफ**	२. **ऋणी होटल सूर्यासं प्रा.लि. को** नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १० सिट नं. १०८०४४२४ स्थित कि.नं. २९१९ को क्षेत्रफल ०-०-७.२५-० (विघा) को घर/जग्गा समेत ।
३. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. ११६७५५।०७०।०७१ कायम भई मिति २०७०/०६/१८ मा दर्ता भएको **होटल सुर्यासं प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: निप्पु सोनार** **व्यक्तिगत जमानी दिने: जुली सर्राफ**	
४. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. १८४१९०/०७४/०७५ कायम भई मिति २०७४/११/०८ मा दर्ता भएको **अनमोल एग्रो एण्ड डेरी इण्डष्ट्रिज प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: निप्पु सोनार र जुली सर्राफ** **यसअधि प्रकाशित सूचना**: मिति २०८२/०४/२२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।	**ऋणी अनमोल एग्रो एण्ड डेरी इण्डष्ट्रिज प्रा.लि. को** नाममा दर्ता रहेको धितोको विवरण: क) मकवानपुर जिल्ला मकान्चुली गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ७८२, ७८३ र ४४० को क्षेत्रफल कमशः १८-०-२-२ (घर), ७-११-०-० र १२-१३-३-३ (रोपनी) को जग्गा समेत । ख) मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ११ स्थित कि.नं. ८९८९, ८९९० र ८९९१ को क्षेत्रफल ०-१-०-०, ०-१-०-० र ०-७-५-० (विघा) को जग्गा समेत ।

बोलपत्रका शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८२/१०/०६ कार्यालय समय सम्म	२०८२/१०/०९ उपरान्ह १२:०० बजे	यस बैंकको कुनै पनि शाखा कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

टी–२० महिला विश्वकप ग्लोबल छनोटमा तीन खेलाडीको पुनरागमन

आइसिसी टी-२० महिला विश्वकप ग्लोबल छनोटका लागि क्यानले आइतबार घोषणा गरेको राष्ट्रिय टोलीमा सीता रानामगर, काजल श्रेष्ठ र सोनु विष्टले बनाए स्थान

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटका लागि नेपाली राष्ट्रिय टोलीको घोषणा गरेको छ। इन्दु बर्माको कप्तानीमा १५ सदस्यीय टोली घोषणा हुँदा तीनजना खेलाडीले पुनरागमन गरेका छन्। सीता रानामगर, काजल श्रेष्ठ र सोनु विष्टले स्थान सुरक्षित गरेका हुन्। यसअघि प्रारम्भिक चरणमा रहेका रुबी पोदार, सना प्रवीण, ईश्वरी विष्ट, सोनी पाख्रिन र लक्ष्मी साउदले अन्तिम टोलीमा स्थान बनाउन सकेनन्।

टोलीमा स्थान बनाएकी सीताले नेपालबाट ६३ टी-२० आई खेलेकी छिन्। उनले ५९ इनिङ्समा ९६५ रन बटुलेकी छिन्। बलिङका क्रममा उनले ५७ विकेट हात पारेकी छिन्। नेपाली महिला क्रिकेट टोलीकै पहिलो पुस्ताकी खेलाडी सीताले अन्तिमपटक गत वर्षको ७ अक्टोबरमा मलेसियाविरुद्ध प्रतिस्पर्धा गरेकी थिइन्। विकेटकिपर ब्याट्समान काजलले सन् २०२४ को २३ जुलाईपछि राष्ट्रिय टोलीमा स्थान बनाएकी हुन्। उनले अन्तिमपटक भारतविरुद्ध प्रतिस्पर्धा गरेकी थिइन्।

अलराउन्डर सोनुले सात टी-२० आई खेलेकी छिन्। उनले अन्तिमपटक गत वर्षको अक्टोबरमा मलेसियाविरुद्ध खेलेकी थिइन्। बलिङमा उनले सात इनिङ्समा चार विकेट हात पारेकी छिन्। सीता र सोनु डेढ वर्षपछि टोलीमा फर्कन लागेका हुन्। क्यानले दोस्रो चरणको प्रशिक्षणमा रहेका २० खेलाडीबाट अन्तिम टोली छानेको हो। उमेर समूहदेखि उत्कृष्ट प्रदर्शन गर्दै आइरहेकी पूजा महतोले उपकप्तानीको जिम्मेवारी पाएकी छिन्। नियमित खेलाडी पूर्वकप्तान रुविना क्षेत्री, विन्दु रावल, सम्झना खड्का तथा कविता जोशीले पनि ग्लोबल छनोटमा स्थान पक्का गरेका छन्। कविता कुँवर, रचना चौधरी, रिया शर्मा, रोमा थापा, राजमती ऐरी र मनीषा उपाध्यायसहितको टोली घोषणा गरिएको हो।

ग्लोबल छनोटमा नेपाल समूह 'बी'मा रहेको छ। नेपालले समूह चरणमा नेदरल्यान्ड्स, स्कटल्यान्ड, थाइल्यान्ड र जिम्बाबेविरुद्ध खेल्नेछ। अघिल्लो संस्करणमा थाइल्यान्डले विश्वकप खेलेको थियो। थाइल्यान्डले हर्षल पाठकको मुख्य प्रशिक्षणमा विश्वकप खेलेको थियो। अहिले नेपाली राष्ट्रिय महिला टोलीलाई उनै पाठकले प्रशिक्षण दिइरहेका छन्। पाठकले जिम्मेवारी सम्हालेपछि टोलीले नियमित प्रशिक्षण गरिरहेको क्यानले जनाएको छ।

ग्लोबल छनोटमा १० राष्ट्र सहभागी

ग्लोबल छनोटमा नेपालसहित १० राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। छनोटमा ३२ खेल हुने आयोजक क्यानका प्रवक्ता छुम्बी लामाले बताएका छन्। शीर्ष चार राष्ट्रले आगामी जुनमा इंग्ल्यान्डले आयोजना गर्ने महिला टी-२० विश्वकप खेल्नेछन्।


आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटका लागि प्रशिक्षण गर्दै महिला खेलाडी।

नेपाल पहिलोपटक ग्लोबल छनोटमा पुगेको हो। समूह चरणको खेलपछि शीर्ष तीन-तीन राष्ट्र सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्सको खेलपछि शीर्ष चारमा रहने टोलीले विश्वकपको टिकट पक्का गर्नेछन्। नेपालले पहिलोपटक विश्वकप ग्लोबल छनोट आयोजना गर्ने अवसर पाएको हो। आयोजक क्यानले कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट र मूलपानीको क्रिकेट मैदानमा प्रतियोगिता आयोजना गर्नेछ। प्रतियोगिता आगामी २८ पुस देखि १८ माघसम्म चल्नेछ।

छनोट हुँदा नेपाललाई टेस्ट राष्ट्रसँग खेल्ने अवसर

ग्लोबल छनोटमा शीर्ष चारमा स्थान बनाउँदा नेपालले पहिलोपटक विश्वकप खेल्न अवसर पाउनेछ। यससँगै टेस्ट मान्यताप्राप्त राष्ट्रविरुद्ध खेल्न मौका नेपालसमक्ष छ। इंल्यान्डमा आगामी १२ जुनदेखि ५ जुलाईसम्म हुने आइसिसी महिला टी-२० विश्वकपको समूह विभाजन भइसकेको छ। समूह 'ए'मा अस्ट्रेलिया, भारत, पाकिस्तान र दक्षिण अफ्रिका छन्। समूह 'बी'मा इंल्यान्ड, न्युजिल्यान्ड, श्रीलंका र वेस्ट इन्डिज रहेका छन्। यी दुवै समूहमा ग्लोबल छनोटबाट आउने समान दुई राष्ट्रले स्थान बनाउनेछन। यस अर्थमा ग्लोबल छनोटमा शीर्ष चार स्थान मात्र रक्षा गर्दा नेपालले महिला क्रिकेटकै शक्तिशाली राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्नेछ। आइसिसीले ग्लोबल छनोटपछि मात्र वरीयताअनुसार चार राष्ट्रलाई समूहमा समावेश गर्नेछ।

नेपालको समूहमा अनुभवी राष्ट्र

नेपालले आफ्नो समूहमा अनुभवी राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्नेछ। ग्लोबल छनोटमा सहभागीमध्ये थाइल्यान्ड मात्र विश्वकप खेलेको राष्ट्र हो। नेदरल्यान्ड्सले चौथोपटक ग्लोबल छनोट खेल्न लागेको हो। स्कटल्यान्ड र जिम्बाबेले यसअघि तीनपटक छनोट चरण खेलेका थिए। आइसिसीको महिला टी-२० वरीयतामा जिम्बाबे अगाडि छ। जिम्बाबे १२, नेदरल्यान्ड्स १३औँ, स्कटल्यान्ड १४औँ र नेपाल १७औँ स्थानमा छ। थाइल्यान्ड ५८औँ स्थानमा रहेको आइसिसीको पछिल्लो वरीयतामा उल्लेख छ। नेपालले ग्लोबल छनोटअघि आयरल्यान्ड र अमेरिकासँग अभ्यास खेल खेल्नेछ।

एसियन छनोटको उपविजेता नेपाल

गत मेमा थाइल्यान्डले नौ राष्ट्रबिचको एसियन क्षेत्रीय टी-२० विश्वकप छनोट आयोजना गरेको थियो। आइसिसीले छनोटका शीर्ष दुई टोली ग्लोबल छनोटमा प्रवेश हुने प्रावधान बनाएको थियो। थाइल्यान्ड, कुवेत, भुटान, युएई, मलेसिया, कतार, नेपाल, हङकङ र बहराइन सहभागी थिए। नेपालले समूह 'सी'मा चार खेलमा दुई जित र एक हारको सामना गरी ५ अंक बटुलेको थियो।

यस समूहमा हङकङले पनि ५ अंक बनाएको थियो। रनरेटमा हङकङलाई पछि पार्दै नेपालले सुपर सिक्समा स्थान बनायो। सुपर सिक्समा थाइल्यान्डले ६ खेलमा चार जित निकाली सर्वाधिक १० अंक र नेपालले तीन जित र दुई हार सामना गरी ७ अंक जोडेको थियो। नेपाल उपविजेता रहँदै पहिलोपटक ग्लोबल छनोटमा पुगेको थियो।

माया ग्रुपले बनायो नौ क्रिकेटरलाई ब्रान्ड एम्बासडर

माया ग्रुपले एकैपटक नौ क्रिकेटरलाई ब्रान्ड एम्बासडर बनाएको छ। नेपाली क्रिकेटलाई व्यावसायिक बनाउने क्रममा आइतबार नेपाली राष्ट्रिय टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरी, भीम सार्की, गुल्सन झा, नन्दन यादव र अर्जुन साउदलाई ब्रान्ड एम्बासडर बनाएको हो। यसैगरी, रिजन ढकाल, प्रसिद्ध जैसी, सुशील रावल र नेपाली यू-१९ महिला क्रिकेट टोलीकी उपकप्तान सोनी पाख्रिन पनि माया ग्रुपको ब्रान्ड एम्बासडर बनेका छन्। नौजना खेलाडीसँग माया ग्रुपले प्रायोजनसम्बन्धी सम्झौता गरेको छ। माया ग्रुप सन् २०१८ मा स्थापना भएको हो।

गत वर्षको मे र जुनमा नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले गरेको इंग्ल्यान्ड र स्कटल्यान्ड भ्रमण गर्दा माया ग्रुपले नै व्यवस्थापनको जिम्मा लिएको थियो। सम्झौताले क्रिकेट खेलाडीको प्रतिभालाई अझ परिष्कृत गराउन सहयोग गर्ने मायाले विश्वास लिएको छ।

क्लबहरूकै आग्रहमा पाँच दिन धकेलियो राष्ट्रिय लिग


सहभागी क्लबका प्रतिनिधि आइतबार खेल तालिका निकाल्दै।

३० पुसदेखि सुरु हुने लिगमा 'ए' डिभिजनका १३ तथा एन्फा प्रेसिडेन्ट कपका शीर्ष चार क्लबले प्रतिस्पर्धा गर्नेछन्

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एन्फा कम्प्लेक्समा राष्ट्रिय लिग, २०८२ को खेलतालिका आइतबार सार्वजनिक गरेको छ। आयोजक एन्फाले पूर्वघोषित मितिभन्दा पाँच दिनपछि राष्ट्रिय लिग आयोजना गर्न लागेको हो। प्रतियोगिता ३० पुसदेखि सुरु हुनेछ। यसअघि २५ पुसदेखि हुने तालिका थियो। सहभागी क्लबहरूले तयारी अपुग भएको जनाएपछि एन्फाले लिग पाँच दिन सारेको हो। लिगमा 'ए' डिभिजन क्लब हिमालयन शेर्पाले भाग लिएको छैन।

हिमालयनबाहेक सहिद स्मारक 'ए' डिभिजन लिगका १३ तथा हेटौँडामा सम्पन्न एन्फा प्रेसिडेन्ट कपका शीर्ष चार क्लबले उपाधिका लागि प्रतिस्पर्धा गर्ने एन्फाका सिइओ इन्द्रमान तुलाधरले बताए। एन्फा प्रेसिडेन्ट कपका शीर्ष चार क्लब काँक्रेबिहार, लालीगुराँस, चित्लाङ र नव जनजागृति हुन्। ०७९ पछि 'ए' डिभिजन लिग आयोजना नभएपछि राष्ट्रिय तथा पूर्वखेलाडीको चर्को दबाबपछि एन्फाले राष्ट्रिय लिग आयोजना गर्न लागेको हो।

पंकजविक्रम नेम्वाङ नेतृत्व एन्फाले 'ए' डिभिजन लिग आयोजना गर्न सकेको छैन। नेम्वाङको चारवर्षे कार्यकाल आगामी ४ असारमा सकिँदै छ। उनले एकपटक पनि लिगको साइकल पूरा गर्न सकेनन्। खेलाडी संघ र एन्फाबिचको सहमति हुँदा 'ए' डिभिजन लिगका शीर्ष ६ र प्रेसिडेन्ट लिगका चार टोली गरी कुल १० टोली सहभागी हुने भनिएको थियो। तर, एन्फाको यो निर्णयसँगै पुनः विवाद भएको थियो।

१० क्लबबिच राष्ट्रिय लिग हुँदा ०७९ मा भएको 'ए' डिभिजन लिगका शीर्ष ६ पछिका क्लब अन्यायमा पर्ने देखिएको थियो। उनीहरूले राष्ट्रिय लिगमा सहभागी हुन पाउनुपर्ने भन्दै एन्फालाई दबाब दिएका थिए। लिगलाई प्रतिस्पर्धात्मक बनाउन एन्फाले पुनः सहभागी हुन चाहने क्लबलाई खुला गऱ्यो। त्यसपछि राष्ट्रिय लिगमा सहभागी हुने क्लबहरूको संख्या बढेको हो।

काँक्रेबिहार र फ्रेन्ड्सबिच उद्घाटन खेल

लिगमा सहभागी क्लबका पदाधिकारीको उपस्थितिमा आइतबार एन्फाको केन्द्रीय कार्यालयमा खेलतालिका सार्वजनिक गरिएको हो। जसअनुसार ३० पुसको उद्घाटन खेलमा काँक्रेबिहारले फ्रेन्ड्स क्लबको सामना गर्नेछ। यो खेल एन्फा कम्प्लेक्समा हुनेछ। पहिलो दिन यसै वर्ष शीर्ष डिभिजन उक्लेको श्री भगवतीले 'ए' डिभिजन लिगको साबिक विजेता चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ। लिगका खेल तीनवटा मैदानमा हुनेछन्। सातदोबाटोको एन्फा कम्प्लेक्स, च्यासल रंगशाला र दशरथ रंगशालामा लिग हुने एन्फाले जनाएको छ। नेपाली राष्ट्रिय टोलीको खेलका दिन तथा विभिन्न समयमा लिगलाई विश्राम दिएको छ। राष्ट्रिय निर्वाचनका दौरान १६ देखि २३ फागुनसम्म लिग हुनेछैन। १६ र १७ माघमा नेपाल र चीनको टोलीबिच मैत्रीपूर्ण खेल हुने दिनमा पनि लिग नहुने आयोजकले जनाएको छ। एन्फाले आवश्यकताअनुसार खेलतालिका फेरबदल गर्न सक्ने जनाएको छ।

लिगमा सहभागी क्लब

चर्च ब्वाइज युनाइटेड, नेपाल एपिएफ, काँक्रेबिहार, श्री भगवती, सातदोबाटो युथ, लालीगुराँस एसोसिएसन, मच्छिन्द्र एफसी, चित्लाङ, त्रिभुवन आर्मी, प्लानिङ ब्वाइज युनाइटेड, नेपाल पुलिस, मनाङ मर्स्याङ्दी, नव जनजागृति, न्युरोड टिम, जावलाखेल युथ, संकटा, फ्रेन्ड्स।

त्रिवेणी कपबाट बाहिरियो चर्च ब्वाइज

कास्कीमा रोहितराज पराजुली

सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड क्लब ३३औँ त्रिवेणी कप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ। लमजुङको बेँसीसहरस्थित त्रिवेणी रंगशालामा आइतबार भएको सेमिफाइनलमा चर्च ब्वाइज लाङ्दीदेवी युवा क्लबबाट २-० ले स्तब्ध हुँदै प्रतियोगिताबाट बाहिरिएको हो। लाङ्दीदेवीले अब उपाधिक लागि साबिक विजेता नेपाल एपिएफ क्लबविरुद्ध प्रतिस्पर्धा गर्नेछ। पहिलो सेमिफाइनलमा एपिएफले लमजुङको मर्स्याङ्दी युवा क्लबलाई टाइब्रेकरमा ४-३ ले हराएको थियो।



लाङ्दीका लागि ३६औँ मिनेटमा रोहन कार्कीले १-० को अग्रता दिलाए। चर्च ब्वाइजले दोस्रो हाफमा बराबरीका लागि प्रयास गरेको थियो। खेलको अन्तिमा इन्जुरी समयको दोस्रो मिनेटमा लाङ्दीका आशिष गुरुङले गोल गर्दै टोलीलाई फाइनल स्थान पक्का पारे। डिबक्सभित्र फल गरेपछि आशिषले पेनाल्टीमा गोल गरेका थिए। लाङ्दीका प्रशिक्षक राजकुमार गुरुङले चर्च ब्वाइजविरुद्ध रक्षापंक्ति बलियो बनाउँदा जित भएको बताए। १२ पुसदेखि चलिरहेको प्रतियोगितामा १६ टोली सहभागी छन्। प्रतियोगिताको विजेताले १२ लाख र उपविजेताले ६ लाख रुपैयाँ पाउनेछन्।

विश्वकपका खेल भारतबाट श्रीलंकामा सार्न बंगलादेशको माग

एजेन्सी

भारतसँगको राजनीतिक सम्बन्ध बिग्रन थालेपछि बंगलादेशले आसन्न आइसिसी पुरुष टी-२० विश्वकपका आफ्ना खेल श्रीलंकामा सार्न अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)सँग माग राखेको छ। अर्को महिना भारत र श्रीलंकाले संयुक्त रूपमा टी-२० विश्वकप गर्दै छन्। टी-२० विश्वकपमा बंगलादेशका खेलहरू कोलकाता र मुम्बईमा छन्। इन्डियन प्रिमियर लिग (आइपिएल)को टोली कोलकाता नाइट राइडर्सबाट बंगलादेशी फास्ट बलर मुस्ताफिजुर रहमानलाई निकालिएपछि दुई राष्ट्रबिच विवाद उत्पन्न भएको हो। बंगलादेशले विश्वकपमा आफ्ना सुरुवाती तीन खेल कोलकातामा खेल्नेछ। पछिल्लो घटनाक्रमपछि भारतमा आफ्ना



खेलाडी सुरक्षित नहुने भन्दै बंगलादेशले आइसिसीलाई पत्र लेख्दै आफ्ना सबै खेल श्रीलंकामा राख्न माग राखेको एजेन्सीले जनाएको छ। बंगलादेश क्रिकेट बोर्डको शनिबार बसेको आकस्मिक बोर्ड बैठकले कुनै पनि हालतमा आफ्नाहरू भारतमा प्रतिस्पर्धा नगर्ने निर्णय गरेको थियो।

मिडिया कमिटीका अध्यक्ष अमजद हुसेनले भारतमा बंगलादेश टोलीको सुरक्षालाई लिएर गम्भीर आशंका व्यक्त गरेका छन्। 'एक बंगलादेशी खेलाडीले सम्झौता भएर पनि खेल्न पाउँदैनन् भने हाम्रो पूरा टोली कसरी सुरक्षित छ,' उनले भने, 'त्यसैले आइसिसीसमक्ष बंगलादेशका खेलहरू श्रीलंकामा सार्न बोर्डले माग गरेको छ।'

कोलकाताले आइपिएलको अक्सनमा मुस्ताफिजुरलाई ९.२ करोड भारुमा किनेको थियो। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)को निर्देशनमा मुस्ताफिजुरलाई कोलकाताले टोलीबाट निकालेको हो। पछिल्लो घटनाक्रमअनुसार नेपाल र बंगलादेशबिचको खेल पनि मुम्बईको वानखडे रंगशालामा नहुन सक्छ।

बंगलादेशको समूहमा नेपाल पनि छ। नेपाल र बंगलादेशबिचको खेल ५ फागुनमा छ। बंगलादेशको मागअनुसार यो खेल अब श्रीलंका सर्न सक्नेछ।

खेल संक्षेप

रञ्जन र रविनलाई उपाधि

काठमाडौं/ रञ्जन कँडेल र रविन चेपाङले पहिलो संस्करणको कायक च्याम्पियनसिप उपाधि जितेका छन्। त्रिशूली नदीको फिस्लिङमा भएको च्याम्पियनसिपमा रञ्जनले बोर्डर क्रस र रविनले फ्रिस्टायल विधामा पहिलो स्थान हात पारेका हुन्।



रञ्जन केही समयअघि चीनको नुजियाङमा भएको एसियाली वाइल्डवाटर क्यानोइङ च्याम्पियनसिपका कांस्य पदक विजेता खेलाडी पनि हुन्। हिमालय रिभर गाइड संघको आयोजनामा भएको च्याम्पियनसिपको ओभरअल च्याम्पियन भने मोहन राना भए। च्याम्पियनसिपमा स्वर्ण विजेतालाई १५ हजार, रजतलाई १० हजार र कांस्य विजेतालाई पाँच हजार रुपैयाँ प्रदान गरिएको छ। विजेतालाई नेपाल च्याफ्टिङ एन्ड क्यानोइङ संघका अध्यक्ष एवं नेपाल ओलम्पिक कमिटीका महासचिव राजीव श्रेष्ठले पुरस्कार वितरण गरेका थिए।

आइएसएफ स्पोर्टस् कोर्स माघमा

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल विद्यालय खेलकुद महासंघ (एनएसएसएफ)को संयुक्त आयोजनामा आइएसएफ स्पोर्टस् टिचर्स ट्रेनिङ कोर्स १० देखि १२ माघसम्म हुने भएको छ। विद्यालय तहमा कार्यरत खेलकुद शिक्षक तथा प्रशिक्षकको व्यवसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्यले कोर्स आयोजना गर्न लागेको आयोजक राखेप र एनएसएसएफले जनाएका छन्। प्रशिक्षणमा २५ जना सहभागी रहनेछन्। तालिमका प्रशिक्षकहरू विभिन्न विश्वविद्यालयका प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, वरिष्ठ प्रशिक्षक तथा खेलकुद क्षेत्रका विज्ञ रहनेछन्।

मानुङकोट अल्ट्रा म्याराथन हुने

काठमाडौं/ तनहुँको व्यास नगरपालिकाले १६ माघमा अल्ट्रा म्याराथन प्रतियोगिता आयोजना गर्ने भएको छ। व्यास नगरपालिका- ५, मानुङकोट र व्यास नगरपालिका- ८, पुलिमराङलाई खेल पर्यटनमार्फत जोड्ने उद्देश्यसहित म्याराथन आयोजना गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए। मगर समुदायको बसोबास रहेको मानुङकोट र गुरुङ समुदायको बसोबास रहेको सहिदभूमि पुलिमराङ जोड्ने ४४ किलोमिटर अल्ट्रा म्याराथनले नगरपालिकाका ६ वडालाई समेट्नेछ। म्याराथनले दुई पर्यटकीय गाउँको विकासमा सहयोग पुगेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए।

तेक्वान्दोमा नेपाललाई चार स्वर्णसहित २६ पदक

काठमाडौं/ चीनको नान्जिङमा भएको एसियाली तेक्वान्दो आमन्त्रण प्रतियोगिता तथा दसौँ मान सान तेक्वान्दो खुला च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्ण, सात रजत र १५ कांस्य गरी २६ पदक जितेका छन्। गेरोगी, पुम्से र स्पिड किकमा नेपाली खेलाडीले पदक जितेका हुन्। जोलिना बस्नेत, हृदयानी बस्नेत, कैरवप्रसाद लोहनी र गीता विष्टले स्वर्ण जिते। आश्रय उपाध्याय, सक्षम श्रेष्ठ, आयाम पौडेल, मेघानी घतानी, जिग्मे तेन्जिङ शेर्पा, दीपक दुलाल र रञ्जिता भुसालले रजत हात पारे। एभिनजंग केसी, आरभी ज्ञवाली, यत्ना तिम्सिना, इनाया महर्जन, माइरा कार्की, श्रेयान कार्की, युजेन तामाङ, सोहन पाठक, एन्जल राई, जोसेफ गुरुङ, योन्डेन तामाङ, युब्साङ तामाङ, रिन्जेन आक्याङमी थामी, रियान्स बस्नेत र जाम्याङ तेन्जिङ शेर्पाले कांस्य जिते। प्रतियोगितामा लिटिल बड स्कुल, गोंगबु तेक्वान्दो डोजाङ र डाफोडिल पब्लिक स्कुलका खेलाडीले प्रतिस्पर्धा गरेका थिए। सरोज तामाङ र विकेश बिडारीले टोली प्रशिक्षकको जिम्मेवारी सम्हालेका थिए।

स्पोर्टस् अवार्डमा क्रिकेटको दबदबा

पुरुष क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले सर्वाधिक चारपटक वर्ष खेलाडी अवार्ड जितेका छन्

नयाँ पत्रिका

एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०५३ बाट सुरु भएको हो। यस अवार्डको दायरा अहिले निकै फराकिलो भइसकेको छ। नेपाली खेलकुदमा यो अवार्ड सबैभन्दा बृहत् र प्रतिष्ठित बनेको छ। आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले पहिलोपटक पोखरामा अवार्ड आयोजना गर्दै छ। अवार्ड मोसफलमा आयोजना हुन लागेको पहिलोपटक हो। एक अर्थमा पयर्टकीय र खेलकुद हब मानिने पोखराले अवार्डलाई भव्य बनाउन कसरत गरेको छ।



यो अवार्डमा त्यही खेल र खेलाडीको वर्चस्व रहने हो। समग्रमा क्रिकेटले ६ र फुटबलले पाँचपटक अवार्ड जितेका छन्। जसले त्यस वर्ष राम्रो गरेको हुने गर्छ। यस्तोमा उत्कृष्ट पुरुष खेलाडीको अवार्ड जित्नेको सूचीमा क्रिकेट अगाडि आउँछ। तथ्यांकअनुसार २१ संस्करणमध्ये वर्ष २०७७ विशेष रह्यो। त्यतिबेला दशकको उत्कृष्ट अवार्ड दिइएको थियो। त्यसलाई छाडेर प्रत्येक संस्करणमा नछुटेका दुई अवार्डमध्ये एक उत्कृष्ट पुरुष खेलाडी पनि रहेको छ। तथ्यांकलाई आधार मान्दा अवार्ड जित्ने १५ खेलाडी छन्। त्यसमध्ये क्रिकेटका पारस खड्का एक्लैले चारपटक अवार्ड जितेका छन्। अवार्डमा क्रिकेटले दबदबा देखिन्छ। पारस मात्र नभएर विभिन्न संस्करणमा क्रिकेटका कुनै न कुनै खेलाडीले अवार्ड जितेका छन्। पारसले पहिलोपटक २०६६ मा अवार्ड जितेका थिए। त्यसपछि उनले लगातार ०६९ र ०७० मा अवार्ड हात पारे। उनले ०७४ मा अन्तिमपटक यो अवार्ड जिते। आयोजक मञ्चले उनलाई ०७७ मा दशककै उत्कृष्ट खेलाडीको अवार्ड प्रदान गरेको थियो। पारस पछिल्ला केही वर्ष नेपाली खेलकुदमा कति हाबी रहे, त्यो पनि प्रस्ट हुन्छ। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस अहिले क्यानका सचिव हुन्।



भण्डारी र विष्ट समान दुईपटक उत्कृष्ट

पारसपछि अवार्ड धेरैपटक जित्ने दुई खेलाडी छन्। एथलेटिक्सका राजेन्द्र भण्डारी र तेक्वान्दोका दीपक विष्टले दुईपटक वर्षको उत्कृष्ट पुरुष खेलाडीको अवार्ड जिते। दीपक नेपाली खेलकुद इतिहासकै सबैभन्दा सफल खेलाडी हुन्।

उनले पहिलोपटक अवार्ड जित्ने क्रममा फुटबलका देवनारायण चौधरी, जुमानु राई, नवयुग श्रेष्ठ, किरण लिम्बू र अञ्जन विष्टलाई पछि पारे। क्रिकेटबाटै यो अवार्ड जित्ने अर्का खेलाडी विनोद दास हुन्। गत वर्ष क्रिकेटका कप्तान रोहित पौडेल उत्कृष्ट पुरुष खेलाडी बने। राजेन्द्रपछि एथलेटिक्सबाट धेरै समयपछि दीपक अधिकारी यो विधाको विजेता रहे। त्यसबाहेक बक्सिङका दीपक महर्जन, गल्फका शिवराम श्रेष्ठ, प्याराग्लाइडिङका युकेश श्रेष्ठ र कराँतेका मन्डेकाजी श्रेष्ठले समान एकपटक वर्षको उत्कृष्ट खेलाडी अवार्ड हात पारे।

पाँच खेलाडीको दाबी

वर्षको उत्कृष्ट खेलाडी हुने दौडमा पाँच खेलाडीले दाबेदारी दिनेछन्। क्रिकेटका कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरी, टेबुलटेनिसका स्यान्टु श्रेष्ठ, खोखोका जनक चन्द र उसुका विजय सिँजालीले वर्षको उत्कृष्ट खेलाडीमा दाबी गरेका छन्। एथलेटिक्सले तीन र तेक्वान्दोले समान दुई अवसरमा वर्ष उत्कृष्ट अवार्ड आफ्नो नाममा लेखाए। बक्सिङ, गल्फ, प्याराग्लाइडिङ र कराँतेले एक-एकपटक अवार्ड हात पारेका छन्। खेलाडी युकेश गुरुङ पोखराकै विशेष खेलको पहिचान बोकेको प्याराग्लाइडिङ खेलबाट उत्कृष्ट खेलाडी बनेका हुन्। उनको टोलीले इन्डोनेसियामा भएको १८औँ एसियाली खेलकुदमा रजत पदक जितेको थियो।